सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० चैत २०८२, शुक्रबार (3 Apr 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ओली र लेखकको बयान अघि बढ्यो





जिल्ला सरकारी वकिल कार्यालय र प्रहरीले बुधबार लेखकको तथा बिहीबार ओलीको बयान लिएका छन्

बयानसमेतका कार्य बाँकी रहेको भन्दै दुई दिनको म्याद थप

(विस्तृत पृष्ठ २)

■ फेक रेस्क्यु प्रकरण

१० जनाविरुद्ध एक लाखदेखि ३० लाखसम्म धरौटी माग, २२ विरुद्ध पत्राउ पुर्जी

(विस्तृत पृष्ठ ३)

वातावरणीय प्रभाव मूल्यांकनमा विश्वविद्यालयको भूमिका



अग्रलेख

● चन्द्रमणि अर्याल

नेपालका विश्वविद्यालयले वातावरणीय अध्ययन प्रतिवेदनका सन्दर्भमा आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सकेका छैनन्

(पृष्ठ ४)

साउदी अरब र युएई किन चाहन्छन् इरान युद्धको निरन्तरता ?

(पृष्ठ ५)

मूल्यवृद्धिमा देखिन थाल्यो मध्यपूर्व युद्धको असर

फागुनमा मूल्यवृद्धि दर एक वर्षयताकै उच्च, यसको प्रभाव देखिन दुई-तीन महिना लाग्ने

नरबहादुर थापा
पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



युद्धको असर जनस्तरमा देखिइसके, अर्थतन्त्रका सूचकमा देखिन बाँकी

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ नवनिर्वाचित संसद्को पहिलो बैठक

जेन–जी विद्रोहका माग सम्बोधन गर्दै सुशासनको बाटो हिँड्ने प्रतिबद्धता



संसद्को पहिलो बैठकमा सांसदहरू। तस्बिर : **अमुल थापा**

कमलराज भट्ट/नयाँ पत्रिका

सत्तारुढ रास्वपा र प्रमुख प्रतिपक्षी कांग्रेसले २३ र २४ भदौको जेन-जी आन्दोलनको जगमा टेकेर सुशासनको बाटो हिँड्ने प्रतिबद्धता जनाएका छन्। नयाँ जनादेशपछि आएको नयाँ संसद्को पहिलो बैठकमा बिहीबार दुवै प्रमुख दल जेन-जी आन्दोलनको जगमा टेकेर देशलाई सुशासनतर्फ अगाडि बढाउन र आन्दोलनमा भएका घटनाको निष्पक्ष छानबिन गर्न एकमत देखिएका हुन्। नेकपा, श्रम संस्कृति र राप्रपाले पनि रचनात्मक प्रतिपक्षको भूमिकामा रहने जनाएका छन्।

सभामुखका लागि आज उम्मेदवारी दर्ता, पर्सि निर्वाचन

सत्तारुढ रास्वपा सभापति रवि लामिछानेले नेपाली जनताले ऐतिहासिक रेकर्डका साथ दिएको करिब दुईतिहाइको मतादेशको गुन जिम्मेवारी पूरा गरेर तिर्ने प्रतिबद्धता जनाए। 'हामीले पाएको मत समर्थनको मात्र होइन, परिवर्तनको मत हो। हामीलाई जनताले दिएको म्यान्डेट सिंहदरबार चलाउन होइन, सिंहदरबार बदल्न हो। म गर्वका साथ भन्न सक्छु, हामीले बदल्न सुरु गरिसकेका छौं,' उनले भने।

लामिछानेले अब आफूहरू बोल्नेभन्दा काम बोल्ने दाबी गरे। 'अब हामीले बोलेर मात्र पुग्दैन। मैले मात्र होइन, हरेक माननीयले कामबाटै आफूलाई, पार्टीलाई र सरकारलाई प्रमाणित गर्नुपर्छ। अब हामी राम्ररी बोल्नुभन्दा पनि हाम्रा कामहरू र

» पृष्ठ २ मा क्रमशः

■ रास्वपा सभापति रवि लामिछानेले भने-

हामीलाई जनताले दिएको म्यान्डेट सिंहदरबार चलाउन होइन, सिंहदरबार बदल्न हो। म गर्वका साथ भन्न सक्छु- हामीले बदल्न सुरु गरिसकेका छौं।



हिजो आफ्नालाई बचाउन र विपक्षीलाई फसाउन कानुनमै संशोधन गरिएको छ र अध्यादेशसमेत ल्याइएको छ। त्यस्ता गलत क्रियाकलाप यथाशीघ्र सच्याइने कुरा म यो सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु। प्रतिपक्षमाथि अहंकार र प्रतिशोधको त्यो अध्याय अब दोहोरिनेछैन। आस्थाका आधारमा फरक व्यवहार हुनेछैन। अब अन्यायपूर्वक विधि नै मिचेर सुन्न मन लागेका कुरा नसुनुन् भनेर कसैको माइक काटिनेछैन। संसदीय समितिमा संख्याकै बलमा प्रतिशोध र अत्याचार हुनेछैन।

सुशासनको वेग रोकिनेछैन। न्याय पाउने पहिलो हक सहिदकी आमाको हो, त्यसलाई प्रतिशोध भन्न पाइनेछैन। यो सरकार जेन-जी विद्रोहको पनि सन्तान हो।

हामीले पाएको मत समर्थनको मात्र होइन, परिवर्तनको मत हो। हामीलाई जनताले दिएको म्यान्डेट सिंहदरबार चलाउन होइन, सिंहदरबार बदल्न हो। म गर्वका साथ भन्न सक्छु- हामीले बदल्न सुरु गरिसकेका छौं। अब नीतिहरू बजारमा बेचिनेछैनन्, निर्णयहरू कसैको दबाबमा बन्नेछैनन्। व्यावसायिक क्षेत्रमा तपाईंहरूले अनुभव गरेको असुरक्षा, अनिश्चितता र दबाब सधैंका लागि समाप्त हुनेछ। बिचौलिया र माफियागिरी अब रहनेछैनन्। समान अवसर, पारदर्शिता, निष्पक्षता र व्यावसायिक स्वतन्त्रताको जिम्मा हामी लिन्छौं, सरकारले लिन्छ।

■ **प्रमुख प्रतिपक्षी कांग्रेसका नेता भीष्मराज आङ्दम्बेले भने-**



हरेक कालखण्डमा कि त हरेक परिवर्तनको नेतृत्व कांग्रेसले गर्दै आयो, कि त अरूले उठाएको जायज मुद्दालाई निष्कर्षमा कांग्रेसले नै पुऱ्यायो। त्यस हिसाबले कांग्रेस जेन-जी विद्रोहले उठाएका मुद्दालाई पनि निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध छ। एक जिम्मेवार प्रतिपक्षी दलका रूपमा यो परिवर्तनलाई साथ दिन, सघाउन र खबरदारी गर्न कांग्रेस प्रतिबद्ध छ।

सेना र कर्मचारीमाथि सार्वभौम संसद्बाटै एमालेको गम्भीर लाञ्छना

दलका नेता बादलको अभिव्यक्तिप्रति पार्टी पदाधिकारी तहबाटै आपत्ति

उपाध्यक्ष विष्णु पौडेल, उपमहासचिव योगेश भट्टराईलगायतले बादलको अभिव्यक्तिको सार्वजनिक रूपमै खण्डन मात्रै गरेका छैनन्, गम्भीर आपत्ति जनाउँदै शुक्रबार बस्ने केन्द्रीय सचिवालय बैठकको 'एजेन्डा' बनाउने घोषणा पनि गरेका छन्



शुरोजंग पाण्डे/नयाँ पत्रिका

विगतदेखिका आलोचित गतिविधिका कारण २१ फागुनको निर्वाचनमा लज्जास्पद नतिजा भोगेको एमालेले जननिर्वाचित संसद्को पहिलो बैठकबाटै जनमतको समेत अपमान हुने गरी सेना र कर्मचारीमाथि गम्भीर लाञ्छना लगाएको छ। ज्यान मुद्दामा अध्यक्ष केपी ओली पक्राउ परेपछि पार्टीको कार्यवाहक अध्यक्ष र दलको नेता दुवै 'कमान' सम्हालेका रामबहादुर थापा 'बादल'ले प्रतिनिधिसभामा रास्वपाले भन्दै

» पृष्ठ २ मा क्रमशः

रास्वपाको अभूतपूर्व विजयमा तथ्यहरूले के स्पष्ट गर्छ भने नेपाली सेना, ब्युरोक्रेसी, सुशीला सरकार, कार्की आयोग, बारबरा फाउन्डेसन एनजिओ आदि संस्था तथा पात्रहरूको यो विजयमा निर्णायक भूमिका रह्यो। त्यसैले ती संस्था र पात्रहरूलाई पनि एमालेको तर्फबाट धेरै-धेरै बधाई भन्न चाहन्छु।

सहकारीपीडितको रकम फिर्ता गर्न छलफल सुरु

पहिलो चरणमा संघअन्तर्गतका २३ समस्याग्रस्त सहकारीका एक लाख रुपैयाँभन्दा कम डुबेका पीडितको बचत फिर्ता गर्ने योजना

नयाँ पत्रिका

सहकारीका साना बचतकर्ताको रकम सरकार गठन भएको सय दिनभित्रै फिर्ता दिन सुरु गर्ने प्रतिबद्धता चुनावी वाचापत्रमै गरेको रास्वपाले कार्यान्वयनमा पनि प्राथमिकता दिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले पीडित, सहकारी प्राधिकरणलगायत सरोकारवाला निकायसँग छलफल थालेको हो।

सहकारीपीडितहरूको नेतृत्व गरेको सहकारी तथा वित्तीय समस्या समाधान राष्ट्रिय अभियान महासंघ र सहकारी प्राधिकरणका पदाधिकारीसँग मन्त्रालयले मंगलबार छलफल गरेको थियो। मन्त्रालयका अनुसार पहिलो चरणमा समस्याग्रस्त घोषणा भएका सहकारीका साना बचतकर्ताको रकम फिर्ता गर्ने गरी छलफल थालिएको छ। हालसम्म संघअन्तर्गतका २३ सहकारी समस्याग्रस्त घोषणा भएका छन्। जसमा एक लाख रुपैयाँभन्दा कम बचत फसेका पीडितको संख्या ३६ हजार ५२२ छ। त्यस्तै, पाँच

» पृष्ठ २ मा क्रमशः

● समस्याग्रस्त २३ सहकारीमा एक लाख रुपैयाँभन्दा कम बचत फसेका पीडितको संख्या ३६ हजार ५२२ छ। त्यस्तै, पाँच लाखसम्म डुबेका बचतकर्ता २१ हजार ६१९ छन्। १८ हजार ३०३ बचतकर्ताको भने पाँच लाख रुपैयाँभन्दा धेरै फसेको छ।

पहिलो चरणमा साना बचतकर्ताको रकम फिर्ता गर्ने सन्दर्भमा छलफल चलेको छ



● **गणेशप्रसाद भट्ट**, प्रवक्ता, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारीपीडितको रकम फिर्ता गर्ने सन्दर्भमा छलफल सुरु भएको छ। सरोकारवाला निकायसँग छलफल थालिएको छ, सम्बन्धित निकायसँग तथ्यांक मागिएको छ। पहिलो चरणमा साना बचतकर्ताको रकम फिर्ता गर्ने सन्दर्भमा छलफल चलेको छ। रकम फिर्ताको सुरुवात समस्याग्रस्त घोषित सहकारीबाटै हुने होला।

एसइई परीक्षाकै दिनदेखि उत्तरपुस्तिका जाँच्न सुरु



ताप्लेजुङ सदरमुकाम फुङलिङ नगरपालिका- ७, दोखुस्थित युवा वर्ष मावि परीक्षा केन्द्रमा बिहीबार एसइई दिँदै परीक्षार्थी। तस्बिर : **केशवप्रसाद भट्टराई**/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

माध्यमिक शिक्षा परीक्षा (एसइई)को उत्तरपुस्तिका परीक्षा लिइएकै दिन परीक्षण सुरु गरिएको छ। एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने योजनाअनुसार परीक्षा दिएकै दिन उत्तरपुस्तिका परीक्षण सुरु गरिएको हो।

» पृष्ठ २ मा क्रमशः

● राष्ट्रिय परीक्षा बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले परीक्षा सकिएलगत्तै सोही केन्द्रमा माध्यमिक तहका शिक्षकले कापी परीक्षण सुरु गरेको बताए। उनले भने, 'हरेक केन्द्रमा परीक्षा सकिनासाथ परीक्षण हुन्छ। तीन घण्टाजतिमा सकिन्छ। तर, आफ्ना विद्यार्थीको कपी सम्बन्धित विद्यालयका शिक्षकले जाँच्नुहुन्न। हामीले केन्द्र नै विद्यालय साटेर राखेका छौं।'

६१ वर्षमा कक्षा चार

सात छोरी र दुई छोरा हुर्काएकी रूपा राईको अक्षरसँगको यात्रा

उदयपुरमा **विदुर कटुवाल**

कक्षाकोठामा साना बालबालिकाबिच एक वृद्धा किताबमा ध्यान दिइरहेकी छिन्। हातमा कापीकलम, आँखामा उत्साह र मनमा अधुरो सपना पूरा गर्ने दृढ संकल्प।

उमेरले ६१ वसन्त पार गरिसक्दा पनि अक्षर चिन्ने धोको लिएर विद्यालय पुगेकी रूपा राई उदाहरण बनेकी छिन्- सिकाइको कुनै उमेर हुँदैन।

चस्मा लगाएर किताबमा आँखा गाडेकी राई यसपालि कक्षा चारको परीक्षा दिएर कक्षा पाँचमा पुग्ने तयारीमा छिन्।

सेता भित्ता, ट्रसले बनेको छाना र सिमेन्टको भुइँ भएको साधारण कक्षाकोठामा पस्ने उज्यालोसँगै एउटा असाधारण कथा उज्यालिँदै छ- उनकै जीवनको कथा।

उदयपुरको चौदण्डीगढी नगरपालिका- ८, सिमलटारस्थित जयकला आधारभूत विद्यालयमा अध्ययनरत रूपा राईले

» पृष्ठ २ मा क्रमशः



उदयपुरको चौदण्डीगढी नगरपालिका- ८, सिमलटारस्थित जयकला आधारभूत विद्यालयमा अध्ययनरत रूपा राईले विगत सम्झँदै भनिन्, 'बजार जाँदा साइनबोर्ड पढ्न सकिनँ, कसैले कागज दिँदा बुझ्न सकिनँ, अरूले सजिलै पढेको देख्दा मन दुख्थ्यो। त्यसैले ढिलै भए पनि पढ्न जाऔं भनेर सुरु गरेँ।'

बिचौलिया राज चलाएका भट्ट हिरासतमा

बिहीबार पत्राउ परेका दीपक भट्टलाई हिरासतमा राखी अनुसन्धान गर्न १० दिन म्याद थप

टेकराज थामी/नयाँ पत्रिका

विगत दुई दशकदेखि ठेक्कापट्टा मात्रै होइन, सत्ता नै आफूअनुकूल चलाउने हैसियत बनाएका बिचौलिया दीपक भट्ट अन्ततः प्रहरी हिरासतमा पुगेका छन्। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बिहीबार गैह्रीधाराबाट पत्राउ गरेको हो।

भट्टमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छानबिन अन्तिम चरणमा पुऱ्याएको छ। थप अनुसन्धान पूरा गरी केही दिनभित्रै मुद्दा दायरको तयारी छ। उनलाई १० दिन थुनामा राख्न जिल्ला अदालत, काठमाडौंले विभागलाई म्याद दिएको छ।

'दीपक भट्टविरुद्ध अनुसन्धानका लागि १० दिनको म्याद थप भएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुरोधमा उनीविरुद्ध म्याद थप भएको हो,' जिल्ला अदालत काठमाडौंका प्रेस्तेदार तीर्थराज भट्टराईले भने, 'उनीविरुद्ध विभागले नै अनुसन्धान गर्ला।'

भट्टमाथि विभिन्न पब्लिक कम्पनीको रकम हिनामिना गरेको अभियोग छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उनीविरुद्ध एक वर्षदेखि छानबिन गर्दै आएको छ। विभागकै पत्रपछि भट्टलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बिहीबार बिहान पत्राउ गरेको हो। विभागले भट्टसहितका अभियुक्तविरुद्ध पाँच अर्ब रुपैयाँभन्दा धेरै बिगो दाबी गर्दै अदालतमा मुद्दा दायर गर्ने तयारी गरेको छ। हिमालयन रि-इन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ८१ करोड रुपैयाँ दुरुपयोग गरी नेपाल रि-इन्स्योरेन्सलगायत कम्पनीको सेयर

» पृष्ठ २ मा क्रमशः



दीपक भट्टले विभिन्न पब्लिक कम्पनीको रकम हिनामिना गरेको अनुसन्धानबाट खुलेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उनीविरुद्ध एक वर्षदेखि छानबिन गर्दै आएको छ। विभागकै पत्रपछि भट्टलाई सिआइबीले बिहीबार बिहान पत्राउ गरेको हो। विभागले उनीसहितका अभियुक्तविरुद्ध पाँच अर्ब रुपैयाँभन्दा धेरै बिगो दाबी गर्दै अदालतमा मुद्दा दायर गर्ने तयारी गरेको छ।

प्रहरीका ठेकेदारदेखि 'पावर ब्रोकर'सम्म

कैलाली स्थायी घर भएका दीपक भट्ट प्रहरीको ठेक्काबाट व्यवसाय थालेका व्यक्ति हुन्। प्रहरीका साना ठेक्काबाट काम थालेका उनले पछि हतियारको ठेक्कामा सिन्डिकेट चलाए। उनलाई तत्कालीन गृहमन्त्री वामदेव गौतमले साथ थिए। त्यसपछि हरेक दलका प्रमुख नेताहरूसँग हिमचिम बनाएर उनले आफ्नो सञ्जाल विस्तार गरे।

एक उच्च प्रहरी अधिकारीका अनुसार आइजिपी नियुक्तिमा समेत उनको लबिइङले काम गर्थ्यो। केही आइजिपीहरू उनकै पहलमा बनेको चर्चा प्रहरीमा छ। यस्तै, सचिव सरुवा गर्ने तथा महत्त्वपूर्ण सरकारी निकायमा उनकै सिफारिसमा नियुक्ति हुने थालेको थियो। जेन-जी आन्दोलनअघिको काग्रेस-एमाले सरकार बनाउनसमेत उनको भूमिकाको चर्चा थियो। सरकारले पनि उनकै सिफारिसअनुसार विभिन्न निकायमा नियुक्तिदेखि कानुन संशोधन गरेको थियो। देशका सबैभन्दा शक्तिशाली 'पावर ब्रोकर'का रूपमा राज्यसत्तामा उनको दबदबा चल्न थालेको थियो।

भट्टमाथि छानबिन गर्न दुई वर्षअघि नै राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभालाई पत्राचार गरेको थियो। तर, तत्कालीन प्रधानमन्त्री केपी ओलीको दबाबमा विभागले छानबिन गरेर पनि राष्ट्र बैंकलाई नै कारबाहीको जिम्मा दिएर पन्छिएको थियो। जेन-जी आन्दोलनपछि उनीमाथिको छानबिनले तीव्रता पाएको थियो। उनीसँगै यस छानबिनमा धेरै व्यावसायिक घराना मुछिने देखिएको छ।

जेन–जी विद्रोहका...

पृष्ठ १ बाट क्रमशः

सरकारका कामहरू आफैँ अत्यन्त राम्रोसँग बोल्नेछन् र ती बोल्न सुरु गरिसकेका छन्,' उनले भने । सरकारले सेकेन्ड गनेर रफ्तारमा काम थालेको भन्दै लामिछानेले अब कर्मचारीतन्त्रसहित सिंगो देशले यो रफ्तारसँग गति मिलाउनुको विकल्प नभएको बताए । आफूहरूले विपक्षी दलका जायज चुनावी प्रतिबद्धताको पनि स्वामित्व लिएको उनको भनाइ छ ।

लामिछानेले विगतमा प्रश्न सोधेर आफूहरू आएको भन्दै अब समाधान दिने जिम्मेवारीमा रहेको र कमजोरी उजागर गरिदिन विपक्षी दलहरूलाई अनुरोध गरे । 'प्रतिपक्ष दलहरूलाई मेरो विनम्र आग्रह छ- हामीमाथि २४ घण्टा निगरानी गरिदिनुहोला । शासनमा तपाईंहरूको लामो अनुभव छ, हाम्रा कमजोरी उजागर गरिदिनुहोला, गल्ती देखाइदिनुहोला । यदि हामीले बाटो बिरायौँ भने सच्याइदिनुहोला । हामी जनताबाट टाढा हुन खोज्यौँ भने हामीलाई जनताको आवाज सम्झाइदिनुहोला,' उनले आग्रह गरे ।

लामिछानेले संसद् प्रतिशोधको होइन, बहसको थलो हुने प्रतिबद्धता पनि जनाए । 'हिजो आफ्नालाई बचाउन र विपक्षीलाई फसाउन कानुनमै संशोधन गरिएको छ र अध्यादेशसमेत ल्याइएको छ । त्यस्ता गलत क्रियाकलाप यथाशीघ्र सच्याइने कुरा म यो सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । प्रतिपक्षमाथि अहंकार र प्रतिशोधको त्यो अध्याय अब दोहोरिनेछैन । आस्थाका आधारमा फरक व्यवहार हुनेछैन । अब अन्यायपूर्वक विधि नै मिचेर सुन्न मन लागेका कुरा नसुनुन् भनेर कसैको माइक काटिनेछैन । संसदीय समितिमा संख्याकै बलमा प्रतिशोध र अत्याचार हुनेछैन,' उनले भने ।

तर, सुशासन र न्यायको वेग भने नरोकिने स्पष्ट पारे । 'तर, सुशासनको वेग भने रोकिनेछैन । न्याय पाउने पहिलो हक सहिदकी आमाको हो, त्यसलाई प्रतिशोध भन्न पाइनेछैन । यो सरकार जेन-जी विद्रोहको पनि सन्तान हो,' उनले भने ।

प्रमुख प्रतिपक्षी कांग्रेसका सांसद भीष्मराज आङ्देम्बेले सदनमा दल भिन्न भए पनि देश एउटै रहेको भन्दै अब फेरि कसैले रगत बगाउन नपर्ने गरी मिलेर काम गर्ने प्रतिबद्धता जनाए । हरेक कालखण्डमा कांग्रेसले कि परिवर्तनको नेतृत्व गरेको, कि अरूले उठाएको जायज मुद्दालाई निष्कर्षमा पुऱ्याएको उल्लेख गर्दै आङ्देम्बेले जेन-जी विद्रोहले उठाएका मुद्दालाई पनि निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध रहेको बताए । 'एक जिम्मेवार प्रतिपक्षी दलका रूपमा यो परिवर्तनलाई साथ दिन, सघाउन र खबरदारी गर्न कांग्रेस प्रतिबद्ध छ,' उनले भने ।

आङ्देम्बेले नागरिक पंक्तिमा आशा र विश्वासलाई जगाउन यो संसद्ले एक ढिक्का रहेर काम गर्नुपर्नेमा पनि जोड दिए । भदौ २३ र २४ नदोहोरिने गरी काम गर्नुपर्ने उनको भनाइ छ ।

'किन खरानी भयो संसद् भवन ? किन जल्यो सिंहदरबार ? किन ध्वस्त बनाइए अनेकौँ भौतिक संरचना ? भदौ २३ र २४ दुवै दिनका घटनालाई एक-एक केलाउन जरुरी छ । कसैले २३ गतेको घटना देख्ने, २४ को नदेख्ने, कसैले २४ को ध्वंस देख्ने, २३ को दमन नदेख्ने, यो प्रवृत्ति एकदम गलत छ,' उनले भने ।

सुझबुझपूर्ण ढंगले कानुन र प्रक्रियाको मर्यादा राखेर आफूलाई प्रस्तुत गर्न आङ्देम्बेले सरकारको ध्यानाकर्षण पनि गराए । 'कांग्रेसले दोषी कोही उम्किनुहुन्न, निर्दोष कोही फस्नुहुन्न भन्ने मान्यता विगतदेखि नै बोक्दै आएको छ । यो मान्यतामा हामी आज पनि प्रस्ट र दृढ छौँ,' उनले भने ।

नेकपाका सांसद वर्षमान पुनले सरकारलाई रचनात्मक रूपले सहयोग गर्ने प्रतिबद्धता जनाउँदै आलोचनात्मक प्रतिपक्षीको रूपमा भूमिका खेल्ने बताए । आफूहरूले ०६४ र ०७४ मा बहुमत प्राप्त गरे पनि सदुपयोग गर्न नसकेको भन्दै त्यसबाट शिक्षा लिएर अघि बढ्न सुझाए । लोकतन्त्र, गणतन्त्र र समावेशीमा सम्झौता गर्न नसकिने भन्दै उनले जीवन्त सदन बनाउन आफूहरूको भूमिका हुने बताए ।

श्रम संस्कृति पार्टीका अध्यक्ष तथा संसदीय दलका नेता हर्कराज राई (साम्पाङ)ले २३ र २४ भदौको घटनाको निष्पक्ष छानबिन गर्न माग गरे । उनले संसद् बैठक तोकिएको समयमै सुरु नभएकोमा असन्तुष्टि जनाए । संसद्भित्र सत्तापक्ष र प्रतिपक्षी भनेर समयमा विभेद भइरहेको भन्दै उनले जनताले चुनेर पठाएको प्रतिनिधिलाई जनताका आवाज राख्न प्रशस्त समय दिनुपर्ने माग गरे ।

राप्रपा संसदीय दलका नेता ज्ञानबहादुर शाहीले जेन-जी घटनासम्बन्धी निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारसँग माग गरे । शाहीले अघिल्लो सरकारले देखाएको बहुमत दम्भका कारण हालको समस्या सिर्जना भएको भन्दै नयाँ सरकारले जनताको हितमा काम गर्नुपर्ने बताए । 'जनताको मतबाट आएको यो सरकार जनताको हितमा समर्पित होस् । विगतका कमजोरीहरू नदोहोरियोस् । विधिको शासनमा अडिग शासन सञ्चालन होस्,' उनले भने । प्रधानमन्त्री बालेन र गृहमन्त्री सुदन गुरुङले भ्रष्टाचारका सबै फाइल सार्वजनिक गर्ने विश्वाससमेत व्यक्त गरे ।

पूर्वशिक्षामन्त्रीसमेत रहेका स्वतन्त्र सांसद महावीर पुनले आगामी प्रदेश र स्थानीय तहको निर्वाचनमा विदेशमा रहेका नेपालीले पनि मतदान गर्न पाउने व्यवस्था गर्न माग गरेका छन् । आफू मन्त्री हुँदा २१ फागुनकै चुनावमा पहल गरे पनि असफल भएको उल्लेख गर्दै माग प्रस्तुत गरेका हुन् ।

'आजको कार्यसूचीमा मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२ भन्ने रहेछ । त्यसमा म के भन्न चाहन्छु भने ०८४ को प्रदेश र स्थानीय सरकारको चुनावमा विदेशमा काम गर्ने सम्पूर्ण वैधानिक नेपाली नागरिकले पनि भोट दिन पाउने व्यवस्था होस्,' उनले भने ।

बैठकको सुरुमा शुभकामना मन्तव्य दिएका सभाध्यक्ष अर्जुननरसिंह केसीले जनताले सरकार मात्र नभई शासन सञ्चालनका संस्कार र संस्कृतिको परिवर्तन पनि खोजेको बताए । केसीले सरकारका १०० सुधारका कार्यसूची स्वागतयोग्य भन्दै कार्यान्वयनका लागि समन्वय, समर्पण र निष्पक्षता जरुरी रहेको बताए । संसद्को स्थिरता नहुँदा शासन सञ्चालन पनि अस्तव्यस्त बनेको भन्दै केसीले अब स्थिरता अपरिहार्य भएको बताए । सदन नियमावलीअनुसार सञ्चालन हुने भन्दै सांसदहरूले मर्यादा कायम राख्ने विश्वास व्यक्त गरे । वाद-प्रतिवाद नै लोकतन्त्र भन्दै प्रतिनिधिसभालाई समाधान सभा बनाउनुपर्नेमा जोड दिए ।

जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन भई चुनाव सम्पन्न हुन समय लागेकाले ढिलो गरी हिउँदे अधिवेशन सुरु भएको हो । अधिवेशनको पहिलो दिन दुवै सभामा नेताहरूले सम्बोधन गरेका छन् । प्रतिनिधिसभामा सभामुखको निर्वाचन घोषणा गरिएको छ भने राष्ट्रिय सभामा उपाध्यक्ष र समिति सभापतिको निर्वाचन घोषणा गरिएको छ । प्रतिनिधिसभा बैठकमा गृहमन्त्री सुदन गुरुङले मतदाता नामावली, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन र नेपाल विशेष सेवा अध्यादेश पेस गरेका थिए । बैठकले सभामुख र उपसभामुखको अनुपस्थितिमा सभाको अध्यक्षता गर्न सदस्य चयन गरेको छ । जसमा आरेन राई, गंगा छन्त्याल, ताहिर अली भाट, बासना थापा, विश्वराज पोखरेल, यज्ञबहादुर बोगटी, बलावती शर्मा चयन भएका छन् ।

पहिलो बैठकमै आकस्मिक समयको प्रयोग, ओली र लेखकको रिहाइको माग

प्रतिनिधिसभाको पहिलो बैठकमै आकस्मिक समयको प्रयोग भएको छ । एमाले सांसद गुरु बरालले उठेर समय मागेका थिए । सभामुखको आसनमा बसेका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले दुई मिनेटको समय दिएका थिए । बरालले रोस्टममै गएर बोल्न खोजेका थिए । तर, सभाध्यक्ष केसीले बसेकै आसनबाट बोल्न समय दिए ।

बरालले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई फौजदारी कार्यविधिलाई गलत ढंगले प्रयोग गरेर बन्दी बनाइएको भन्दै आपत्ति जनाए । यसविरुद्ध देशव्यापी प्रदर्शन भइरहेको, शान्तिपूर्ण प्रदर्शनमा निर्मम दमन गरेको, सांसदहरूलाई नै घाइते बनाइएको, यस विषयमा छानबिन र दोषीलाई कारबाही गर्न माग गरे ।

'केपी ओली र रमेश लेखकलाई तुरुन्त रिहाइ गरियोस् । घाइतेको उपचार होस् । माननीय सदस्यलाई घाइते बनाउनेलाई कारबाही गरियोस्,' उनले भने ।

राजनीतिक नियुक्तिवालाले राजीनामा दिनूस् : लामिछाने

रास्वपा सभापति लामिछानेले हिजो संविधान र कानुनको आवरणमा नेता र पार्टीका सिफारिसबाट नियुक्ति लिएकाहरूलाई स्वैच्छिक रूपमा राजीनामा दिँदै विधिको पालना गर्नमा सहयोग गरिदिन अपिलसमेत गरे । उनले सरकारले नयाँ नीति, कानुन, मापदण्ड र मान्यताका आधारमा स्वच्छ र प्रतिस्पर्धात्मक नियुक्ति प्रक्रिया लागू गर्न चाहेको पनि जानकारी गराए । 'हिजो नियुक्ति लिएका सार्वजनिक सेवा र निकायका पदाधिकारीहरूले स्वेच्छाले मार्गप्रशस्त गरिदिनुहुनेछ भन्ने अपेक्षा पनि गर्दछु,' उनले भने ।

लामिछानेले छिमेकी राष्ट्र र मित्रराष्ट्रसँगको सम्बन्धलाई सडकमा लैजाने र सत्ता छाड्न परेपछि विदेशी चलखेल भन्ने गैरजिम्मेवार र सस्तो खेल अब नहुने प्रतिबद्धता जनाए । प्रतिपक्षलाई समेत साथमा लिएर मित्रवत्, सहकार्यपूर्ण र पारदर्शी परराष्ट्र नीति तय गर्ने उनको भनाइ थियो । 'त्यो रणनीतिक र दीर्घकालीन सोचमा आधारित हुनेछ । व्यापार, लगानी, शिक्षा, पर्यटन र प्रविधिमैत्री हुनेछ । त्यसमा यसले पहिला राष्ट्रहित र त्योसँगै अन्तर्राष्ट्रिय सम्बन्धमा विश्वास र स्थायित्व सुनिश्चित गर्नेछ,' उनले भने । राजनीतिक स्थिरता, कानुनी सुरक्षा र पारदर्शी प्रशासनको ग्यारेन्टीसहित अब नेपाल लगानीका लागि पूर्ण सुरक्षित रहेको भन्दै स्वदेशी र विदेशी लगानीकर्तालाई अपिलसमेत गरे ।

लामिछानेले बिचौलिया र माफियाहरूले बिगारेको व्यावसायिक वातावरण आफूहरूले सुधार गर्न सुरु गरिसकेको भन्दै निजी क्षेत्रलाई आश्वस्त हुन अपिल गरे । 'नीतिहरू अब बजारमा बेचिनेछैनन्, निर्णयहरू कसैको दबाबमा बन्नेछैनन्, व्यावसायिक क्षेत्रमा तपाईंहरूले अनुभव गरेको असुरक्षा, अनिश्चितता र दबाब सधैँका लागि समाप्त हुनेछ । बिचौलिया र माफियागिरी अब रहनेछैनन्, समान अवसर, पारदर्शिता, निष्पक्षता र व्यावसायिक स्वतन्त्रताको जिम्मा हामी लिन्छौँ, सरकारले लिन्छ,' उनले भने ।

दलित समुदायसँग मागे माफी

रास्वपा सभापति लामिछानेले संसद्को रोस्टमबाट दलित समुदायसँग माफी पनि मागेका छन् । चुनावको वेला खगेन्द्र सुनार विवादमा आउँदा तत्काल माफी मागेको स्मरण गर्दै लामिछानेले भने, 'गल्ती गरेको हो कि होइन, अन्योल हुँदा खगेन्द्र सुनारले माफी मागे, खगेन्द्र सुनारहरूमाथि युगौँयुगसम्म गरिएको अन्यायका लागि हामीले माफी माग्यौँ ?, यो देशको दलित समुदायलाई मैले आज सार्वजनिक क्षमयाचनाका साथ केही भन्नु छ, यो सरकार शताब्दीयौँदेखिको विभेदको, अन्यायको, अत्याचारको इतिहाससँग पहिलोपटक सामूहिक र सार्वजनिक माफी माग्दै छ त्यो पनि यो सदनबाट ।'

लामिछानेले आजसम्मको विभेद सामाजिक गल्ती थिएन संगठित अपराध थियो भनेका थिए । 'यो देश किन बनेन थाहा छ, किनकि जसका हातमा सिप थियो तिनलाई हामीले अछुत मान्यौँ, अब कुनै पनि नेपाली जातका नाममा झुक्नुपर्ने छैन । म सिंगो पार्टी, प्रधानमन्त्रीज्यू, सरकारको तर्फबाट पनि माफी माग्छु र यो माफीको मूल्य अब न्यायले गर्नेछ भन्ने कुरा पनि सुनिश्चित गर्न चाहन्छु,' उनले भने । सभापति लामिछानेले महिलालाई शिक्षा र रोजगारीमा बराबर पहुँच, राज्यका हरेक तहमा अर्थपूर्ण प्रतिनिधित्व, कर्मस्थल र समाजमा सुरक्षा र सम्मान सुनिश्चित गर्ने प्रतिबद्धता पनि जनाए ।

सभामुखका लागि आज उम्मेदवारी दर्ता, पर्सि निर्वाचन

काठमाडौं/ रास्वपाले प्रतिनिधिसभाको सभामुखको उम्मेदवारमा उपसभापति डिपी अर्याललाई अघि सारेको छ । रास्वपा संसदीय दलको बिहीबारको बैठकले अर्याललाई सर्वसम्मत रूपमा सभामुखको उम्मेदवार बनाउने निर्णय गरेको हो । बैठकमा सभापति रवि लामिछानेले सभामुखका लागि अर्यालको नाम प्रस्ताव गरेका थिए । सभामुखको निर्वाचन आइतबार हुँदै छ ।

प्रतिनिधिसभामा रास्वपाको १८२ सिटसहित झन्डै दुईतिहाइ बहुमत भएकाले अर्याल सभामुख हुने पक्कापक्की छ । सभामुख र उपसभामुख पदको निर्वाचन सभाको पहिलो बैठक बसेको १५ दिनभित्र गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ ।

निर्वाचनका लागि २० चैत शुक्रबार उम्मेदवारी मनोनयन दर्ता गर्नुपर्नेछ । शुक्रबार बिहान ११ देखि दिउँसो २ बजेसम्म उम्मेदवारी दर्ताको समय तो किएको छ । सोही दिन साढे २ बजे उम्मेदवारको सूची प्रकाशन हुनेछ । २२ गते बस्ने प्रतिनिधिसभा बैठकमा सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामूहिक रूपमा छलफल हुने र दर्ताक्रमअनुसार निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम छ । त्यस्तै, रिक्त राष्ट्रिय सभा उपाध्यक्षका लागि २३ चैतमा निर्वाचन हुँदै छ । २२ चैतमा मनोनयन प्रस्ताव दर्ता गराउनुपर्नेछ । उपाध्यक्ष विमला घिमिरे कार्यकाल सकेर २० फागुनमा बिदा भइसकेकी छिन् ।

राष्ट्रिय सभाका रिक्त समिति सभापतिको निर्वाचन २४ चैतमा हुँदै छ । २३ चैतमा मनोनयन प्रस्ताव दर्ता गराउनुपर्नेछ । राष्ट्रिय सभाका चारवटै समिति सभापति रिक्त छ । विकास, आर्थिक मामिला तथा सुशासन समिति, विधायक व्यवस्थापन समिति, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायक समिति, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति रिक्त छ । राष्ट्रिय सभामा कांग्रेस २४, नेकपा १८ (अध्यक्षसहित), एमाले ११ (एक मनोनीत), जसपा दुई, लोसपा, जनमोर्चा एक-एक सदस्य छन् ।

ओली र लेखकको बयान अघि बढ्यो




काठमाडौं/ जेन-जी आन्दोलनमा दमन गरेको आरोपमा पक्राउ परेका पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकको बयान सुरु भएको छ । जिल्ला सरकारी वकिल कार्यालय र प्रहरीले बुधबार लेखकको तथा बिहीबार ओलीको बयान लिएको छ ।

ओली अस्पतालमा भर्ना भएकाले अस्पतालमा गएर सोधपुछ गरिएको स्रोत बताउँछ । उता दुवैलाई जिल्ला अदालत काठमाडौंले अनुसन्धानका लागि म्याद थपको आदेश गरेको छ । बयानसमेतका कार्य बाँकी रहेको भन्दै दुई दिनको म्याद थप गरिएको हो ।

पूर्वगृहमन्त्री लेखकको बयान सम्पन्न भएको तथा ओलीको बयान भइरहेकै हुँदा अनुसन्धान गर्न बिहीबारदेखि लागू हुने गरी दुई दिनको म्याद थपको आदेश भएको हो । आज पनि स्वास्थ्य अवस्थाको कारण देखाउँदै पूर्वप्रधानमन्त्री ओलीले भिडियोकै माध्यमबाट अनुसन्धान अधिकारीहरूसमक्ष बयान दिएका थिए ।

आदेशमा भनिएको छ, 'पूर्वप्रधानमन्त्री केपी शर्मा ओली उपचारार्थ अस्पतालमा रहेको र स्वास्थ्य अवस्था जटिल रहेको भनी निजले म्याद थपको क्रममा श्रव्य-दृश्य माध्यमबाट व्यक्त गर्नुभएकाले बयान कार्य सम्पन्न भएपश्चात् निजको स्वास्थ्य उपचारसमेतलाई असर नपर्ने गरी अनुसन्धान कार्य गर्नसमेत आदेश गरिदिएको छ,' आदेशमा छ । न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजलासले उक्त आदेश गरेको हो । ओली र लेखकमाथि पुरुषोत्तम खतिवडाको जाहेरीले वादी नेपाल सरकार भएको ज्यानसम्बन्धी कसुरमा ओली र लेखकमाथि अनुसन्धान भइरहेको छ । भदौ २३ र २४ को आन्दोलनमा दमन गरेको भन्दै उनीहरूलाई गौरीबहादुर कार्की आयोगको प्रतिवेदनले सुझाएको थियो । त्यसैअनुसार गत शनिबार बिहान उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएकोमा आइतबार जिल्ला अदालत काठमाडौंले पाँच दिनको म्याद थप गरेको थियो । उनीहरू दुवैलाई थुनामुक्त गर्नुपर्ने भन्दै दायर रिटहरू सर्वोच्चमा विचाराधीन छन् ।

सहकारीपीडितको...

पृष्ठ १ बाट क्रमशः

लाखसम्म डुबेका बचतकर्ता २१ हजार ६१९ छन् । बाँकी १८ हजार ३०३ बचतकर्ताको भने पाँच लाख रुपैयाँभन्दा बढी फसेको छ । मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले सहकारीपीडितको रकम फिर्ता गर्ने सन्दर्भमा छलफल सुरु भएको बताए । 'सहकारीपीडितको रकम फिर्ता गर्ने सन्दर्भमा छलफल सुरु भएको छ । सरोकारवाला निकायसँग छलफल थालिएको छ, सम्बन्धित निकायसँग तथ्यांक मागिएको छ,' उनले भने, 'पहिलो चरणमा साना बचतकर्ताको रकम फिर्ता गर्ने सन्दर्भमा छलफल चलेको छ । रकम फिर्ताको सुरुवात समस्याग्रस्त घोषित सहकारीबाटै हुनेहोला ।'

तर, एक लाखभन्दा कम डुबेका पीडितको रकम फिर्ता गर्ने विषयलाई विगतमा पनि सरकारले प्राथमिकतामा राख्दा विरोध भएको थियो । राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको समन्वयमा पीडितको तथ्यांक संकलन गरेर रकम फिर्ताको प्रयास गरिएको थियो । अर्थ मन्त्रालयले सोधभर्ना हुने सर्तमा एक अर्ब ८३ करोड 'सिडमनी'का रूपमा प्राधिकरणको कोषमा जम्मा गरिदिने पनि भनेको थियो । तर, एक लाखभन्दा धेरै बचत डुबेका पीडितले विरोध गरेपछि प्रक्रिया नै स्थगित भएको थियो । विरोधको नेतृत्व सहकारी तथा वित्तीय समस्या समाधान राष्ट्रिय अभियान महासंघले गरेको थियो ।

महासंघ अध्यक्ष कुशलभ केसीले फेरि पनि साना बचतकर्ताको मात्रै रकम फिर्ता गर्ने योजना अघि बढाइए अवरोधमा उत्रिने चेतावनी दिए । 'सहकारीमा सबैभन्दा धेरै एक लाख रुपैयाँभन्दा माथि बचत गर्नेहरूको डुबेको छ । पीडित पनि उनीहरू नै धेरै छन् । त्यसैले सबैको रकम फिर्ता गरिनुपर्छ । साना बचतकर्ताको मात्रै फिर्ता गर्ने हो भने हाम्रो अवरोध हुनेछ ।'

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको १७ चैतसम्मको तथ्यांकअनुसार समस्याग्रस्त घोषणा भएका २३ सहकारीमा पीडित बचतकर्ता ६२ हजार ७६० (यमुना आइडल सहकारी थपिएपछि) पुगेका छन् । यी सहकारीमा बचतकर्ताको ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपैयाँ बचत डुबेको छ ।

तत्कालीन सरकारले १४ पुस ०८१ मा जारी गरेको अध्यादेशमा प्राधिकरण गठनपछि पीडितको बचत रकम फिर्ता हुने भनेको थियो । त्यसलगत्तै ७ माघ ०८१ को मन्त्रिपरिषद् बैठकले प्राधिकरण गठन गरेको थियो भने १५ माघ ०८१ मा ललितपुरको पुलचोकस्थित साबिकको राष्ट्रिय सहकारी विकास बोर्डमा प्राधिकरणको कार्यालय स्थापना गरेको थियो । जसको पहिलो जिम्मेवारी सहकारीका बचतकर्ताको डुबेको रकम फिर्ता गर्नु थियो । तर, हालसम्म पनि प्राधिकरणले कुनै पीडितको रकम फिर्ता गर्न सकेको छैन ।

तत्कालीन सांसद सूर्य थापा नेतृत्वको संसदीय छानबिन विशेष समितिले ३० भदौ ०८१ मा तीन महिनाभित्र सहकारी प्राधिकरण गठन गरेर पाँच लाख रुपैयाँसम्मका साना बचतकर्ताको रकम तत्काल फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्न सरकारलाई निर्देशन दिएको थियो । यसका लागि सरकारको जमानीमा आन्तरिक ऋणपत्र जारी गर्ने र नवगठित 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण'मा बचत फिर्ता गर्ने भनिएको थियो । पाँच लाख रुपैयाँसम्मका बचतकर्ताको रकम भुक्तानी गर्ने सम्बन्धमा अध्यादेशको दफा १०८ को उपदफा १ मा भनिएको छ, 'समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्नेछ ।'

त्यस्तै, पाँच लाख रुपैयाँभन्दा धेरै बचतकर्ताको रकम फिर्ता गर्ने सन्दर्भमा भने सहकारीको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो बिक्री गरी प्राप्त भएको रकमले फिर्ता गर्ने भनिएको छ । अध्यादेशको दफा १०८ को उपदफा २ र ३ मा भनिएको छ, 'सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँभन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकैपटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ । बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि सहकारी संस्था वा दफा १०५ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ ।' मुलुकभरका ३५७ सहकारीका १४ लाख बचतकर्ता संकटमा छन् । उनीहरूको २ खर्ब ७५ अर्ब अपचलन भएको महासंघ केन्द्रीय समितिको दाबी छ ।

एसइई...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय परीक्षा बोर्डका अनुसार उत्तर पुस्तिका सम्बन्धित केन्द्रमै परीक्षण गरिएका छन् । परीक्षा बिहीबारबाट सुरु भएको छ । पहिलो दिन देशका सबै केन्द्रमा अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको थियो । उक्त विषयको उत्तरपुस्तिका मंगलबार नै परीक्षण गरिएको छ । बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले परीक्षा सकिएलगत्तै सोहि केन्द्रमा माध्यमिक तहका शिक्षकले कापी परीक्षण गरेको बताए ।

उनले भने,'हरेक केन्द्रमा परीक्षा सकिनाथ परीक्षण हुन्छ । तीन घन्टाजतिमा सकिन्छ । तर, आफ्ना विद्यार्थीको कपि सम्बन्धित विद्यालयका शिक्षकले जाच्नुहुन्न । हामीले केन्द्र नै विद्यालय साटेर राखेका छौ ।'

कन्ट्रोलन ज्ञवालीका अनुसार परीक्षा र कापी परीक्षण एकैदिन अर्थात २९ चैतमा सकिनेछ । त्यसपछि तथ्यांक अध्यावधिक र रिजल्टको तयारी गरिनेछ । यसो हुदा एक महिनाभित्रमा नजिता प्रकाशन भैसक्ने छ । विहिबारदेखि सुरु भएको यसवर्षको एसईईमा पाँच लाख नौ हजार ९५१ विद्यार्थी परीक्षामा सहभागी छन् । यसमध्ये दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्र सहभागी छन्। देशभर १९ सय ९१ परीक्षा केन्द्र मा परीक्षा र कापी परीक्षण भैरहेको छ ।

ताप्लेजुङमा कारागारमै दुई कैदीले दिए एसइई

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङमा दुईजना कैदीबन्दीले कारागारभित्रैबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका छन् । जिल्ला कारागार ताप्लेजुङमा सजाय भुक्तान गरिरहेका दुईमध्ये एकजनाले नियमित र अर्को एकजनाले ग्रेडवृद्धितर्फ परीक्षा दिएको शिक्षा विकास तथा समन्वय इकाइ ताप्लेजुङका प्रमुख योगेश्वर भट्टराईले बताए ।

ताप्लेजुङमा ११ वटा परीक्षा केन्द्रमार्फत एसइइ सञ्चालन भइरहेको छ । गत वर्ष १७ वटा केन्द्र रहे पनि यसपटक परीक्षार्थी संख्याका आधारमा केन्द्र घटाएर ११ वटा मात्र राखिएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख भट्टराईले बताए । जिल्लाभरबाट नियमित, प्राविधिक धार र ग्रेडवृद्धि गरी कुल दुई हजार नौजनाले परीक्षा दिन आवेदन दिएका छन् । केही विद्यार्थी परीक्षा दिन अनुपस्थित भएका छन् । एसइईको पहिलो दिन अंग्रेजी विषयको परीक्षा दिने नियमिततर्फ एक हजार ३९ जनाले परीक्षा आवेदन भरे पनि एक हजार ४०८ जनाले मात्र परीक्षा दिएका छन् । ३१ जना अनुपस्थित रहेको समन्वय प्रमुख भट्टराईले बताए । ग्रेडवृद्धितर्फ अंग्रेजी विषयका १९७ जनामा १३६ मात्र उपस्थित थिए भने ६१ जना अनुस्थित भएको भट्टराईको भनाइ छ ।

अंग्रेजी विषयमा परीक्षामा जम्मा ९२ जना अनुपस्थित अर्थात् परीक्षा नलेखेको बताइएको छ । परीक्षा सकिएसँगै उत्तरपुस्तिका जाँचको तयारी पनि सुरु गरिएको छ । आवश्यक सुरक्षा व्यवस्था नेपाल प्रहरी र सशस्त्र प्रहरीमार्फत मिलाइएको छ । सम्बन्धित केन्द्रका शिक्षक तथा विज्ञहरूलाई परिचालन गरेर शुक्रबारदेखि नै उत्तरपुस्तिका परीक्षण सुरु गरिने तयारी रहेको छ । एसइईको पहिलो दिन सबै केन्द्रमा परीक्षा शान्तिपूर्ण रूपमा सञ्चालन भएको जनाइएको छ । यस वर्ष केन्द्र निर्धारण गर्दा एक केन्द्रमा कम्तीमा १५० जना परीक्षार्थी हुनुपर्ने व्यवस्था लागू गरिएको थियो ।

६१ वर्षमा...

पृष्ठ १ बाट क्रमशः

अहिले कक्षा ४ को वार्षिक परीक्षा दिएकी हुन् ।

रूपा राईको बाल्यकालमा विद्यालय जाने अवसर जुटेन । पारिवारिक अवस्था, सामाजिक संरचना र समयको सीमितताले गर्दा उनले अक्षर ज्ञानबाट वञ्चित हुनुपऱ्यो । तर, उमेरसँगै बढ्दै गएको एउटा पीडा भने सधैँ उनको मनमा रहिरह्यो । अक्षर नचिन्ने पीडा । 'बजार जाँदा साइनबोर्ड पढ्न सकिनँ, कसैले कागज दिँदा बुझ्न सकिनँ, अरूले सजिलै पढेको देख्दा मन दुख्थ्यो,' उनले विगत सम्झिँदै भनिन् ।

यही पीडाले उनीभित्र एउटा नयाँ संकल्प जन्मायो । चार वर्षअघि उनले साहस जुटाइन् । गाउँकै विद्यालयमा कक्षा १ मा भर्ना भइन् । त्यो निर्णय उनका लागि केवल विद्यालय प्रवेश मात्र थिएन । जीवनको नयाँ सुरुवात थियो । 'ढिलो भए पनि पढ्न पाऊँ भन्ने चाहना धेरै वर्षदेखि थियो, अब सुरु गरेँ,' उनले सुनाइन् ।

रूपा केवल एक विद्यार्थी मात्र होइनन्, उनी एक आमाको रूपमा पनि जिम्मेवारी पूरा गरिसकेकी छिन् । उनका सात



रूपा राई

छोरी र दुई छोरा छन् । परिवार अहिले ठुलो भइसकेको छ । अहिले नाति-नातिनाको संख्या नौजना छन्, जो सबै अध्ययनरत छन् । उनी भन्छिन्, 'कोही नाति-नातिना गाउँको विद्यालयमा पढ्दै छन् भने कोही घरबाहिरका विद्यालयमा ।'

परिवारमै शिक्षाको माहोल बलियो बन्दै गएको छ । कान्छी छोरी नर्सिङ अध्ययन गर्दै छिन् भने कान्छो छोरा ब्याचलर तहमा अध्ययनरत छन् । आफूले नपाएको शिक्षा आफ्ना सन्तान र नाति-नातिनाले पाएको देख्दा उनी खुसी हुन्छिन् । तर, त्यहीसँगै आफूले अक्षर नचिनेकै कारण भोगेको आत्मग्लानीले उनलाई पढाइतर्फ जोसिएकी छिन् ।

उनको दिनचर्या अनुशासित छ । बिहान सबेरै उठेर घरधन्दा र भान्साको काम सकाएर उनी समयमै विद्यालय पुग्छिन् । बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म कक्षामा बसेर पढ्नु उनको नियमित अभ्यास हो । बिरामी नपरेसम्म विद्यालय छुटाउने बानी छैन । 'घरको काम त सकिन्छ, तर पढाइ छुटाउनु हुँदैन भन्ने लाग्छ,' उनले दृढतापूर्वक भनिन् ।

कक्षामा उनका सहपाठी सबै आफ्नै नाति-नातिना उमेरका छन् । सुरुमा उनीहरूसँगै बसेर पढ्दा केही असहज लागे पनि अहिले त्यो दूरी मेटिएको छ । साना विद्यार्थीहरूले उनलाई माया र सम्मानका साथ 'बजु' भनेर बोलाउँछन् । 'उनीहरूसँग बसेर पढ्दा रमाइलो लाग्छ, सबैले सहयोग गर्छन्,' उनले हाँस्दै भनिन् ।

विद्यालयमा रूपा प्रेरणाको स्रोत बनेकी छिन् । उनको लगनशीलता, नियमितता र सिक्ने चाहनाले सबैलाई प्रभावित बनाएको छ । विद्यालयका प्रधानाध्यापक गंगा मगर भन्छन्, 'उहाँ हाम्रो विद्यालयको अनुकरणीय विद्यार्थी हुनुहुन्छ । उहाँको मेहनतले अन्य विद्यार्थीहरूलाई पनि प्रेरित गरेको छ ।' रूपाको कक्षामा जम्मा १० जना विद्यार्थी छन् । सानो कक्षामा पनि उनको उपस्थितिले फरक ऊर्जा ल्याएको शिक्षकहरू बताउँछन् ।

सेना र...

पृष्ठ १ बाट क्रमशः

दुईतिहाइ सिट जित्नुमा नेपाली सेना र ब्युरोक्रेसी (कर्मचारी) लगायतको निर्णायक भूमिका रहेको आक्षेप लगाएका हुन् ।

जननिर्वाचित संसद्को रोस्ट्रममै उभिएर सेना र कर्मचारीलाई नै 'गिजोल्ने' गरी थापाले दिएको अभिव्यक्तिको एमाले पदाधिकारी तहबाटै विरोध भएको छ । उपाध्यक्ष विष्णु पौडेल, उपमहासचिव योगेश भट्टराईलगायतले सार्वजनिक रूपमै खण्डन मात्रै गरेका छैनन्, गम्भीर आपत्ति जनाउँदै शुक्रबार बस्ने केन्द्रीय सचिवालय बैठकमा 'एजेन्डा' बनाउने घोषणा गरेका छन् ।

'प्रतिनिधिसभाको आजको बैठकमा नेकपा एमालेको दलको नेताको हैसियतले माननीय रामबहादुर थापाले व्यक्त गर्नुभएको विचार पार्टीका स्थापित नीति र मान्यताविपरीत छन् । यस सम्बन्धमा भोलि आयोजना गरिएको नेकपा (एमाले) को केन्द्रीय सचिवालयको बैठकमा गम्भीरतापूर्वक छलफल हुने र उचित निर्णय हुने अपेक्षा गरेको छु,' उपाध्यक्ष पौडेलले सामाजिक सञ्जालमा लेखेका छन् ।

थापाले रास्वपाको अभूतपूर्व जितमा सेना, कर्मचारी, जेन-जी आन्दोलन जाँचबुझ आयोग, तत्कालीन सरकारदेखि एनजिओसम्मले भूमिका खेलेको तथ्यहरूले नै पुष्टि गरेको अभिव्यक्ति दिएका थिए । तर, पुष्टि गर्ने कुनै आधार भने प्रस्तुत गरेका थिएनन् ।

'नेपालमा भदौ २३ र २४ गते अवैधानिक रूपमा रास्वपाको अघोषित नेतृत्वमा रंगक्रान्ति सफलतापूर्वक सम्पन्न भयो । फागुन २१ गते आमनिर्वाचनमार्फत निलो क्रान्तिलाई वैधानिकता प्रदान गरियो । चैत्र १३ गते भव्य धार्मिक अनुष्ठानसहित श्री बालेन्द्र शाहज्यूलाई प्रधानमन्त्रीको शपथ ग्रहण गराइयो । यो ऐतिहासिक विजयका लागि रास्वपा तथा सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहज्यूलाई म नेकपा एमालेको तर्फबाट धेरैधेरै बधाई भन्न चाहन्छु,' उनले थपे, 'यो अभूतपूर्व विजयमा आन्तरिक रूपमा क-कसको निर्णायक भूमिका रह्यो ? रास्वपाको अभूतपूर्व विजयमा तथ्यहरूले के स्पष्ट गर्छ भने नेपाली सेना, ब्युरोक्रेसी, सुशीला सरकार, कार्की आयोग, बारबरा फाउन्डेसन एनजिओ आदि संस्था तथा पात्रहरूको यो विजयमा निर्णायक भूमिका रह्यो । त्यसैले ती संस्था र पात्रहरूलाई पनि एमालेको तर्फबाट धेरै-धेरै बधाई भन्न चाहन्छु ।'

संसद्मा रेकर्ड भइसकेको आफ्नै दलका नेताको यो अभिव्यक्तिप्रति एमाले उपमहासचिव योगेश भट्टराईले पनि आपत्ति जनाएका छन् । उनले सिंगो एमाले यस्तो नभएको सफाइसमेत सामाजिक सञ्जालबाट दिएका छन् ।

'नेपाली सेनालगायतका सुरक्षा अंगहरू, न्यायालयलगायतका संवैधानिक अंगहरू र कर्मचारीतन्त्रप्रति हाम्रो पार्टीको कुनै पनि वैरभाव छैन । त्यसप्रति हाम्रो पार्टीको सम्मान र विश्वास रहिरहनेछ,' उनले लेखेका छन्, 'संसद् वा सडक, सत्तापक्ष वा प्रतिपक्ष कुनै पनि भूमिकामा पार्टीको यो धारणा यथावत रहनेछ ।' भट्टराईले संविधान निर्माणमा एमालेको ठुलो भूमिका रहेको भन्दै विपक्षी दल भए पनि राज्यपक्षीय दल भएको उल्लेख गरेका छन् । 'यो व्यवस्था ल्याउनमा मुख्य भूमिका खेलेको र संविधान निर्माणमा नेतृत्वकर्ता दल नेकपा एमाले आज सरकारको विपक्षी दल हो, तर राज्यपक्षीय दल हो,' उनले फेसबुकमा लेखेका छन् ।

थापाले संसद्मा दिएको सम्बोधनमा रास्वपाको जितमा अदृश्य शक्तिहरूको हात रहेको पनि थपे । मिडिया ट्रायल भएको पनि दाबी गरे । 'जादुमयी विजयमा अदृश्य शक्तिहरू टिओबी, एआई, अल्गोरिदम, गोयबल्स, मिडिया ट्रायलहरू जसले राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, संघीयता, शान्ति र समृद्धिका नायकहरूलाई खुँखार खलनायक र हत्याराका रूपमा स्थापित गरे,' उनले भनेका छन् ।

बिचौलिया...

पृष्ठ १ बाट क्रमशः

खरिद गरेको पुष्टि भएपछि विभागले भट्टविरुद्ध अनुसन्धान सुरु गरेको थियो ।

बिमा कम्पनीको रकम हिनामिना सम्बन्धमा विस्तृत अनुसन्धान गर्न विभागले बिमा प्राधिकरणलाई पत्राचार गरेको थियो । बिमा प्राधिकरणले छानबिन गरेर आर्थिक दुरुपयोग पुष्टि गर्दै भट्टमाथि कारबाहीका लागि सम्पत्ति शुद्धीकरण विभागलाई सिफारिस गरेको थियो । प्राधिकरणले भट्टलाई सिआइबीबाट थप अनुसन्धान गर्नुपर्ने रायसमेत दिएको थियो ।

भट्टले दोस्रो बजारबाट नेपाल रि-इन्स्योरेन्सलगायत कम्पनीको सेयर किन्न विभिन्न मितिमा हिमालयन रिबाट दुई अर्ब ७३ करोड ३३ लाख १५ हजार, हिमालयन सेक्युरिटिजबाट २२ करोड १९ लाख ७१ हजार, नेपाल लाइफको सहायक कम्पनीबाट ३७ करोड, एचएलआई लार्ज क्याप फन्डबाट २५ करोड १४ लाख ८४ हजार र नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख ५२ हजार दुरुपयोग गरी भृकुटी स्टक ब्रोकिङ कम्पनी (ब्रोकर नम्बर ५५) बाट सेयर खरिद गरी भुक्तानी गरेको देखिएको भन्दै विभागले यसको प्राधिकरणसँग आधिकारिकता मागेको थियो । यसमा छानबिन गरी प्राधिकरणले सम्पत्ति शुद्धीकरणमा कारबाही गर्न सिफारिस गरेको हो ।

भट्ट हिमालयन रिका आधारभूत सेयरधनी हुन् । यो कम्पनीमा उनको इन्फिनिटी होल्डिङ्सको ४.५० प्रतिशत सेयर हिस्सा अर्थात् ४६ लाख ८० हजार कित्ता सेयर छ । उनी सरकारी स्वामित्व रहेको नेपाल रिको सेयर खरिद गरेर नेपाल रिलाई पनि आफ्नो पोल्टामा पार्न चाहन्थे । उनले आर्थिक दुरुपयोग गरेको एचएलआई लार्ज क्याप फन्ड हिमालयन लाइफ इन्स्योरेन्सले सञ्चालन गरेको म्युचल फन्ड हो । हिमालयन लाइफ इन्स्योरेन्समा भट्टनिकट व्यवसायीको लगानी छ । त्यसले सञ्चालन ल्याएको म्युचल फन्डको पैसासमेत भट्टले दुरुपयोग गरेको देखिएको छ । त्यस्तै, नेपाल माइक्रोमा दीपक भट्टकै ११ लाख २५ हजार कित्ता सेयर छ ।

बिमा प्राधिकरणको समेत सिफारिसमा भट्टलाई विभागले मुद्दा चलाउने तयारी गरेको हो । उनी भाग्न सक्ने भएकाले सम्पत्ति शुद्धीकरण विभागको सिफारिसमा अध्यागमन विभागले राहदानी रोक्का गरिसकेको छ ।

हन्डरबाट पनि नचेतेको एमाले

संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्न खोजेका युवा सांसद सुहाङ नेम्वाङलाई नेतृत्वबाटै उम्मेदवारसमेत बन्न नसक्ने वातावरण बनाएपछि पार्टीभित्रै चर्को विरोध, युवाहरूले पार्टी कार्यालयमा गरे प्रदर्शन

■ एमालेले सुधिने छाँट देखाएन

● **कृष्ण पोखरेल**
राजनीतिक विश्लेषक



संसदीय दलको नेता चयनपछि रामबहादुर थापाले संसद्मा बोलेको धारणालाई समेत जोडेर हेर्दा एमालेले सुधिने छाँट देखाएन । चुनावी परिणामबाट अहिलेसम्मकै ठुलो ठक्कर खाँदा पनि एमालेको चेत खुलेको देखिएन । चुनावी परिणाम अस्वीकार गर्दै नेपाली सेना, बारबरा फाउन्डेसनलगायतलाई दोष दिएर चुनावै हाइज्याक गरेको आरोप लगाएर पन्छिन खोजेको छ । यत्रो हन्डर खाएपछि पाठ सिक्नुपर्नेमा उल्टो बाटोमा हिँड्न खोजेको हो कि जस्तो देखिन्छ ।



सुहाङ नेम्वाङलाई दलको नेता बन्न पार्टी महासचिव शंकर पोखरेललगायतले रोकेको भन्दै विरोधस्वरूप एमालेनिकट विद्यार्थी पार्टी कार्यालयमा धर्नामा । **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

शुरोजंग पाण्डे/नयाँ पत्रिका

गत २१ फागुनको चुनावमा अकल्पनीय हारपछि पार्टी सुधारका लागि पुनर्गठनको दबाब बढिरहेका बेला एमालेले युवा सांसद सुहाङ नेम्वाङलाई संसदीय दलको नेतामा रोकेर विरोधका आवाजलाई निषेध गर्ने संकेत गरेको छ । बुधबार संसदीय दलको चुनावी प्रक्रियामा नेम्वाङलाई दलको नेताको उम्मेदवारीमै रोकेर समानुपातिकबाट सांसद बनेका रामबहादुर थापा बादललाई सर्वसम्मत नेता घोषणा गरिएसँगै महासचिव शंकर पोखरेलसहित संस्थापन पक्षका नेताहरूमाथि आलोचना बढेको छ ।

पार्टी केन्द्रीय कार्यालयमा पोखरेलसहितका नेताहरूको विरोधमा लगातार धर्ना र दबाबका कार्यक्रम अघि बढेको छ भने संसद्मा थापाले बिहीबार गरेको सम्बोधनलाई लिएर पदाधिकारी तहकै नेताहरूले चर्को असन्तुष्टि व्यक्त गरेका छन् ।

नेतृत्वको पछिल्लो कदम र असन्तुष्टिलाई हेर्दा एमाले सुधारको बाटोको सट्टा उल्टो यात्रातिर हिँडेको विश्लेषकहरूको टिप्पणी छ । 'संसदीय दलको नेता चयनपछि रामबहादुर थापाले संसद्मा बोलेको धारणालाई समेत जोडेर हेर्दा एमालेले सुधिने छाँट देखाएन । चुनावी परिणामबाट अलिहेसम्मकै ठुलो ठक्कर खाँदा पनि एमालेको चेत खुलेको देखिएन,' राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेलले भने, 'चुनावी परिणाम अस्वीकार गर्दै नेपाली सेना, बारबरा फाउन्डेसनलगायतलाई दोष दिएर चुनावै हाइज्याक गरेको आरोप लगाएर पन्छिन खोजेको छ । यत्रो हन्डर खाएपछि पाठ सिक्नुपर्नेमा उल्टो बाटोमा हिँड्न खोजेको हो कि जस्तो देखिन्छ ।'

युवा सांसद नेम्वाङलाई पार्टी नेतृत्वको दबाबमा महासचिव शंकर पोखरेलले योजनाबद्ध रूपमै उम्मेदवार बन्न नदिएको आरोपसहित विद्यार्थीको एउटा समूहले बिहीबार पार्टी कार्यालयमा झन्डै पौने घण्टा प्लेकार्डसहित धर्ना दिएको छ । त्यही समूहले बुधबार राति पनि पार्टी कार्यालय पुगेर प्रदर्शन गरेको थियो । नेतृत्वको कार्यशैली निरंकुश भएको र पार्टी कमजोर हालतमा पुग्दा पनि देशमा व्यक्त जनमत र युवाहरूको भावनालाई अवमूल्यन गरिएको भन्दै विरोधमा युवाहरूले प्रदर्शन गरेका हुन् ।

पार्टी कार्यालय च्यासलमा प्लेकार्डसहित प्रदर्शन गरेका युवाहरूले आजसम्मको योगदानका लागि आभार व्यक्त गर्दै अब नयाँ पुस्ताको नेतृत्व र विचारलाई अघि सार्नुपर्ने माग गरेका छन् । उनीहरूले 'हामी कार्यकर्ता हौं, नेताको दास होइन', 'नेतृत्व सुधिएन भने विद्रोह हुन्छ', 'जबजलाई लागू गर, जबजको अपव्याख्या बन्द गर'जस्ता नारा लेखिएका पम्प्लेट प्रदर्शन गरेका थिए ।

'नेकपा एमालेका युवा'का नाममा संगठित समूहले धर्नाका क्रममा पार्टीलाई पुनर्गठन गर्न विशेष महाधिवेशनको दिशामा अगाडि बढाउनुपर्ने मागसमेत राखेका छन् ।

केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले युवा-विद्यार्थीको असन्तुष्टिसहितको विरोध प्रदर्शनबारे पार्टी नेतृत्वलाई जानकारी भइसकेकाले आन्तरिक मामिलाको विषय बैठकको छलफलबाटै सम्बोधन हुने बताए । 'उहाँहरू आएर केहीबेर प्लेडकार्डसहित प्रदर्शन गर्नुभएको छ, आन्तरिक विषय भएकाले पार्टी नेतृत्वलाई जानकारी गराइएको छ, नेतृत्वले अबको बैठकबाट छलफल गरेर रेस्पोन्स गर्ला,' उनले भने । एमाले केन्द्रीय सचिवालय बैठक शुक्रबार केन्द्रीय कार्यालयमा डाकिएको छ ।

■ सुहाङ नेम्वाङले भने-

कालकुट विष पिएँ, परिणाम जे आए पनि अविचलित छु

संसदीय दलको नेता बन्न नदिइएपछि नेम्वाङले पनि सार्जजनिक रूपमा असन्तुष्टि पोखेका छन् । उनले आफ्ना विचार पार्टीका फोरमहरूमै राख्ने तयारी भए पनि सामाजिक सञ्जालमा आएका प्रतिक्रियाहरू सम्बोधनका लागि टिप्पणी गर्न बाध्य भएको खुलाएका छन् । 'मेरो उम्मेदवारी कुनै पदको तृष्णा वा व्यक्तिगत महत्त्वाकांक्षा थिएन । बरु, यो पार्टीभित्र नयाँ आशा, उत्साह र गति पैदा गर्ने एउटा प्रयास थियो । म जानकार छु, हाम्रो मनोविज्ञान र गरिआएको अभ्यासका आधारमा मेरो यो कदम व्यक्तिगत रूपमा फाइदाजनक नहोला । मलाई यो पनि बोध छ, 'बाक्लो अँध्यारो चिरेर उज्यालो ल्याउन कोही न कोही त स्वयं मैनबत्ती बनेर जल्नैपर्छ । मजस्तै हजारौं युवाहरूको मनमा सल्किएको चिन्ताको आँधीबेहरी देखेर मैले 'कालकुट विष' पिएको हुँ । प्राविधिक परिणाम जे-जस्तो आए पनि पार्टी र आन्दोलनलाई जीवन्त राख्न यस्ता अभ्यासहरू जारी राख्नुपर्छ भन्नेमा म अविचलित छु,' उनले लेखेका छन् ।



नेम्वाङले पार्टी नेतृत्वलक्षित नकारात्मक र आवेगपूर्ण टिप्पणी नगर्न पनि ध्यानाकर्षण गराएका छन् । 'सामाजिक सञ्जालमा एक-अर्काप्रति लक्षित नकारात्मक टिप्पणीले हाम्रो साझा प्रयासलाई मात्र कमजोर बनाउँछ । म पुनः विनम्रताका साथ पार्टी, नेतृत्व र नेताहरूका विरुद्ध आवेगपूर्ण टिप्पणी नगरिदिनुहुन अनुरोध गर्दछु,' उनले भनेका छन् । नेपाली राजनीतिमा 'प्याराडाइम सिफ्ट' भएको र नयाँ मानक, बिम्ब एवं मूल्यहरू निर्माण भएका कारण पनि आफूले उम्मेदवारी दिने योजना बनाउन बाध्य भएको उनले स्मरण गरेका छन् ।

■ नेकपाको चुनावी समीक्षा

आन्तरिक र बाह्य कारणले अस्वाभाविक परिणाम

प्रेम गौतम/नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीले आन्तरिक र बाह्य कारणले निर्वाचनमा अस्वाभाविक परिणाम आएको निष्कर्ष निकालेको छ । आन्तरिक कारणमा क्रान्तिपछि सामाजिक रूपान्तरण नहुनु, संगठनात्मक समायोजन नहुनु, विचारधारात्मक काम नहुनु, युवाहरू पार्टीमा आबद्ध नहुनु, वामशक्ति एकताबद्ध नहुनु, परिवर्तनको महत्त्व बुझाउन नसक्नु, भएका कामको प्रचार नहुनुलाई औंल्याइएको छ ।

यस्तै, सिद्धान्त र व्यवहारमा अन्तर हुनु, अवसरवादी प्रवृत्ति र व्यक्तिवादी कार्यशैली, प्राविधिक जनशक्ति र स्रोत-साधनको कमी, विकल्पका रूपमा प्रस्तुत हुन नसक्नुलाई कारण मानिएको छ ।

नेकपाले बाह्य कारणमा पुरानो दलविरोधी अभियान, वामशक्तिमाथिको प्रहार, भूराजनीतिक तथा बाह्य शक्तिकेन्द्रको चलखेल, डिजिटल सुनामी, लोकप्रियतावादी शक्तिको प्रचार र प्रहार, विदेशमा बस्ने नेपालीको भूमिकालाई ठानेको छ ।

'असामान्य अवस्थामा भएको निर्वाचनको परिणाम पनि असामान्य नै आएको छ । यसले लोकप्रियतावादी शक्तिलाई सत्तासीन बनाएको छ भने पुराना ठुला दलहरूलाई मात्र होइन, राजावादी र पहिचानवादी शक्तिहरूलाई समेत कमजोर बनाएको छ । यस परिणामले अहिलेको निर्वाचन प्रणालीबाट एउटा पार्टीले बहुमत ल्याउन सक्दैन भन्ने धारणालाई खण्डित गरेको छ । र, अब चुनाव विचार र मुद्दामा होइन प्रविधिको प्रतिस्पर्धामा हुन्छ भन्ने मान्यता स्थापित गरेको छ । अब परम्परागत संगठन र प्रचार शैलीले चुनाव जित्न सकिँदैन भन्ने पनि स्थापित गरेको छ । राजनीतिमा प्रविधिको प्रभाव बढ्दै जाने देखाएको छ । यसले दिएका यी शिक्षालाई आत्मसात् गरी अघि बढ्नु जरुरी छ,' नेकपाले समीक्षामा प्रतिवेदनमा भनेको छ ।

समीक्षा प्रतिवेदन आगामी बैठकमा प्रस्तुत हुने नेताहरूले बताएका छन् । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार बसेको केन्द्रीय कार्यसंयोजन समितिको बैठकमा निर्वाचनमा परिणामको प्रारम्भिक समीक्षा भएको हो । नेकपाको केन्द्रीय कार्यसंयोजक समिति ४५ सदस्यीय छ । संयोजक पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बसेको बैठकको सञ्चालन सहसंयोजक माधवकुमार नेपालले गरेका थिए । प्रचण्डले गम्भीर समीक्षा गरेर रूपान्तरणसहित पार्टी अगाडि बढ्ने बताएका छन् । उनले विकसित परिस्थितिअनुसार ठोस विश्लेष्ण गरेर पार्टीलाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् ।

■ रचनात्मक प्रतिपक्षको भूमिका



प्रभावकारी रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने र राष्ट्र र जनसरोकारका विषय प्रभावकारी ढंगले उठाउने रणनीति नेकपाले लिएको छ । 'संसद्मा प्रभावकारी रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने । राष्ट्र र जनसरोकारका विषयमा प्रभावकारी ढंगले प्रस्तुत हुने,' नेकपाको योजना छ । यस्तै, प्रदेश र स्थानीय तहमा रहेको पार्टीसँग सम्बन्धित प्रतिनिधिलाई अझ बढी जनपक्षीय काम गर्ने गरी परिचालन गर्ने रणनीति पनि नेकपाले बनाएको छ । पार्टीका नेता तथा कार्यकर्ताको कार्यशैली, जीवनशैली र आचरण सुधार गर्न ठोस कार्ययोजना बनाउने तयारी नेकपाको छ ।

तत्कालै सांगठनिक, वैचारिक, आर्थिक र प्राविधिक कामको ठोस कार्ययोजना बनाएर अगाडि बढ्ने नेकपाको योजना छ । जसअन्तर्गत अबको ६ महिनाभित्र पार्टीको एकता राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने कार्ययोजना नेकपाको छ । त्यसअघि तत्काल पार्टी संगठन र पार्टीसम्बद्ध जनवर्गीय संगठनहरूलाई नयाँ ढंगले पुनर्गठन र रूपान्तरण गर्ने, एक महिनाभित्र पालिका तहसम्मका सबै संगठन समायोजन गर्ने र नभएका स्थानमा नयाँ संगठन निर्माण गर्ने र तीन महिनाभित्र सबै वडामा संगठन निर्माण गरिसक्ने कार्ययोजना छ । अबको तीन महिनाभित्र पार्टी सदस्यता नवीकरण गरिसक्ने र पाँच महिनाभित्र वडा, पालिका, जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गर्ने नेकपाको योजना छ । पार्टी संगठनको मात्र नभई नेतृत्वको पनि पुनर्गठन र रूपान्तरण गर्न जरुरी रहेको नेकपाले औंल्याएको छ । त्यसका निम्ति ठोस कार्ययोजना बनाएर अगाडि बढ्ने नेकपाको तयारी छ । संगठन समायोजन र पुनर्गठनसँगै सघन रूपमा सैद्धान्तिक/वैचारिक प्रशिक्षण अभियान सञ्चालन गर्ने र त्यसका लागि व्यवस्थित पाठ्क्रम बनाउने योजना नेकपाको छ ।

सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै दिन परिपत्र

पत्रकार महासंघलगायत संघसंस्थाको विरोध

नयाँ पत्रिका

अबदेखि सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै प्रकाशन/प्रसारण गर्न सरकारले निर्देशन दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार पत्राचार गरेर यस्तो निर्देशन गरेको हो । पत्रमा उल्लेख भएअनुसार अब संघअन्तर्गतका मन्त्रालयसहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, स्थानीय तह, आयोगले विज्ञापन तथा सूचना प्रकाशन गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपालमा मात्रै गर्नुपर्नेछ ।

'सार्वजनिक निकायबाट सार्वजनिक खरिदलगायतका सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवं सोअन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजनजस्ता सरकारी एवं सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नुपर्नेछ,' पत्रमा छ । सरकारको निर्णयको नेपाल पत्रकार महासंघसहित विभिन्न पत्रकार संघ-संस्थाले विरोध जनाएका छन् । सरकारको यो निर्णयले निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति सिर्जना हुने महासंघले जनाएको छ । महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा तत्काल निर्णय फिर्ता लिन माग गरिएको छ । 'सरकारको यो निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति एकातिर सर्जना भएको छ भने अर्कोतिर प्रेस सेन्सरसिपको अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने महासंघको ठहर छ,' विज्ञप्तिमा छ ।

काग्रेसनिकट प्रेस युनियनले सरकारले विज्ञापनको दायरा विस्तार गरी निजी लगानीका सञ्चारमाध्यमलाई थप सशक्त, आत्मनिर्भर र प्रतिस्पर्धी बनाउनुपर्नेमा उल्टै विज्ञापन रोकेर अघोषित रूपमा निजी सञ्चारमाध्यममाथि आर्थिक नाकाबन्दी गर्न खोजेको दाबी गरेको छ ।

'निजी सञ्चारमाध्यम आर्थिक रूपमा कमजोर हुनु भनेको स्वतन्त्र पत्रकारिता कमजोर हुनु हो । यसले जनताको सूचनामा पहुँच कमजोर बनाउँछ । कोभिड- १९ महामारीको प्रभाव, आर्थिक मन्दी तथा विभिन्न आन्दोलनका कारण संकटग्रस्त अवस्थामा रहेका निजी सञ्चारमाध्यमहरूलाई सरकारी विज्ञापन रोक्ने निर्णयले थप संकटमा धकेल्ने निश्चित छ । यसबाट हजारौं श्रमजीवी पत्रकार, प्राविधिक तथा सञ्चारकर्मीहरूको रोजगारी जोखिममा पर्नेछ, जसले सामाजिक तथा आर्थिक असन्तुलन निम्त्याउन सक्छ,' युनियनले भनेको छ ।

एमालेनिकट प्रेस चौतारीले सरकारको यो कदमविरुद्ध विरोध गर्दै निजी क्षेत्रबाट सञ्चालित सञ्चारमाध्यमहरूको अस्तित्वमाथि प्रत्यक्ष प्रहार गरेको दाबी गरेको छ । 'निर्णयले सञ्चार उद्योगलाई मात्र नभई सिंगो प्रेस जगत्, अभिव्यक्ति स्वतन्त्रता तथा लोकतान्त्रिक व्यवस्थामाथि नै गम्भीर असर पार्ने देखिन्छ । साथै, नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, प्रचलित प्रेससम्बन्धी कानुन तथा अन्तर्राष्ट्रिय लोकतान्त्रिक मान्यतासमेत यसबाट उल्लंघन भएको स्पष्ट देखिन्छ,' विज्ञप्तिमा छ ।

नेकपानिकट प्रेस सेन्टर नेपालले सरकारको यो निर्णयले नेपालको राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना तथा संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको प्रेस जगत्लाई कमजोर बनाउने जनाएको छ । 'सामुदायिक तथा निजी सञ्चारमाध्यमहरूसँग हजारौं श्रमजीवी पत्रकार तथा सञ्चारकर्मीहरू जोडिएका यथार्थलाई बेवास्ता गर्न मिल्दैन । सञ्चारमाध्यम लोकतन्त्रमा महत्त्वपूर्ण प्रतिपक्षीय शक्ति र समाजका आवाजविहीन नागरिकको आवाज उठाउने प्रमुख माध्यम हो,' विज्ञप्तिमा छ । नेपाल विज्ञापन संघले सरकारको निर्णयले विज्ञापन एजेन्सीको भूमिकामाथि अंकुश लगाउन खोजेको आरोप लगाएको छ । सरकारी सञ्चारमाध्यममा मात्र सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्ने र सिधै भुक्तानीको व्यवस्था गर्नुपर्ने हुँदा अन्तर्राष्ट्रिय रूपमा स्थापित र नेपालमा पनि औद्योगिक स्वरूप धारण गरिसकेको विज्ञापन तथा सञ्चार उद्योगलाई अंकुश लाग्न पुगेको उल्लेख गरेको छ ।

सुदूरपश्चिममा सांसदका स्वकीय सचिवालय खारेज

धनगढी/ संघीय सरकारले परिपत्र गरेको ६ महिनापछि सुदूरपश्चिम सरकारले प्रदेश सांसदको स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय गरेको छ । संघको परिपत्रअनुसार मुख्यमन्त्री र मन्त्रीहरूको स्वकीय सचिवालय संख्या कटौती गर्ने निर्णय पनि प्रदेश मन्त्रिपरिषद् बैठकले बुधबार गरेको छ ।

जेन-जी आन्दोलनपछि गठन भएको सरकारले खर्च कटौतीका लागि संघ र प्रदेश सांसद तथा राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने तथा प्रदेशमा मन्त्रीहरूको स्वकीय सचिवालय संख्या बढीमा तीनजना मात्र नियुक्त गर्न सक्ने निर्णय गत ५ असोजमा गरेको थियो । उक्त निर्णय कार्यान्वयन गर्न भन्दै संघीय अर्थ मन्त्रालयले प्रदेशलाई परिपत्र पठाएको थियो । संघको परिपत्रअनुसार सांसदका स्वकीय सचिवको तलब असोजदेखि नै रोकिए पनि नियुक्ति भने खारेज गरिएको थिएन । मन्त्रिपरिषद्ले १५ चैतसम्म स्वकीय सचिवहरूको तलब भुक्तानी गरेर स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय गरेको छ । प्रदेश सभाका पदाधिकारीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनअनुसार प्रदेश सांसदले नासु तहको स्वकीय सचिव नियुक्त गरेका थिए । सुदूरपश्चिममा मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनअनुसार मुख्यमन्त्रीले ११ र मन्त्रीले पाँचजनासम्म स्वकीय सचिवालय राखेका थिए । मुख्यमन्त्री कमलबहादुर शाहले राजनीतिक सल्लाहकार र प्रेस तथा जनसम्पर्क सल्लाहकार पनि नियुक्त गरेका थिए ।

नेपाल एयरलाइन्सले दुबई र दमामबाट उड्डार उडान भर्ने

काठमाडौं/ परराष्ट्रमन्त्री शिशिर खनालको पहलमा नेपाल एयरलाइन्सले शुक्रबारदेखि आइतबारसम्म युएईको दुबई र साउदी अरबको दमामबाट नेपालीका लागि विशेष उडान भर्ने भएको छ । मंगलबार परराष्ट्र मन्त्रालयमा भएको सरोकारवाला निकायको बैठकपछि नेपालीलाई यात्रा सहजीकरण गर्न उड्डार उडान गर्ने तय भएको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण तथा नेपाल एयरलाइन्सका प्रतिनिधिहरूसँग परराष्ट्रमन्त्री खनालले छलफल गरेका थिए । पश्चिम एसिया (खाडी क्षेत्र)मा रहेका नेपाली नागरिकको यात्रा आवश्यकतालाई सहजीकरण गर्ने तथा आवश्यक हवाई सम्पर्क निरन्तरता सुनिश्चित गर्ने उपायहरूबारे बैठकमा छलफल भएको परराष्ट्रले विहीबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । इरानमाथि अमेरिका र इजरायलले १६ फागुनमा आक्रमण गरेपछि पश्चिम एसियामा जारी तनाव तथा सुरक्षा अवस्थाका कारण नियमित उडान स्थगित हुँदै आएका छन् ।

■ फेक रेस्क्यु प्रकरण

१० जनाविरुद्ध एक लाखदेखि ३० लाखसम्म धरौटी माग, २२ विरुद्ध पक्राउ पुर्जी

नयाँ पत्रिका

नेपाल घुम्न आएका विदेशी पर्यटकको उद्धारपछि उपचार गरेको भन्दै नक्कली कागजात बनाई बिमा रकम ठगी गर्ने १० जनाविरुद्ध एक लाखदेखि ३० लाख रुपैयाँसम्मको धरौटी माग गरिएको छ । फरार २२ जनाको हकमा भने पक्राउ पुर्जी जारी भएको छ ।

जिल्ला अदालत काठमाडौंमा बिहीबार थुनछेक बहस भएको थियो । अदालतले पक्राउ परेकामध्ये मुक्ति पाण्डे, जयराम रिमाल, सुवास केसी र रवीन्द्र अधिकारीको हकमा ३०-३० लाख रुपैयाँ धरौटी रकम माग गरेको छ । त्यस्तै, डा. गीर्वाणराज तिमल्सिना, विवेक पाण्डे, सन्तोष अधिकारी भनिने खेमराज अधिकारी, पासाङ शेर्पा र सन्दीप तिवारीको हकमा पाँच-पाँच लाख र विवेकराज थपलियालाई एक लाख रुपैयाँ धरौटी माग गरेको छ । जिल्ला अदालत काठमाडौंका प्रेस्तेदार तीर्थराज भट्टराईले फेक रेस्क्यु प्रकरणमा १० जनाविरुद्ध धरौटी खुलेको र बाँकीको हकमा पक्राउ पुर्जी जारी भएको बताए ।

'फेक रेस्क्यु घटनामा संलग्न १० जनाविरुद्ध धरौटी खुलेको छ । बाँकीको हकमा पक्राउ पुर्जी जारी भएको छ । फरार रहेकाले उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको हो,' उनले भने ।

धरौटी माग गरिएकामध्ये रिमाल र पाण्डे माउन्टेन रेस्क्यु सर्भिस प्रालिका मालिक र म्यानेजर हुन् । अधिकारी नेपाल चार्टर सर्भिस प्रालिका मालिक र थपलिया म्यानेजर हुन् । पाण्डे र केसी एभरेस्ट इक्सपेरियन्स एन्ड असिस्टेन्स प्रालिका मालिक हुन् । डा. तिमल्सिना श्रीद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक हुन् । शेर्पा प्यानरोमा हिमालय ट्रेकिङ एन्ड एक्सपेडिसनका सञ्चालक र तिवारी रोयल होलिडेज एडभेन्चर्ससँग आबद्ध छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले फेक रेस्क्यु प्रकरणको अनुसन्धान गरेको थियो । सिआइबीले घटनाका मुख्य मतियार हवाईविज्ञ राजेन्द्रबहादुर सिंहसहित ३३ जनाविरुद्ध संगठितसहित राज्यविरुद्धको अपराध कसुरमा मुद्दा चलाउनुपर्ने राय सरकारी वकिल कार्यालय काठमाडौंमा पेस गरेको थियो । तर, कार्यालयले सिंहलाई हटाएर ३२ जनाविरुद्ध मात्रै मुद्दा चलाएको थियो । गत ८ चैतमा दर्ता मुद्दामा बिहीबार थुनछेक बहस सकिएको थियो । अदालतमा दर्ता भएको अभियोग पत्रअनुसार उनीहरूविरुद्ध एक अर्ब ५१ करोड रुपैयाँ मूल्यबराबरको धनमाल जफत गर्ने भनिएको छ । त्यसमध्ये एक अर्ब १० करोड २९ लाख १० हजार ४०३ रुपैयाँ नेपाली रहेको छ । बाँकी २९ लाख ९८ हजार ८१८ अमेरिकी डलर र १४ हजार ५०० युरो छ । जसको नेपाली रुपैयाँ करिब ४० करोड ७० लाख ८९ हजार ५९७ रुपैयाँ हुन आउँछ ।

सिआइबीका अनुसार पक्राउ परेकाले सन् २०२२ यता मात्रै नक्कली कागजातका आधारमा झन्डै दुई अर्ब ८५ करोड ६२ लाख ५० हजार १६५ रुपैयाँ बिमा दाबी गरेको थिए । सन् ०२२ यता माउन्टेन रेस्क्युले मात्रै एक हजार २४८ विदेशी पर्यटकको रेस्क्यु गरेको तथ्यांक छ । जसमध्ये १७१ पर्यटकको रेस्क्यु नक्कली रहेको देखिन्छ । अर्थात् १६ करोड ७३ लाख १८ हजार २५५ रुपैयाँ रकम माग गरेको छ ।



वातावरणीय प्रभाव मूल्यांकनमा विश्वविद्यालयको भूमिका

नेपालका विश्वविद्यालयले वातावरणीय अध्ययन प्रतिवेदनका सन्दर्भमा आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सकेका छैनन्



● चन्द्रमणि अर्याल

अग्रलेख

दिगो विकास आजको आवश्यकता हो। वातावरण संरक्षण नै दिगो विकासको मुख्य आधार हो। आममानिसमा पूर्वाधार विकासको अभिलाषासँगै राज्यको लगानी बढ्दै गरेको सन्दर्भमा आयोजना कार्यान्वयनपूर्व गरिने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन दिगो विकास हासिल गर्ने कडी बन्न सक्छ। त्यसका लागि राज्यका निकायसँगै अन्य सरोकारवालाको पनि उत्तिकै भूमिका हुन सक्छ। ती सरोकारवालामध्ये विश्वविद्यालय पनि एक हो। वातावरणीय अध्ययन प्रतिवेदनका सन्दर्भमा नेपालका विश्वविद्यालयले आफ्नो भूमिका निर्वाह गर्ने सन्दर्भमा पर्याप्त खाडल रहेको कुरामा कसैको दुईमत नहोला।

वातावरण प्रभाव मूल्यांकन दिगो विकासको आधार

भौतिक, सामाजिक तथा आर्थिक पक्ष नै वातावरणका प्रमुख तीन अवयव हुन्। कुनै पनि विकास निर्माणका कार्य गर्दा यी तीन अवयवबिच सन्तुलन कायम गर्न सके मात्र त्यो विकास दिगो हुन सक्छ। भौतिक, सामाजिक र आर्थिक अवयव एक-अर्कामा अन्योन्याश्रित हुन्छन्।

दिगो विकासका लागि कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नुअघि त्यो प्रस्तावका कारण भौतिक (भौतिक, रासायनिक तथा जैविक), सामाजिक (सामाजिक, राजनीतिक, सांस्कृतिक), र आर्थिक वातावरणमा पर्न सक्ने प्रभाव वा वातावरणका कारण सो प्रस्तावमा पर्न सक्ने प्रभावहरूको पहिचान गरी त्यसको उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। वातावरणीय अध्ययन प्रतिवेदनले वातावरणका सबै अवयवमा पर्ने प्रभावको मूल्यांकन गरी तिनको न्यूनीकरणका उपाय सुझाई दिगो विकासको आधार तयार पार्छ।

नेपालले पनि विकासका कार्य अघि बढाउने सन्दर्भमा वातावरणका मुद्दा समयमै पहिचान गरी व्यवस्थापन गर्नु आवश्यक हुन्छ भन्ने हृदयंगम गरी वातावरण संरक्षण ऐन २०५३ जारी गरेको र वातावरण प्रभाव अध्ययन र त्यसले दिएको सुझाव कार्यान्वयन गर्न थालेको तीन दशकभन्दा बढी भयो।

वातावरण प्रभाव मूल्यांकनमा विश्वविद्यालयको योगदान

वातावरणीय अध्ययन प्रतिवेदनका सन्दर्भमा विश्वविद्यालयको भूमिका या योगदानबारे छलफल गर्दा सबैभन्दा प्रमुख योगदान दक्ष जनशक्तिको उत्पादनमा रहेको छ। हाल त्रिभुवन, काठमाडौं, पोखरा, मध्यपश्चिम, पूर्वाञ्चल तथा सुदूरपश्चिम विश्वविद्यालयले वातावरण विज्ञान, वातावरण व्यवस्थापन तथा वातावरण इन्जिनियरिङका कार्यक्रम सञ्चालन गरिरहेका छन्। ती विषयमा स्नातक र स्नाकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थी नै नेपालका सन्दर्भमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने प्रमुख जनशक्ति हुन्। तर, विश्वविद्यालयको भूमिका जनशक्ति उत्पादनमा मात्र सीमित भएजस्तो भान हुन्छ।

खोइ पैरवी ?

वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने तर त्यसमा दिइएका सुझाव कार्यान्वयन नगर्ने हो भने त्यो प्रतिवेदनको अर्थ रहन्न। वातावरण संरक्षण ऐनको दफा २१ को उपदफा २ (क) ले ऐनको दफा ३ को उपदफा २ को खण्ड (क) बमोजिम तयार भएको तथा दफा ७ बमोजिम स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन भए-नभएको अनुगमन गर्ने जिम्मेवारी वातावरण निरीक्षकलाई प्रदान गरेको छ। यस प्रावधान कार्यान्वयनका लागि देशका सबै ७५३ वटा पालिका तथा संघीय सरकार एवं प्रदेश सरकारका मन्त्रालय तथा अन्य निकायमा कम्तीमा एक-एकजना वातावरण निरीक्षकको दरबन्दी हुनुपर्ने हो। तर, अधिकांश निकायमा वातावरण विज्ञानसँग सम्बन्धी जनशक्ति नै छैनन्। जसका कारण वातावरणीय अध्ययन प्रतिवेदनका कतिपय प्रावधानको कार्यान्वयन भए-नभएको अनुगमन नै हुन सकेको छैन।

वातावरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने सबै विश्वविद्यालयको दायित्व आफूले उत्पादन गरेको जनशक्तिले आफ्नो सीप र क्षमताबमोजिमका कार्य गर्न पाउने अधिकार स्थापित गर्नु पनि हो। एकातिर उत्पादित जनशक्ति बेरोजगार रहनुपर्ने र अर्कातर्फ सम्बन्धित संयन्त्रमा दक्ष जनशक्ति नहुने दुवै कुरा दुःखदायी हो। उत्पादित जनशक्तिलाई क्षमताअनुसार काम गर्ने वातावरण सिर्जना गर्ने र त्यसका लागि आवश्यकताअनुरूप सम्बन्धित निकायसमक्ष निरन्तर पैरवी (लबी) गर्ने दायित्व पनि विश्वविद्यालयको र त्यसमा पनि सम्बन्धित विभागको भन्ने कुरा हृदयंगम गर्न जरुरी छ।



वातावरणीय अध्ययन प्रतिवेदनसम्बन्धी प्रावधान कार्यान्वयनका लागि देशका ७५३ वटै पालिका तथा संघीय र प्रदेश सरकारका मन्त्रालय तथा अन्य निकायमा कम्तीमा एक-एकजना वातावरण निरीक्षकको दरबन्दी हुनैपर्छ

उत्पादित जनशक्तिलाई क्षमताअनुसार काम गर्ने वातावरण सिर्जना गर्ने र त्यसका लागि निरन्तर पैरवी गर्ने दायित्व विश्वविद्यालय र त्यससँग सम्बन्धित विभागको हो।

वातावरणीय अध्ययनमा अनुसन्धान

वातावरण विज्ञानका पाठ्यक्रममा वातावरणीय अध्ययन गर्नका लागि धेरै विषय समावेश गरिएका छन्। त्रिभुवन विश्वविद्यालयको सन्दर्भमा वातावरण विज्ञानको पाठ्यक्रममा मात्रै नभएर जीव विज्ञान, वनस्पति विज्ञान, वन विज्ञान, ग्रामीण विकास, भूगोल आदि विषयका पाठ्यक्रममा समेत वातावरणीय अध्ययनका विषय समेटिएका छन्। अरू विषयमा वातावरणीय अध्ययनको परिचय मात्र दिने गरी समावेश गरिएको भए पनि हामीले पनि वातावरणीय अध्ययनबारे पढेका छौं भन्ने गरेको सुनिन्छ। तर, वातावरण विज्ञानको स्नातक प्रथम वर्षदेखि स्नातकोत्तर तहसम्म पढाइने सबै विषयमा वातावरणीय अध्ययनका लागि आवश्यक हुने सम्पूर्ण पक्ष समेटिएका छन्।

पाठ्यक्रम परिमार्जनका क्रममा सम्बन्धित सरोकारवालासँग छलफल गरी कुनै विषय अपुग भएको भएमा थप गरी परिमार्जन गर्न सकिन्छ।

विश्वविद्यालयको दायित्व ज्ञान दिनुका साथै ज्ञानको सिर्जना गर्नु पनि हो। तर, वातावरणीय अध्ययन प्रतिवेदनका सन्दर्भमा आवश्यक अध्ययन अनुसन्धानमा विश्वविद्यालयले आफ्नो भूमिका निर्वाह गर्न सकेका छैनन्। वातावरणीय अध्ययनलाई कला र विज्ञानको संयोजन भन्ने गरिन्छ। पर्याप्त अनुसन्धान नहुँदा हामीले उत्पादन गरेका जनशक्तिले तयार पारेका अध्ययन प्रतिवेदनमा विज्ञानको पक्ष कमजोर बनेको छ। उदाहरणका लागि विकास निर्माणमा वातावरणीय प्रभाव न्यूनीकरणका लागि धुलो नियन्त्रण गर्न पानी छर्कने, बाटोको छेउछाउ बिरुवा लगाउनेजस्ता सामान्य उपाय सुझाइएका हुन्छन्। धुलो नियन्त्रणका लागि कस्तो मौसममा, कस्तो माटो भएको ठाउँमा, दिनमा कति पानी छर्कनुपर्छ, कस्ता किसिमका बोटबिरुवा लगाउन उपयुक्त हुन्छ जस्ता अनुसन्धानचाहिँ भएका छैनन्। त्यसका साथै वातावरणीय अध्ययनले दिएका अरू वातावरणीय प्रभाव मूल्यांकनका उपाय प्रभावकारी छन् कि छैनन्, कति उपाय अवलम्बन गरिएका छन्, कति उपाय प्रतिवेदनका पानामा मात्रै सीमित छन्, यी सबै अनुसन्धानका विषय हुन सक्छन्। जुन हामीले एकदमै सीमित मात्रै गरेका छौं वा गरेकै छैनौं भन्दा पनि फरक पर्दैन।

उल्लिखित धेरै विषय वातावरणीय अनुगमन, मूल्यांकन तथा वातावरणीय परीक्षणका क्षेत्राधिकारभित्र पर्छन्। तर, अनुगमनको विविध सीमितताका कारण विषयको गहिराइमा पुगेर त्यो अध्ययन गर्न सकिँदैन। त्यसैले पनि यो जिम्मेवारी अनुसन्धानकर्ता र त्यसमा पनि वातावरण विज्ञान पढाउने विश्वविद्यालयको दायित्वभित्र पर्छ। त्यसका साथै विश्वविद्यालयका प्राध्यापक नै विभिन्न समयमा वातावरणीय अध्ययनसँग सम्बन्धित विषयमा विज्ञका रूपमा सहभागी हुँदै आउनुभएको छ। विज्ञले दिने सुझाव तथ्य र तथ्यांकमा आधारित हुन आवश्यक छ। यसले पनि वातावरणीय अध्ययनका सवालमा अनुसन्धान गरिनुपर्ने आवश्यकताको औचित्य स्थापित गर्न सघाउँछ। यसका साथै अध्ययन अनुसन्धानमा सहभागी विद्यार्थी पनि भविष्यमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा विज्ञानलाई समावेश गर्न सक्षम बन्छन्।

अन्त्यमा

नेपालका सन्दर्भमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने काम करिब तीन दशकभन्दा बढी समयदेखि अभ्यासमा रहेको भए पनि यसले दिगो विकासमा अपेक्षाकृत योगदान दिन सकेको छैन। यसका लागि वातावरण विज्ञानका विद्यार्थीले भूमिकाअनुरूप राज्यका निकायमा सहभागी भएर आफ्नो ज्ञान र क्षमता प्रस्तुत गर्ने मौका पाउनुपर्छ, साथै अनुसन्धानमार्फत वातावरणीय क्षेत्रमा नवीन ज्ञानको सिर्जना गरिनुपर्छ। विद्यार्थीलाई अवसर प्रदान गर्न पैरवी र वातावरणीय अध्ययनसँग सम्बन्धित अनुसन्धानलाई विश्वविद्यालयले प्राथमिकतामा राखी अघि बढाउनुपर्छ। अनि, मात्र विश्वविद्यालयले आफ्नो भूमिका पूरा गरेको मान्न सकिन्छ।

(अर्याल त्रिभुवन विश्वविद्यालयअन्तर्गत वातावरण विज्ञान विभागका उपप्राध्यापक हुन्)

३ प्रश्न

संसद्का पूर्वमहासचिव **सूर्यकिरण गुरुङ**लाई



नवनिर्वाचित संसद्ले कस्ता कार्यसूचीलाई प्राथमिकता दिनुपर्ला ?

संसद्ले आफ्ना नियमित कार्यसूचीलाई नै अघि बढाउनुपर्छ। सबैभन्दा पहिले सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्नेछ। त्यसपछि नीति तथा कार्यक्रम आउँछ। त्यसले वर्षभरिको कार्ययोजना प्रस्तुत गर्छ। सरकारले सय दिनमा कार्यान्वयन गर्ने गरी एक सय कार्ययोजना सार्वजनिक गरिसकेको छ। राष्ट्रपतिमार्फत सार्वजनिक हुने नीति तथा कार्यक्रम तिनै कार्ययोजना र निर्वाचनअघि रास्वपाले सार्वजनिक गरेको वाचापत्रमा आधारित हुनेछ। त्यसपछि बजेट आउँछ। पहिलो दिन दर्ता भएका अध्यादेश पारित हुनेछन्। विभिन्न ऐनको संशोधन तथा खारेजी हुनेछ। अन्य अत्यावश्यक विधेयक ल्याउने पारित गर्ने काम पनि हुनेछ।

संसद्मा सत्तापक्ष कसरी अघि बढ्नुपर्ला ?

संख्याका आधारमा हेर्दा सत्तापक्षसित दुईतिहाइनिकट बहुमत छ। तर, उसले संख्याका आधारमा दम्भ नदेखाई संयमित भई अघि बढ्नुपर्छ। रास्वपा नयाँ पार्टी नभएकाले उसका अधिकांश सांसद पहिलोपल्ट संसद् प्रवेश गरेका छन्। यस्तोमा उनीहरूलाई संसदीय अभ्यास र मर्यादा सिकाउनुपर्छ। संसद्मा आरोप-प्रत्यारोप चल्न दिनुहुँदैन। संसद्का विषयगत समितिमा पनि सत्तारुढ दलकै नेतृत्व रहने हुनाले समितिबाट हुने कार्य सम्पादनबारे पनि सांसदहरूलाई प्रशिक्षित गराउनुपर्छ। अनि, मात्र संसद् मर्यादित भई संसदीय मूल्य-मान्यतामा आधारित भई अघि बढ्न सक्छ।

विपक्षी दलहरूको भूमिकाचाहिँ कस्तो हुनुपर्ला ?

संख्या सानै भए पनि संसदीय प्रणालीमा प्रतिपक्षको भूमिका निकै महत्त्वपूर्ण हुन्छ। उसले सरकारले गरेका राम्रा काममा समर्थन र गलत काममा विरोध गर्न सक्नुपर्छ। विभिन्न नियुक्तिमा भागबन्डा खोजेर सरकारका गलत काममा आँखा चिम्लने गल्ती प्रतिपक्षले गर्नुहुँदैन। जिम्मेवार प्रतिपक्षले जहिल्यै सत्तापक्षलाई खबरदारी गरी सचेत गराउनुपर्छ। सत्तापक्षसित मोलमोलाइ गरी भागबन्डा खोजेमा पुरानै अवस्थामा पुग्ने हुनाले प्रतिपक्षले भागबन्डा खोज्नुहुँदैन।

प्रेरक प्रसंग

गाई र सिंहको बच्चा

जंगलमा एउटा पोथी सिंहको मृत्यु भएपछि उसको एउटा बच्चा एक्लो भयो। जंगलमा चर्न गएको एउटा गाईले भोकले तड्पिरहेको सिंहको बच्चालाई देख्यो। गाईभित्र रहेको ममताले सो बच्चालाई एक्लै छाड्न दिएन। सिंहको बच्चाले पनि गाईलाई आफ्नी आमाजस्तै ठानेर उसैको पछि लागिरहेको थियो। गाईले सिंहको बच्चालाई आफूसँगै लिएर गयो र आफ्नै दुध चुसाउन थाल्यो।



एक दिन एउटा सर्पले यो सब देख्यो। उसले गाईलाई भन्यो- आज तिमीले जसलाई आफ्नो दुध चुसाएर हुर्काइरहेका छौ, ठुलो भएपछि एकदिन त्यसैले तिमीलाई खानेछ। गाईले खुसी हुँदै भन्यो- आफ्ले दुध चुसाएर हुर्काएको सन्तानले मलाई कुनै दिन मारेर खाएछ भने त्यो मेरा लागि थप खुसीको क्षण हुनेछ। मलाई त्यसको कुनै चिन्ता छैन। समय बित्दै जाँदा सिंह पनि जवान भयो। गाईको दुध पिएको उसैको संगतले गर्दा उसले अन्य जनावरको मासु खानै सिकेन। ऊ जीवन निर्वाहका लागि फलफूल खान्थ्यो।

एक दिन स्याउ खाँदै गरेको सिंहलाई देखेर चितुवाले उसलाई खुब जिस्क्यायो। के तिमी सिंह हौ ? के तिमी सिंह भएर पनि मासुको साटो स्याउ खाँदै छौ ? सिंहले भन्यो- मेरी आमा गाईले मलाई अरू कुनै पनि जनावरलाई दुःख दिनुहुँदैन, मार्नु त झन् हुँदैहुँदैन भनेर सिकाएकी छिन्। चितुवाले भन्यो- त्यसो हो भने मलाई पनि तिम्री आमासित भेटाऊ न त। जब चितुवा सिंहसँग गाईको नजिक पुग्यो, उसले हत्तपत्त गाईमाथि आक्रमण गऱ्यो। सिंहले सबै कुरा बुझ्यो र उसले तत्काल चितुवामाथि आक्रमण गरेर उसलाई त्यहाँबाट लखेट्यो। भाग्दाभाग्दै चितुवाले मनमनै भन्यो- आज सिंहजस्तो शक्तिशाली सन्तानकी आमालाई क्षति पुऱ्याउन खोजेर मैले निकै ठुलो भुल गरेछु।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमालेले ठिक गरेन

यतिखेर हरेक दलमा नेतृत्व परिवर्तन र पार्टीभित्र व्यापक रूपान्तरणको माग जोडदार ढंगमा उठिरहेको छ। तर, एमालेले भने यस्ता मागबाट पूर्णतः बेखबर रहेको या यस्ता माग सुन्नै नचाहने दलका रूपमा आफूलाई उभ्याएको छ। जेन-जी आन्दोलनपछि भएको महाधिवेशनमा उसले नेतृत्व परिवर्तन गर्नुको साटो विवादैविवादमा मुछिएका पूर्वअध्यक्षलाई नै पुनः विधान संशोधन गरी अध्यक्षको टीका लगायो। अहिले संसदीय दलमा पनि युवा नेता सुहाङ नेम्बाङको साटो ७० वर्षीय पूर्वमाओवादी नेता रामबहादुर थापा 'बादल'लाई नेता चयन गरेर सुहाङका लागि प्रस्तावक र समर्थकसमेत बन्नबाट समेत सांसदलाई रोक लगाएको छ। त्यसैले, एमालेले जे गऱ्यो, बिल्कुलै गलत गऱ्यो।

● **भावना पन्त**, कलंकी, काठमाडौं

प्रभावकारी बनोस् संसद्

जेन-जी आन्दोलनपछि भएको निर्वाचनबाट नवनिर्वाचित संसद्को बैठक सुरु भएको छ। यसअघिका संसद् पटक-पटक विभिन्न बहानाबाजीमा अवरुद्ध भएका, नबनी नहुने अत्यावश्यक ऐन महिनौंसम्म अल्झिएका र संसद् कत्ति पनि प्रभावकारी नभएको जगजाहेर छ। त्यसैले, अबका दिनमा यो संसद्ले प्रभावकारी काम गरेर आमजनताको मन जित्न सकोस्, शुभकामना छ। यहाँ सत्तापक्षले बलमिच्याइँ पनि नगरोस् र प्रतिपक्षले आफू पेलिएको महसुस पनि गर्नु नपरोस्। जायज छ भने सत्तापक्षको प्रस्तावलाई प्रतिपक्षले पनि हार्दिकतासाथ सघाओस् र प्रतिपक्षका प्रस्ताव पनि ठिक छन् भने तिनलाई सत्तापक्षले पनि स्विकारोस्।

● **अमृता स्याङ्तान**, पुल्चोक, ललितपुर

किसानले पाऊन् अनुदान

'सिंगो गाउँ भैंसीपालनमा' शीर्षकको समाचार पढियो। समाचारअनुसार बाँकेको डुडुवा गाउँपालिका-३, हल्कापुर्वाका गाउँलेले झन्डै ६ सय भैंसी पालेर दुध उत्पादन गरी दैनिक ६ सय लिटर दुध बजारमा पठाइरहेका रहेछन्। तर, राज्यका निकायसम्म पहुँच नपुग्दा त्यहाँका किसानले राज्यबाट पाउने अनुदान भने पाउन नसकेको सुन्दा साह्रै दुःख लाग्यो। यहाँ नक्कली किसानले अनेकौं जाली कागजात तयार गरी सरकारी अनुदान हत्याउँदै आएका छन्। जसको कृषिसित कुनै साइनो हुँदैन, उसले चाहिँ पहुँचका भरमा अनुदान पाउने तर वास्तविक किसानले चाहिँ अनुदान नपाउने विडम्बना अब रोकिनुपर्छ।

● **समृद्ध क्षेत्री**
बुटवल-६, रुपन्देही

भ्रातृ संगठन खारेजीको विरोध किन ?

विद्यार्थी संगठन होस् या मजदुर संगठन, कर्मचारी संगठन होस् या शिक्षक-प्राध्यापक संगठन नै किन नहोस्, ती अब किन चाहियो ? हिजो परिवर्तनका वेला यी संघ-संगठन चाहियो पनि होला। तर, अब त सबैले आआफ्नो काम गरेर खाए भएन ? अनावश्यक युनियन बनाएर सरकारलाई दबाब दिनुको अर्थ के ? स्वतन्त्र युनियन भनेर दर्ता गर्ने अनि प्रशासनलाई अनावश्यक तनाव दिनेबाहेक यिनको कुनै काम छैन। कर्मचारीको हकहित युनियनले गर्नैपर्दैन, सरकारले गर्न सक्छ। विद्यार्थीको हित संगठनले होइन, विद्यार्थी स्वयंले गर्ने हो। मजदुरको हित पनि स्वयं मजदुरले नै गर्न सक्छन्। २३ भदौमा सरकारको गोलीले विद्यार्थीको ज्यान गयो। त्यो वेला तिनको हित चाहने संगठन कहाँ थिए ?

त्रिभुवन विश्वविद्यालयमा एउटा ट्रान्सक्रिप्ट लिन कैयौं दिन धाउनुपर्छ। त्यसको विषयमा कुनचाहिँ विद्यार्थी संगठनले बोल्यो ? विद्यार्थी के समस्या लिएर त्रिवि धाइरहेका छन्, त्यसबारे ती संगठनलाई कुनै चासो छैन। सानो समस्या लिएर सानोठिमी धाउने विद्यार्थीले कति सास्ती भेल्नुपर्छ, त्यसबारे कुनै संगठनलाई मतलब छैन। तैपनि, तिनले विद्यार्थीको हित हेर्छन् भनेर पत्याइदिनुपर्ने हो हामीले ? अनि, विद्यार्थीलाई पढाउन छाडेर दलको झन्डा बोक्ने शिक्षक र प्राध्यापकले विद्यार्थीको भविष्य सही बाटोमा डोऱ्याउँछन् भनेर पनि सबै अभिभावक र विद्यार्थीले पत्याइदिनुपर्ने हो ? जब तिनले आफ्नो लक्ष्यअनुसार काम गर्दैनन् भने दलहरूको झन्डा बोक्ने त्यस्ता संघ-संगठन किन चाहियो हामीलाई ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सरकारले तत्काल गर्नुपर्ने १५ काम

नेपाली नागरिकले तत्काल महसुस गर्न सक्ने नयाँ परिवर्तनसहितको विकास खोजेका हुनाले सरकारको ध्यान अविलम्ब त्यसतर्फ जानुपर्छ



● ललित ढुंगाना

बहुदलीय लोकतन्त्रमा बिरलै देख्न र सुन्न पाइने घटना अर्थात् एक युगमा एकपटक प्राप्त गरिने यति ठुलो जनमत कानुनी रूपले मात्र नभई जनता र राज्यकै अत्यन्त ठुलो नैतिक शक्ति हो। यो २१ फागुनमा सम्पन्न निर्वाचनमार्फत राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्राप्त गरेको जनताको अपार विश्वास हो। यसलाई रास्वपाले दीर्घकालसम्म कायम राख्न असाध्यै ठुलो आर्थिक क्रान्ति र ऐतिहासिक कार्य गर्नुपर्ने चुनौती पनि छ। यति ठुलो जनमतका आधारमा बनेको बालेन्द्र शाह नेतृत्वको सरकारमाथि नेपाली जनताको अभूतपूर्व आशा र चासो छ। त्यसैले, अहिलेको शक्तिशाली सरकारले तत्काल गर्नुपर्ने केही कार्यलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ :

१. आगामी पाँच वर्ष कम्तीमा सरकारी तवरबाट केन्द्र, प्रदेश र स्थानीय तहमा सवारी साधन खरिद नगर्ने निर्णय गर्ने। यसका लागि अहिले राज्यसँग भएका सम्पूर्ण मर्मत गरी सञ्चालन गर्ने र सकभर इन्धन खपत कम गर्न विद्युतीय सवारी साधनलाई प्राथमिकता दिने।

२. सम्पूर्ण सवारी साधन तथा अन्य विद्युतीय उपकरण नेपालमै एसेम्बल गर्न कानुनी अप्ठ्यारा छन् भने सहज बनाई तत्काल निजी क्षेत्रसँग सहकार्य गरी सुरु गर्नुपर्ने।

३. हजार र पाँच सय दरका नोटको नोटबन्दी गर्नुपर्ने। यसले बैंकिङ प्रणालीबाहिर रहेको र अवैध रूपमा लुकाएर राखिएको नगदका कारण अर्थतन्त्रमा पर्न गएको असर समाधान हुनेछ। साथै, तरलता बढ्नुका साथै भ्रष्टाचार गरी आर्जेको कालो धनको अन्त्य हुनेछ।

४. भ्रष्टाचार अन्त्य गरी मुलुकमा सुशासन कायम गर्न निजामती प्रशासन, न्यायालय, विश्वविद्यालय, कलेज, विद्यालय, शिक्षक, प्राध्यापकलगायत सबैलाई राजनीतिबाट अलग गर्नुपर्छ। साथै, उनीहरूसँग जोडिएका सम्पूर्ण भ्रातृ संघ, संगठन तथा युनियन खारेज गरिनुपर्छ।

५. कम्तीमा राज्यको तलब, भत्ता तथा सेवा सुविधा लिएर बसेका नागरिक तथा कर्मचारी (सेना, पुलिसलगायत) लाई नेपाली उत्पादनको अनिवार्य प्रयोग गर्न लगाउने।

६. नेपाल सरकारको लगानीमा रहेका पुराना कलकारखाना तथा उद्योगधन्दालाई सुचारु गरी (पिपिपी) मोडेलमा सञ्चालन गर्ने। जनकपुर चुरोट कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, विराटनगर जुट मिल, भृकुटी कागज कारखानालगायत सम्पूर्ण उद्योग तत्काल सञ्चालन गर्नुपर्ने।

७. अर्थतन्त्रको वर्तमानको समस्या समाधानका लागि गैरआवासीय नेपालीको लगानी नेपाल भित्र्याउन पुँजीबजारमार्फत ल्याउन विद्यमान कानुनी जटिलतामा संशोधन गरी अघि बढ्नुपर्छ। पुँजीबजार अहिलेको हकमा सुरक्षित, पारदर्शी तथा भरपर्दो माध्यम भएको हुँदा विदेशमा बस्ने नेपालीलाई छिटो 'कन्भिन्स' गरी पुँजी नेपाल ल्याउने आधार तयार गर्न सकिन्छ। यसका लागि छिटोछरितो र सजिलो प्रक्रिया अवलम्बन गरी पारदर्शी ढंगले लगानीको वातावरण निर्माण गर्नुपर्छ।

८. कृषि क्षेत्रमा सुधार गरी उत्पादन बढाउन हरेक स्थानीय निकायमा कृषिविज्ञ नियुक्तिसँगै माटो परीक्षण गरी कृषकलाई बिउबिजन निःशुल्क उपलब्ध गराई उत्पादनमा प्रोत्साहन गर्नुपर्छ। साथै, जमिन बाँझो जमिन राख्नेलाई जरिवाना गराउने अथवा स्थानीय निकायले जिम्मा लिएर आफैं खेती गरी बजार व्यवस्थापन, उचित मूल्य निर्धारण, उचित भण्डारण, सहुलियत ब्याजदरमा कृषकलाई कृषि कर्जा, आयोजनाका आधारमा कर्जा अनि बिमाको व्यवस्था र कृषि औजारको उपलब्धता सुनिश्चित गर्ने।

९. नेपालका पूर्वाधार तथा ठुल्ठुला विकास निर्माणका परियोजना निर्माण तथा सञ्चालन गर्न नेपाली सेनालाई जिम्मेवारी दिने।

१०. बाँझो जमिनमा स्थानीय सरकारको स्वीकृति लिएर गाँजा खेती गर्न वैधानिकता प्रदान गर्ने र त्यसका विभिन्न उत्पादन (औषधी, कपडा आदि) तयार गरी विदेश निर्यात गर्ने। साथै, नागरिकको बाँझो जमिन लिजमा लिएर अथवा कृषकलाई सुहुलियत दिएर स्थानीय निकायसँग सहकार्य गरी कफी खेती गर्न पनि राज्यले सघाउनुपर्छ।

११. विलासिताका सामग्रीको आयात एकदमै ठुलो मात्रामा कटौती गर्ने र नेपालमै उत्पादन गर्न जोड दिने। बच्चाका खेलौना, मेक अपका सामग्री, चकलेट, तासलगायतका वस्तु स्वदेशमै उत्पादन सुरु गर्न निजी क्षेत्रसित सहकार्य गर्ने।

१२. मुलुकमा हालसम्म भएका सम्पूर्ण भ्रष्टाचार तथा कालोधनबारे छानबिन गर्न तत्काल शक्तिशाली आयोग गठन गरी दोषीलाई कानुनी दायरामा ल्याउने र नेपालको कानुन पालना नगरी अवैध रूपमा आर्जन गरेको सम्पत्ति तथा स्विस बैंकलगायत अन्तर्राष्ट्रिय संस्थामा राखिएका रकम मन्त्रिपरिषद्बाटै निर्णय गरी पूर्ण रूपमा फिर्ता ल्याउन अन्तर्राष्ट्रिय पहलकदमी सुरु गर्ने। साथै, त्यस्तो सम्पत्ति जफत गरी मुलुक निर्माणमा लगानी गर्ने।

१३. हाल भएका विभिन्न प्रकारका राजनीतिक दलका कार्यकर्ताको भर्ती केन्द्र बनेका आयोग तथा संस्था तत्काल खारेज गर्ने र स्वार्थ बाझिने क्षेत्रमा कार्यपालिका र न्यायपालिकाबिचको सम्बन्ध र क्षेत्राधिकारबारे पुनर्मुल्यांकन गरी सरकारी कामलाई प्रभावकारी बनाउने।

१४. शिक्षा, स्वास्थ्य र आवासलाई अनिवार्य रूपले सरकारीकरण गर्ने र नागरिकलाई औद्योगीकरणमा लगाउने। शिक्षालाई उत्पादनमूलक, व्यावहारिक तथा जीवनोपयोगी बनाउन विद्यालय तहदेखि नै पाठ्यक्रम परिवर्तन गरी विद्यार्थीलाई सीप सिकाइ उत्पादनसित जोड्न सुरु गर्ने।

१५. केन्द्रदेखि स्थानीय तहसम्मका सबै कामलाई डिजिटल प्रविधिबाट सञ्चालन गर्ने। अड्डा-अदालत, मालपोत, यातायात कार्यलयलगायत सम्पूर्ण सरकारी कार्यालयबाट प्रवाह हुने सेवा सुविधा नागरिकले घरमै बसिबसी प्राप्त गर्न मिल्ने प्रणाली बनाई मुलुकमा सुशासन कायम गर्ने।

अहिले नेपाली नागरिकले तत्काल महसुस गर्न सक्ने नयाँ परिवर्तनसहितको विकास खोजेका छन्। त्यसैले बालेन नेतृत्वको नयाँ सरकारले मुलुकको काम गर्ने प्रणालीमै परिवर्तन गर्दै नागरिकलाई छिटो-छरितो ढंगले सेवा प्रवाह गर्नुपर्ने देखिन्छ। यस्ता सम्पूर्ण कार्यलाई अब बन्ने सरकारले अगाडि बढाएका खण्डमा आगामी दशक नेपालको अर्थतन्त्रमा सुनौलो क्रान्तिसहित परिवर्तनको दशक बन्नेछ। विकासको चरणमा नयाँ युगको थालनी हुनेछ र मुलुक औद्योगिक तथा आर्थिक विकासको तीव्र गतिमा अघि बढ्नेछ।

(ढुंगाना पुँजीबजार र अर्थतन्त्र विषयका जानकार हुन्)
gmail: lalit.utprerana@gmail.com

साउदी अरब र युएई किन चाहन्छन् इरान युद्धको निरन्तरता ?



जब साउदी अरबले पाकिस्तानसँग रणनीतिक पारस्परिक रक्षा सम्झौता (एसएमडिए) मा हस्ताक्षर गऱ्यो, इरानको रणनीतिक समुदायका धेरै सदस्यले केही हदसम्म आशा व्यक्त गरेका थिए। यो सम्झौता इजरायलले कतारमा गरेको पहिलो र अभूतपूर्व आक्रमणपछि भएको हुनाले (हमासका सदस्यलाई त्यहाँ आश्रय दिइएको आरोप लगाएर) यी रणनीतिक विचारकले महसुस गरे कि यसले उक्त क्षेत्रमा इजरायलविरोधी सहयोग र गठबन्धनलाई बलियो बनाउनेछ।

इरानभित्रै केही अधिकारीले त्यस्तै रक्षा सम्झौतामा सामेल हुन इच्छासमेत व्यक्त गरे। किनकि सम्झौता हुनुभन्दा केही महिनाअघि मात्र इरानले इजरायलविरुद्ध आफ्नो पहिलो प्रत्यक्ष युद्ध लडेको थियो, जुन गतिरोधमा अन्त्य भएको थियो। दुई विरोधीबिचको द्वन्द्व छायामा थिएन, उनीहरूका छद्म प्रतिनिधिमार्फत लडिएको थियो। तर अब यो प्रत्यक्ष हुन थालेको थियो।



● हर्सिता मिश्र

(मिश्र दिल्लीस्थित पत्रकार हुन्)

अमेरिका र इजरायलले क्रमशः अप्रेसन एपिक फ्युरी र रोयरिङ लायन नाम दिएको हालको युद्धले त्यो आशावादलाई पूर्णविराम लगाइदिएको छ। युद्धको सुरुवाती दिनदेखि नै अमेरिकी सञ्चार माध्यमले रिपोर्ट गरेको छ कि साउदी सिंहासनपछाडिका वास्तविक शक्ति युवराज मोहम्मद बिन सलमान (एमबिएस) ले अमेरिकालाई इरानसँग युद्ध गर्न आग्रह गरिरहेका थिए। यद्यपि, सार्वजनिक रूपमा साउदीले फरक टिप्पणी गरेको छ। यसले साउदी र इरानबिचको तनाव कम गर्न कूटनीतिको लागि आह्वानसमेत गरेको छ। तर, यो आह्वान देखावटी हुन सक्छ।

दशक लामो समस्या

खाडी सहयोग परिषद्का अन्य राष्ट्र (युएई, बहराइन, कुवेत, ओमान र कतार) लाई झैं साउदी अरेबियाका लागि पनि सन् १९७९ मा इस्लामिक गणतन्त्रको जन्म भएदेखि नै इरान खतराको रूपमा रहेको छ, उसको विचारधारा र आदर्श आयात हुने डरले। खाडी राजतन्त्र संसारका अन्तिम निरपेक्ष राजतन्त्रमध्ये एक हो। शासनको अस्तित्वलाई अरू सबै कुराभन्दा प्राथमिकता दिइन्छ। प्यालेस्टिनीलाई समर्थन गरेर, यसको विचारधारा आयात गर्दै र छिमेकी अरब देशमा प्रतिनिधि राखेर दशकौंदेखि इरान साउदी नेतृत्वका लागि चुनौती बनेको छ। आज, सिरिया फेरि सुन्नी पंक्तिमा फर्किएको छ। साउदीको सिमानामा एकातिर हुथी र अर्कोतिर इराकको लोकप्रिय फौज छन्, जुन दुवै इरानका प्रतिनिधि हुन्। यी दुवै साउदीका लागि चुनौती बनेका छन्। यसबाहेक, साउदी अरेबियामा अत्यधिक सुन्नी बहुलता भए पनि सिया जनसंख्या धेरै छ।

इरानलाई कम आकलन गर्न सकिँदैन

यसैबिच, दशकौंदेखि ठुला प्रतिबन्धमा परेको इरान आफ्नो बल कति छ भनेर उसले प्रमाणित गरिसकेको छ। पहिले इराकसँगको आठ वर्षको युद्ध, त्यसपछि अमेरिका र इजरायलसँग लडेको छद्म युद्ध र अहिले दुवैसँगको प्रत्यक्ष टकरावमा छ, तेहरान। यद्यपि, महँगो र आधुनिक हतियार प्रणाली खरिद गर्न अर्बौं डलर लगानी गरेका साउदी र दुबईले गरिब यमनका हुथीविरुद्धको आफ्नो सैन्य अभियान व्यावहारिक रूपमा गुमाइसकेका छन्, जो साउदीलाई लक्षित गर्न पनि सफल भएका छन्। चीनको मध्यस्थतामा इरान र साउदी अरेबियाबिचको २०२३ को 'युद्धविराम' ठुलो आशाको क्षण थियो। यद्यपि, पछि हेर्दा यो दुईबिच गहिरो शंका र ठुलो विश्वासको कमी देखिन्छ।

> युद्धको सुरुवाती दिनदेखि नै अमेरिकी सञ्चार माध्यमले रिपोर्ट गरेको छ कि साउदी सिंहासनपछाडिका वास्तविक शक्ति युवराज मोहम्मद बिन सलमान (एमबिएस) ले अमेरिकालाई इरानसँग युद्ध गर्न आग्रह गरिरहेका थिए। यद्यपि, सार्वजनिक रूपमा साउदीले फरक टिप्पणी गरेको छ।

पोस्ट आयल वर्ल्ड

साउदी र दुबईका लागि अहिलेको प्रमुख चिन्ता भनेको पोस्ट आयल वर्ल्ड (भविष्यको युग, जहाँ समाजहरू अब पेट्रोलियममा भर पर्दैनन्) तेल-पश्चिमको संसारको विकासको खोजी हो।

युएईले पहिले नै दुबई र अबुधाबीलाई भविष्यका सहरको रूपमा महत्त्वपूर्ण व्यापार, रसद केन्द्र, वित्त र कर आश्रयस्थलको रूपमा राखेर सुरुवात गरेको थियो। साउदीहरूका लागि यो भिजन २०३० हो, ठुलो युवा जनसंख्यालाई समायोजन गर्न गैरतेल अर्थतन्त्रमा सर्ने र एनइओएम सहर, आइएमइसी कनेक्टिभिटी, रसद केन्द्र, एआईजस्ता परियोजनाद्वारा सञ्चालित अर्थतन्त्र सिर्जना गर्ने कुरामा ध्यान केन्द्रित गर्ने कार्य। निरन्तर द्वन्द्व र युद्धको खतरा यी योजनाका लागि प्रमुख बाधा हो। अक्टोबर २०२३ देखि सुरु भएको हमास-इजरायल युद्ध थप उत्तेजक भएको छ र प्यालेस्टिनी मुद्दाको समाधान नभएकाले यस क्षेत्रमा निष्प्रभावी अरब भूमिका मात्र खेलेको छ। बरु, इरानका प्रतिनिधिहरू- हुथी र हिजबुल्लाहले प्यालेस्टिनीको तर्फबाट हस्तक्षेप गरे र साउदी र युएई हुवानीका लागि लालसागरमा पर्ने महत्त्वपूर्ण जलमार्ग बाब-एल-मन्डेब बन्द गरेर विश्वव्यापी व्यापारमा बाधा पुऱ्याउने आफ्नो क्षमता प्रदर्शन गरे। न्युयोर्क टाइम्सको पहिलो रिपोर्टअनुसार साउदीले कथित रूपमा अमेरिकालाई इरानमा आक्रमण गर्न आग्रह गर्दा यसबारे पनि विचार गरिएको थियो।

अब युद्ध सुरु भएपछि साउदी र संयुक्त अरब इमिरेट्सले महसुस गरेका छन् कि अमेरिकासँगको उनीहरूको रक्षा निकटताले उनीहरूलाई कति असुरक्षित बनाएको छ। दशकौंदेखि उनीहरूको सुरक्षा अमेरिकासँग जोडिएको छ, तर अरब राष्ट्रहरू युद्धमा गएमा अमेरिकी संलग्नतालाई सक्रिय पार्ने कुनै रक्षा सम्झौता छैन। इरानसँग युद्ध हुँदा अमेरिकाले उनीहरूलाई जानकारी गराउने वास्तासमेत गरेन।

खाडी सबैभन्दा धेरै पीडित

संयुक्त अरब इमिरेट्स र साउदीसहित अन्य खाडी देश चाँडै नै इरानी प्रतिशोधको निसानामा परे। वास्तवमा, युद्ध सुरु भएको पहिलो दिनमै दुबई विमानस्थल, यसको प्रतिष्ठित बुर्ज अल-अरब होटल, ऐतिहासिक पाम जुमेराह र जेबेल अली बन्दरगाह इरानबाट आएका क्षेप्यास्त्रद्वारा प्रहार गरिएको थियो। इरानीहरूले अमेरिकालाई लक्षित गर्न नसक्ने बताएका छन्, त्यसैले उनीहरूले यस क्षेत्रमा रहेका अमेरिकी अड्डालाई लक्षित गरिरहेका छन्। ती अड्डा साउदी अरेबिया र युएईसहित ६ खाडी राज्यमा फैलिएका छन्।

पछिल्लो तथ्यांकले देखाउँछ कि जिसिसी (गल्फ को-अपरेसन काउन्सिल) अन्तर्गतका राज्यले चार हजार ३९१ इरानी ड्रोन र मिसाइल आक्रमणको सामना गरे, जुन इरानले गरेको कुल प्रहारको आश्चर्यजनक ८३ प्रतिशत हो। अर्कोतर्फ, इजरायल कुल प्रहारको केबल १७ प्रतिशत प्राप्तकर्ता भएको छ। तीमध्ये, युएईले सबैभन्दा धेरै आक्रमण भोगेको छ (२१५६ पटक), सायद इजरायलसँगको घनिष्ठ सम्बन्धको कारणले पनि। साउदी अरेबियाले ७२३ ड्रोन र मिसाइल सामना गरेको छ। आक्रमणमा दुईजनाको मृत्यु भएको छ भने धेरै घाइते भएका छन्। यसका साथै इरानका समर्थकले केही खाडी देश र जोर्डनलाई पनि लक्षित गरिरहेका छन्।

हालै, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डनले संयुक्त विज्ञप्ति जारी गर्दै इराकलाई आफ्नो क्षेत्रबाट इरान समर्थक सशस्त्र समूहद्वारा गरिएको आक्रमण रोक्न तुरुन्तै कदम चाल्न माग गरेका छन्। यसअघि, उनीहरूले संयुक्त राष्ट्र संघलाई महत्त्वपूर्ण पूर्वाधारमा इरानको 'घृणित' आक्रमणको निन्दा गर्ने प्रस्ताव पारित गर्न पनि लगाएका थिए।

एनडिटिभीबाट

इतिहासमा आज

अप्रिल ३



सन् १९७३ : विश्वको पहिलो मोबाइल फोन कल यसै दिन भएको थियो। मोटोरोला कम्पनीका कर्मचारी मार्टिन कुपरले न्युयोर्क सहरको म्यानह्याटनबाट सोही सहरको न्युजर्सीमा सहकर्मी जोयल एन्गेललाई फोन गरेका थिए।

सन् १७२१ : रोबर्ट वालपोल बेलायत र विश्वकै पहिलो प्रधानमन्त्री बने।

सन् १७७६ : हार्वर्ड कलेज (हाल हार्वर्ड विश्वविद्यालय)ले जर्ज वासिंटनलाई 'देशको हितमा उल्लेखनीय सेवा गरेको' सम्मानार्थ डक्टर अफ ल (एलएलडी) डिग्री प्रदान गऱ्यो।

सन् १९२२ : जोसेफ स्टालिन सोभियत कम्युनिस्ट पार्टीको महासचिव चुनिए। सोभियत संघको सबैभन्दा शक्तिशाली यस पदमा उनी तीस वर्षसम्म कायम रहे।

सन् १९४८ : अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले वैदेशिक सहायता विधेयक (वा अर्को नाम 'आर्थिक सहकार्य विधेयक')मा हस्ताक्षर गरेसँगै 'मार्सल योजना' कार्यान्वयनमा गयो। दोस्रो विश्वयुद्धमा ध्वस्त भएको युरोपको आर्थिक पुनरोत्थानका लागि ल्याइएको योजनाअन्तर्गत १६ युरोपेली देशले १३.३ अर्ब डलर सहयोग पाए।

सन् १९४९ : इजरायल र जोर्डनले युद्धविराम सम्झौतामा हस्ताक्षर गरेसँगै सन् १९४८ मा सुरु भएको अरब-इजरायल युद्ध औपचारिक रूपमा अन्त्य भयो।

सन् १९६६ : सोभियत संघले मार्च ३१ मा प्रक्षेपण गरेको 'लुना १०' चन्द्रमाको कक्षमा प्रवेश गऱ्यो, जुन पृथ्वीबाहिरको कुनै पनि आकाशीय पिण्डको पहिलो मानव निर्मित भूउपग्रह बन्यो।

सन् १९७२ : २१ वर्षअघि अमेरिकाले देश प्रवेशमा रोक लगाएपछि युरोप बस्दै आएका चार्ली च्यापलिन विशेष ओस्कार अवार्डको सम्मान लिन अमेरिका पुगे।

सन् १९८८ : सोमालिया र इथोपियाले 'ओगाडेन क्षेत्र'का लागि दुई देशबिच एक दशकदेखि चलिरहेको युद्ध रोक्ने सम्झौतामा हस्ताक्षर गरे।

सन् १९९१ : खाडी युद्धपछि संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले पारित गरेको 'रिजोलुसन ६८७'सँगै इराक र कुवेतबिच औपचारिक रूपमा युद्धविराम भयो।

विश्व संक्षेप

भारतमा पूर्वनिर्धारित समयभन्दा पाँच वर्ष ढिलो जनसंख्या गणना सुरु

नयाँदिल्ली / कोभिड-१९ महामारीका कारण ढिलाइ भएको भारतको जनसंख्या गणना पाँच वर्ष ढिलो सुरु भएको छ। झन्डै तीस लाखभन्दा बढी सरकारी कर्मचारी यो विश्वको सबैभन्दा ठुलो राष्ट्रिय जनसंख्या गणनामा सहभागी हुनेछन्। सबै गन्ती एक वर्षमा सकिने बताइएको छ।

यसबाट आउने नयाँ तथ्यांकले देशभरि कल्याणकारी कार्यक्रम र राजनीतिक प्रतिनिधित्वलाई पुनः आकार दिन सक्ने प्रक्षेपण छ। बुधबारदेखि सुरु भएको जनगणना अर्को वर्ष मार्च ३१ मा अन्त्य हुनेछ। जनगणनामा सहभागी गणकले सुरुको एक महिना घरपरिवारको जानकारी संकलन गर्नेछन्। यस क्रममा घरसंख्यादेखि परिवारको अवस्थाको दस्ताबेजीकरण गरिनेछ। व्यक्तिगत सर्वेक्षण र अनलाइनमार्फत जानकारी संकलन गरिनेछ, जसले बासिन्दाहरूलाई स्मार्टफोन प्रयोग गर्न अनुमति दिनेछ। गणनाको दोस्रो चरण सेप्टेम्बरदेखि सुरु हुनेछ, जुन अवधिमा मानिसको सामाजिक र आर्थिक वर्गीकरणजस्ता थप विस्तृत जानकारी संकलन गरिनेछ।

नासाद्वारा ५४ वर्षपछि चन्द्रमातर्फ रकेट प्रक्षेपण

वासिंटन डिसी / अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले 'आर्टिमिस द्वितीय' नामक अन्तरिक्ष अभियान अमेरिकी राज्य फ्लोरिडाबाट प्रक्षेपण गरेको छ। नासाले चन्द्रमाको वरिपरि ऐतिहासिक यात्रामा चार अन्तरिक्षयात्रीलाई पठाएको छ। सन् १९७२ डिसेम्बरमा अपोला १७ को उडानपछि कुनै पनि अभियान चन्द्रतर्फ गएको थिएन। आर्टिमिस द्वितीयसँगै ५४ वर्षपछि पहिलोपटक कुनै अन्तरिक्ष अभियान तल्लो-पृथ्वी कक्षभन्दा बाहिरको यात्रा गर्दै छ। ३२ तले रकेट बुधबार फ्लोरिडा राज्यमा अवस्थित केप क्यानाभेरलमा रहेको नासाको केनेडी स्पेस सेन्टरबाट उडेको थियो। रकेट प्रक्षेपण अवलोकन गर्न हजारौं मानिस उपस्थित भएका थिए।

आर्टेमिस द्वितीयमा नासाका अन्तरिक्षयात्री रिड वाइजम्यान, भिक्टर ग्लोभर र क्रिस्टिना कोच सहभागी छन्। उनीहरूसँगै क्यानेडियन अन्तरिक्ष एजेन्सीका अन्तरिक्षयात्री जेरेमी ह्यान्सन पनि अभियानमा सहभागी छन्। अभियानमा सहभागी अन्तरिक्षयात्री चन्द्रमाको चक्कर लगाएर लगभग १० दिनपछि प्रशान्त महासागरमा ओर्लिनेछन्। त्यहाँ उद्धार टोली अन्तरिक्षयात्रीलाई घर फर्काउन तयार अवस्थामा रहनेछ।

युद्धबिच इरानले मनायो इस्लामिक गणतन्त्र स्थापनाको ४७औं वार्षिकोत्सव

तेहरान / इस्लामिक गणतन्त्रको गठन भएको ४७औं वार्षिकोत्सवका अवसरमा बुधबार इरानको राजधानी तेहरानमा दसौं हजार मानिस सडकमा उत्रिए। इरानमा पच्चीस सय वर्ष लामो राजतन्त्र अन्त्य गर्ने क्रान्तिपछि अप्रिल १, १९७९ मा इस्लामिक गणतन्त्र गठन भएको थियो।

वार्षिकोत्सवसँगसँगै इजरायली आक्रमणमा मारिएका इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) का नौसेना कमान्डर अलिरेजा ताङसिराको शवयात्रा पनि गरिएको थियो। शोक मनाउन उपस्थिति भिडले बाह्य आक्रमणविरुद्ध डटेर प्रतिरोध गर्ने प्रतिज्ञा गरे। फेब्रुअरी २८ देखि निरन्तर अमेरिकी-इजरायली बमबारीबिच यस वर्षको वार्षिकोत्सवलाई विशेष मानिएको छ। कमान्डर ताङसिरा रहेको कफिन बिस्तारै सहभागीबिचबाट अघि बढ्दा अन्यले जारी द्वन्द्वमा मारिएका आफन्तको पनि सम्झना गरेका थिए। धेरैले दिवंगत आफन्तको तस्बिर अंकित प्लेकार्ड बोकेको देखिन्थ्यो। आइआरजिसीका सबैभन्दा लामो समय सेवा गरेका वरिष्ठ पदाधिकारीमध्ये एक ताङसिरालाई मारिनुअघि स्ट्रेट अफ हर्मुजलाई प्रभावकारी रूपमा बन्द गर्ने मुख्य योजनाकारका रूपमा हेरिन्थ्यो।

इजरायलको मृत्युदण्ड कानुनबाट प्यालेस्टिनीको अमानवीकरणले लियो नयाँ उचाइ

प्यालेस्टिनीविरुद्ध खुलेआम हिंसालाई अँगाल्ने सरकारले अब घातक बलको नीतिलाई कानुनमा समावेश गरेको छ



● युली नोवाक

(नोवाक इजरायली मानव अधिकार समूह 'इजरायली इन्फर्मेसन सेन्टर अफ ह्युमन राइट्स इन द अकुपाइड टेरिटोरिज (बि'त्सेलेम)'की कार्यकारी निर्देशक हुन्।)



योहप्ता, इजरायलको संसद्ले प्यालेस्टिनीलाई मात्र मृत्युदण्ड दिने एउटा कानुन पारित गऱ्यो। योसँगै अब इजरायली अदालतबाट 'घातक आक्रमणको दोषी ठहरिएका' प्यालेस्टिनीलाई स्वतः मृत्युदण्डको सजाय हुनेछ। पहिले नै प्यालेस्टिनीहरूलाई निसाना बनाउने, उनीहरूको अधिकार खोस्ने, व्यवस्थित रूपमा दुर्व्यवहार गर्ने न्यायिक प्रणाली थप विस्तार भएको छ। यो सबै प्यालेस्टिनीविरुद्ध अपराध गर्ने इजरायली अपराधीलाई जवाफदेहिताबाट जोगाउन डिजाइन गरिएको प्रणालीको हिस्सा हो।

उसो त नयाँ कानुनले पूर्ण रूपमा नयाँ वास्तविकता सिर्जना गर्दैन। तर, यसले प्यालेस्टिनीविरुद्ध घातक बल प्रयोग गर्ने लामो समयदेखिको इजरायली नीतिलाई कानुनमा समावेश गरेर दमनको चिन्ताजनक चरणको सुरुवात गरेको छ। धेरैले ख्याल गर्नुपर्ने कुरा हाल कानुन बनेको वास्तविकता इजरायलमा पहिले नै सामान्यीकृत भइसकेको कुरा हो। यो कानुन आउनुभन्दा धेरै अघिदेखि नै प्यालेस्टिनीको हत्यालाई अत्यन्त व्यवस्थित रूप दिइसकेको छ।

गाजामा 'युद्धविराम'को घोषणापछि पनि सामूहिक हत्या जारी छ। पश्चिम किनारमा इजरायली सेनाले लगभग दैनिक रूपमा प्यालेस्टिनीहरू मारिइरहेका छन्। यस्तो हत्या छापामारीको नाममा, बमबारीमार्फत र हिंसात्मक 'सेट्लर'(अनधिकृत आवास बनाउने) इजरायली मिलिसियाद्वारा प्यालेस्टिनीलाई तिनै भूमि र समुदायबाट धपाउने प्रयासमा हुने गरेको छ। केही समयदेखि, इजरायली सैनिक र सेट्लर इजरायलीले लगभग पूर्ण दण्डहीनताका साथ यस्तो काम गरिरहेका छन्।

इजरायलको जेल सञ्जालमा प्यालेस्टिनीमाथि उस्तै वास्तविकता स्पष्ट रूपमा देखिँदै आएको छ। अक्टोबर २०२३ पछि इजरायलले आफ्नो कारागारमा प्यालेस्टिनीहरूको संख्या १० हजारभन्दा बढी पुऱ्याएको छ। पक्राउ परेकामध्ये धेरैमाथि मुद्दा नचलाई थुनामा राखिएको छ। न त उनीहरूलाई आफ्नो प्रतिरक्षाको कुनै अर्थपूर्ण अवसर नै दिइएको छ। अधिकांश कैदीलाई राखिएको अवस्था हेर्दा इजरायलको जेल प्रणाली यातना शिविरको सञ्जालजस्तो बनेको छ। प्यालेस्टिनीलाई व्यवस्थित रूपमा हिंसा, दुर्व्यवहार र नियतवश भोकमरीको सिकार बनाइँदै छ।

कारागारमा गरिएको दुर्व्यवहार, अमानवीय अवस्था र आवश्यक उपचार सेवाबाट गरिएको वञ्चितिले यस अवधिमा ८० भन्दा बढी प्यालेस्टिनीको इजरायली हिरासतमा मृत्यु भएको छ। नयाँ कानुन यस प्रणालीबाट अलग्गिएको छैन, यसले दमनलाई विस्तार गर्छ। अर्थात्, विगतमा कानुनविना भइरहेको कामलाई अहिले कानुनी ढाँचामा ल्याएर त्यसलाई थप गहन बनाइनेछ। अर्थात्, अब थप धेरै प्यालेस्टिनी हिरासतमा मर्नेछन्।

यो कानुन एक यस्तो राजनीतिक नेतृत्वको शासनमा आएको छ, जसले खुलेआम हिंसा र अमानवीकरणलाई अँगालेको देखिएको छ। वर्तमान सरकारका वरिष्ठ मन्त्रीहरूले प्यालेस्टिनीविरुद्धको आक्रमणलाई थप वृद्धि गर्ने वा सामान्यीकरण गर्ने कुराबाट राजनीतिक शक्ति आर्जन गरेका हुन्। कानुन पारित भएपछि मन्त्रीहरूले हत्याको महिमागान गर्ने खालको हाउभाउ तथा अभिव्यक्ति दिए। त्यस्तै कानुनबारे इजरायली मिडियामा भएको बहसमा मृत्युदण्डलाई अत्यन्त स्पष्ट देखाउने गरी वा विचलित पार्ने खालको निर्दयी वर्णन भएको देखियो। यसले कतै इजरायली समाजमा देखिएको व्यापक सामाजिक परिवर्तनलाई त प्रतिबिम्बित गर्दैन, जसमा प्यालेस्टिनीको जीवनलाई बिस्तारै जे गर्दा पनि हुन्छ ठान्न थालेको देखिन्छ।

'इजरायली इन्फर्मेसन सेन्टर अफ ह्युमन राइट्स इन द अकुपाइड टेरिटोरिज (बि'त्सेलेम)'ले सन् २०२५ मा सार्वजनिक गरेको नरसंहार रिपोर्टले देखाएझैं प्यालेस्टिनीको अमानवीकरण एक दीर्घकालीन प्रक्रिया हो। त्यही प्रक्रियाले हाल ल्याइएको कानुन कसरी इजरायली समाजको ठुलो भागका लागि स्वीकार्य हुन्छ भन्ने कुराको व्याख्या गर्न मद्दत गर्छ। कानुनले लगभग कुनै राजनीतिक विरोधको सामना नगर्नुले इजरायलमा सार्वजनिक बहस हुनुपर्छ।

विश्वव्यापी रूपमा लोकतान्त्रिक राज्य मृत्युदण्डबाट टाढिँदै गएको देखिन्छ। देशभित्र र बाहिर जहाँ भए पनि यो निर्मम सजाय मौलिक मानव अधिकारको उल्लंघन भएको धारणा बढ्दै छ। अन्तर्राष्ट्रिय कानुन आफैंमा बढ्दो आक्रमणको चपेटामा परेको अहिलेको समयमा इजरायल यस प्रवृत्तिको अपवाद नभएर केन्द्रीय चालक बनेको छ। यही भएर उसले प्यालेस्टिनीविरुद्धको प्राणघातक हिंसा र दमनको प्रणाली कायम राख्ने र दमनलाई आफ्नो कानुनी ढाँचाभित्र गहिरो रूपमा सम्मिलित गरिरहेको छ।

इजरायल अझै पनि आफूलाई लोकतान्त्रिक राज्यको रूपमा प्रस्तुत गर्छ। तर, जुन राज्यले आफ्नो कब्जामा रहेको भूमि (गाजा र पश्चिम किनारा)मा बसोवास गर्ने विशाल जनसंख्याको मृत्युदण्डलाई संस्थागत गर्छ भने त्यो लोकतान्त्रिक हुन सक्दैन। प्रणालीगत हिंसा र भेदभावलाई संस्थागत गर्ने राज्य घातक नियन्त्रणको प्रणाली हो। र, यो कुरा पहिलेदेखि खुला र स्पष्ट छ। बहस तथ्य के हो भन्ने भन्दा पनि इजरायललाई के भनेर मान्यता दिनेबारे केन्द्रित छ, अर्थात् इजरायल यस्तो राज्य हो, जसले प्रणालीगत रूपमा प्यालेस्टिनीलाई एकदम दण्डहीनताका साथ मार्छ र अन्तर्राष्ट्रिय कानुन र आधारभूत नैतिक मान्यतालाई क्षय गर्छ।

प्यालेस्टिनीमाथि जे भइरहेको छ, त्यसले यसअघि नै अमेरिकासहित प्यालेस्टाइनभन्दा बृहत्तर राजनीतिक र नैतिक सीमालाई पुनः आकार दिइरहेको छ। अन्यायलाई सहन थालियो भने त्यो थप फैलिन्छ। जब कतै अन्तर्राष्ट्रिय कानुन र मानवजीवनको आधारभूत सुरक्षाको विघटनलाई एकपटक स्विकारिन्छ, अन्यत्र उस्तै कामको औचित्य दिन धेरै सजिलो हुन्छ।

(द गार्जियनबाट)

> इजरायल अझै पनि आफूलाई लोकतान्त्रिक राज्यको रूपमा प्रस्तुत गर्छ। तर, जुन राज्यले आफ्नो कब्जामा रहेको भूमि (गाजा र पश्चिम किनारा)मा बसोवास गर्ने विशाल जनसंख्याको मृत्युदण्डलाई संस्थागत गर्छ भने त्यो लोकतान्त्रिक हुन सक्दैन।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २० चैत ०८२

मूल्यवृद्धिमा देखिन थाल्यो मध्यपूर्व युद्धको असर

फागुनमा मूल्यवृद्धि दर एक वर्षयताकै उच्च, यसको प्रभाव देखिन दुई-तीन महिना लाग्ने

पवन तिमिल्सिना/नयाँ पत्रिका

अमेरिका-इजरायल र इरानबिच जारी सैन्य तनावले विश्व बजारको आपूर्ति शृंखलामा परेको असर नेपाली बजारमा पनि देखा पर्न थालेको छ। खासगरी पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण यसले आयात र मुद्रास्फीति (मूल्यवृद्धि दर)मा चाप बढाएको छ। तत्कालै सर्वसाधारणको चुलोसम्म यसको असर देखा पर्न थाले पनि अर्थतन्त्रका बृहत् सूचकहरूमा यसको प्रभाव देखा पर्न दुई-तीन महिना लाग्ने अर्थशास्त्रीहरू बताउँछन्।

नेपाल राष्ट्र बैंकको चालू आर्थिक वर्ष ०८२/८३ को आठ महिनाको तथ्यांकअनुसार फागुन महिनामा मुद्रास्फीति ३.६२ प्रतिशत कायम छ। यो मूल्यवृद्धि दर एक वर्षयताकै उच्च दर हो। गत वर्ष फागुनमा भने यस्तो दर ३.७५ प्रतिशत थियो। त्यसपछि मूल्यवृद्धि दर घट्दै गएर गत कात्तिकमा न्यूनतम १.११ प्रतिशतसम्म कायम भएको थियो। नेपालले अधिकांश वस्तु आयातबाट खपत गर्ने भएकाले आयातमा वृद्धि हुँदा त्यसको चाप मूल्यवृद्धिमा पर्ने गरेको छ। खासगरी पेट्रोलियम पदार्थसहित प्रमुख वस्तुहरू भारतबाट आयात हुँदा त्यहाँको मूल्यवृद्धि दरको असर नेपाली बजारमा पर्छ। केन्द्रीय बैंकको थोक मूल्य सूचकांकको वर्गीकरणमा हेर्ने हो भने इन्धन तथा ऊर्जातर्फको मुद्रास्फीति माघको तुलनामा फागुनमा २.३५ प्रतिशत कायम छ।

भारतमा गत असोजसम्म ०.२५ प्रतिशतसम्म झरेको मुद्रास्फीति बढ्दै गएर माघसम्ममा आइपुग्दा ३.२१ प्रतिशत कायम भएको छ। अन्तर्राष्ट्रिय बजारमा ०८१ फागुन मसान्तमा प्रतिब्यारेल अमेरिकी डलर ७०.८२ रहेको कच्चा पेट्रोलियमको मूल्य ०८२ फागुन मसान्तमा ४५.८ प्रतिशतले वृद्धि भएर १०३.२३ डलर कायम भएको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा ०८१ फागुन मसान्तमा प्रतिआउन्स सुनको मूल्य अमेरिकी डलर २९७४.०५ रहेकोमा ०८२ फागुन मसान्तमा ६९.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५०४४.६० पुगेको छ। यसले नेपाली बजारमा मूल्य उचाल्न मलजल गरेको देखिन्छ।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले भने केन्द्रीय बैंकको आँकडामा मूल्यवृद्धि दर ५ प्रतिशतभन्दा न्यून रहेकाले अहिले नै मध्यपूर्वको तनावको असर आर्थिक सूचकहरूमा देखिन समय लाग्ने बताए।

उनले भने, 'मूल्यवृद्धि दरमा अहिले नै प्रभाव देखापरेको छैन। मूल्यवृद्धि दर ५ प्रतिशतभन्दा कम छ। सरकारले यातायात भाडा बढाएको छैन। दुई-तीन महिना त समय लाग्छ। मूल्यवृद्धिको पनि प्रक्रिया हुन्छ। तेलको मूल्य त वृद्धि भयो, ३० रुपैयाँले बढ्यो। अब त्यसको 'पास थ्रु' यातायातको भाडादरमा पर्छ। क्रमिक रूपमा उत्पादनको लागतमा पर्छ र अन्तिममा खुद्रा मूल्यमा आउँछ।'

पेट्रोलियम पदार्थपछि रासायनिक मलको आपूर्ति र मूल्यवृद्धिमा समेत असर पार्ने जोखिम बढेको थापाको विश्लेषण छ। उनले भने, 'गल्फबाट आउन रोकेको कारणले मलको आपूर्तिमा पनि व्यवधान छ। अब त्यसको परिणाम भनेको मूल्य वृद्धिमा पर्नेछ। अब किसानले रासायनिक मलको बढी मूल्य तिर्नुपर्ने हुन्छ। यदि मूल्यवृद्धि भएन भने सरकारले बजेट घाटाबाट त्यसको पूर्ति गर्नुपर्ने हुन्छ। जसको परिणाम अन्ततः सर्वसाधारणमै पर्ने हो।'

युद्धको असर जनस्तरमा देखिइसके, अर्थतन्त्रका सूचकमा देखिन बाँकी

● **नरबहादुर थापा**, पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



राष्ट्र बैंकले सार्वजनिक गर्ने आर्थिक सूचकका तथ्यांकमा देखिन समय लाग्छ। तर, जनताले त यसको मूल्य चुकाइरहेका छन्। यो पश्चिम एसियाको युद्धको भार नेपाली जनताले खेपिरहेका छन्। पेट्रोलियम पदार्थपछि रासायनिक मलको आपूर्ति र मूल्यवृद्धिमा समेत असर पर्ने जोखिम छ। हामीले अर्थतन्त्रमा मध्यपूर्व तनावको धक्का पाउन अझै बाँकी नै छ। सरकारले पुँजीगत खर्च नबढाएसम्म विदेशी मुद्रा सञ्चिति थुपारेर मात्रै अर्थतन्त्र ट्र्याकमा आउँदैन।

यस्तो छ आठ महिनाको आर्थिक तथा वित्तीय स्थिति

- माघमा ३.२५ प्रतिशत रहेको मुद्रास्फीति ३.६२ प्रतिशत कायम भएको छ।
- कुल विदेशी विनिमय सञ्चिति ३४ खर्ब १३ अर्ब ७७ करोड छ। अमेरिकी डलरमा उक्त सञ्चिति २३ अर्ब ८ करोड पुगेको छ। यस्तो सञ्चिति १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।
- चालू खाता ५ खर्ब ५२ अर्ब ८५ करोड र शोधनान्तर ६ खर्ब ५८ अर्ब ३५ करोड बचतमा रहेको छ।
- रेमिट्यान्स आप्रवाह नेपाली रुपैयाँमा ३७.७ प्रतिशतले बढेर १४ खर्ब ४९ अर्ब ६५ करोड पुगेको। चालू आर्थिक वर्षको फागुन महिनाको विप्रेषण आप्रवाह १ खर्ब ८८ अर्ब ६४ करोड छ।
- निर्यात २०.८%ले र आयात १२.५% ले बढेको छ।
- १० अर्ब ८४ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) ८ अर्ब ४७ करोड थियो।
- सरकारको खर्च ९ खर्ब २६ अर्ब ५९ करोड र राजस्व परिचालन ७ खर्ब ४७ अर्ब २८ करोड रहेको छ।
- बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ६.६ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा ४.४ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १५.१ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६.७ प्रतिशत रहेको छ।
- वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.४५ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.९० प्रतिशत छ।

विदेशी मुद्राको 'कुसन' कायमै

खाडी क्षेत्रमा अशान्ति कायम भए पनि त्यहाँ काम गर्ने नेपाली कामदारबाट आइरहेको रेमिट्यान्समा भने हालसम्म अवरोध सिर्जना भएको छैन। यसबाट बाह्य क्षेत्रको 'कुसन' कायमै रहेको तथ्यांकले देखाएको छ।

यस अवधिमा रेमिट्यान्स आप्रवाह ३७.७ प्रतिशतले वृद्धि भएर १४ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ९.५ प्रतिशतले बढेको थियो। फागुन महिनामा मात्रै एक खर्ब ८८ अर्ब ६४ करोडको रेमिट्यान्स भित्रिएको छ। अघिल्लो वर्षको सोही महिनामा एक खर्ब ५१ अर्ब १९ करोड थियो।

रेमिट्यान्सका कारण बैंक तथा वित्तीय संस्थाले पर्याप्त तरलता प्राप्त गरेसँगै नेपालको विदेशी मुद्रा सञ्चिति सुविधालाई कायम राख्न मद्दत पुगेको छ। कुल विदेशी विनिमय सञ्चिति ३४ खर्ब १३ अर्ब ७७ करोड कायम छ। आर्थिक वर्ष ०८२/८३ को आठ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.४ महिनाको वस्तु आयात र १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त देखिन्छ।

विदेशी मुद्रा सञ्चिति पर्याप्त भए पनि त्यसको उपयोग गर्न नसक्दा यो सुविधा उपभोग्य वस्तु आयातमै खपत हुने गरेको पूर्वकार्यकारी निर्देशक थापाको विश्लेषण छ। केन्द्रीय बैंकअनुसार सरकारको खर्च नौ खर्ब २६ अर्ब ५९ करोड र राजस्व परिचालन सात खर्ब ४७ अर्ब २८ करोड रहेको छ। सरकारले खर्च गर्न नसकेकाले अहिले अर्थतन्त्र ट्र्याकमा आउन नसकेको उनको भनाइ छ।

नेपालबाट बाहिरिने विदेशी मुद्राको तुलनामा भित्रिने क्रम बढेकाले शोधनान्तर स्थिति ६ खर्ब ५८ अर्ब ३५ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति तीन खर्ब १० अर्ब ३७ करोडले बचतमा थियो। चालू खाता पनि पाँच खर्ब ५२ अर्ब ८५ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता एक खर्ब ९७ अर्ब तीन करोडले बचतमा थियो।

तीन वर्षदेखि विद्युत् आयोजनाको पिपिए ठप्प

पिपिए र अनुमतिपत्रसम्बन्धी निकास निकाल्न दुई उच्चस्तरीय कार्यदल गठन, प्राधिकरणमा निजी क्षेत्रका १३ हजार मेगावाट परियोजना पिपिएको पर्खाइमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पिपिए र अनुमतिपत्र सम्बन्धमा निर्णय गर्न बिहीबार दुई समिति गठन गरेको छ। शासकीय सुधारका एक सय कार्यसूचीमार्फत पेन्डिङ रहेका विद्युत् आयोजनाको लाइसेन्स र विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) सम्बन्धमा एक सय ८० दिनभित्र निर्णय दिने घोषणा गरेको सरकारले यस सम्बन्धमा छुट्टाछुट्टै उच्चस्तरीय समिति गठन गरेको हो। उक्त दुई समितिलाई ३५ दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्न भनिएको छ। समितिको सुझावका आधारमा पिपिए र लाइसेन्ससम्बन्धी नयाँ नीतिगत निर्णय गर्ने मन्त्रालयको तयारी छ।

पिपिएको सम्बन्धमा मन्त्रालयका सहसचिव डा. राजन भट्टराईको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरिएको छ। समितिले नेपाल विद्युत् प्राधिकरणबाट भएका विद्युत् खरिद सम्झौता (पिपिए)को विद्यमान अवस्थाको विश्लेषण गर्नेछ। साथै, पिपिएको प्रक्रियामा भएका नीतिगत, प्राविधिक, आर्थिक तथा कानुनी अड्चनको पहिचान गर्ने कार्यादेश दिइएको छ। यसैगरी आगामी दिनमा पिपिएको प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धात्मक र राष्ट्रिय हितअनुकूल बनाउन आवश्यक सुधारको सिफारिस गर्ने कार्यादेशसमेत समितिलाई दिएको मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिए।



नेपालमा पिपिए गर्ने अधिकार शतप्रतिशत सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणलाई मात्रै छ। प्राधिकरणले सरकारकै निर्णयअनुसार कोटा प्रणालीमा पिपिए गर्दै आएको छ। तर, कोटा सकिएका कारण तीन वर्षदेखि पिपिए ठप्प छ।

हाल १५ हजार मेगावाटको कोटामा पिपिए गर्ने नीति छ। त्यसमा जलाशययुक्त तथा पम्प स्टोरेजबाट २०-२५ प्रतिशत, अर्धजलाशयबाट २५-३० प्रतिशत, नदी प्रवाहबाट ४०-४५ प्रतिशत र अन्य वैकल्पिक स्रोतबाट ५-१० प्रतिशतको अनुपातमा पिपिए गर्ने प्राधिकरणको नीति छ। त्यसमा कतिपयको कोटा सकिएको छ। यो नीति ०७५ को हो। पछिल्लोपटक १५ हजार कोटाभित्रै रहेर फागुन ०७९ मा १५ सय मेगावाटका आरओआर परियोजनाको पिपिए गरिएको थियो। त्यसपछि चैत ०८१ मा प्राधिकरणले ग्रिड कनेक्सन सम्झौता गरेका झन्डै पाँच हजार मेगावाटका ५४ परियोजनाको पिपिए गर्ने भनिए पनि अझै दुंगोमा पुगेको छैन। त्यसमाथि १५ जेठ ०८२ मा सरकारले बजेटबाट 'टेक एन्ड पे'मा पिपिए गर्ने नीति ल्याएपछि थप अन्योल सिर्जना भएको छ। यता विद्युत् नियमन आयोगले भने विद्युत् आयोजना र उद्योगबिच सोझै पिपिए गर्न सक्ने गरी निर्देशिका ल्याएको छ। साथै, निजी क्षेत्रले विद्युत् व्यापारका लागि पनि अनुमति मागेको छ।

अहिले प्राधिकरणमा निजी क्षेत्रका मात्रै झन्डै १३ हजार मेगावाटका परियोजना पिपिएका लागि पाइपलाइनमा छन्। योबाहेक सरकारले अघि बढाउन लागेका १२ सय मेगावाटको बुढीगण्डकी, ६ सय ७० मेगावाटको दुधकोशी, १,०६३ मेगावाटको अपर अरुणलगायतका परियोजनाको पनि पिपिए भएको छैन। पिपिएले विद्युत् आयोजनाको बजार तथा व्यवसाय सुनुश्चित गर्छ। पिपिए भएपछि बैंकहरूले त्यसकै आधारमा परियोजनामा ऋण प्रवाह गर्छन्। लगानी सुनिश्चित भएपछि परियोजनाको निर्माण अघि बढ्न सक्छ। तर, पिपिए रोकिँदा नयाँ परियोजनाको निर्माण अन्योलमा छ।

यस्तै, लाइसेन्सको सम्बन्धमा अर्का सहसचिव मोहन शाक्यको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ। उक्त समितिले हालसम्म जारी भएका अनुमतिपत्रको अवस्था र प्रगतिबारे विश्लेषण गर्नेछ।

अहिले विभागले नियमित रूपमा लाइसेन्स दिइरहेको छ। तर, त्यसको प्रक्रियामा ढिलाइ हुने गरेको छ। अहिले ६ हजार पाँच सय ६६ मेगावाटका एक सय ८८ जलविद्युत् परियोजनाले विभागमा सर्वेक्षण अनुमतिका लागि आवेदन दिएर बसेका छन्। यसैगरी, १० हजार दुई सय ५९ मेगावाटका ५७ परियोजनाले उत्पादन अनुमतिपत्रका लागि आवेदन दिएका छन्। यसैगरी, २७ प्रसारणलाइन सर्वेक्षण र ३३ प्रसारणलाइन पनि उत्पादन अनुमतिपत्रको पर्खाइमा छन्।

ऊर्जासचिव चिरञ्जीवी चटौतले पिपिए र लाइसेन्स सम्बन्धमा ठोस निर्णय गर्न दुई छुट्टाछुट्टै समिति बनाएको बताए। 'लाइसेन्स र पिपिएलाई कसरी अगाडि बढाउने भन्ने विषयमा दुई छुट्टाछुट्टै समिति गठन भएको छ,' उनले भने, 'समितिले दिने निर्णयका आधारमा यस सम्बन्धमा उचित निर्णय गरिनेछ।'

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले टेक अर पेमै पिपिए गर्ने नीति आउनुपर्ने बताए। 'सरकारले ल्याएको शासकीय सुधारसम्बन्धी कार्यसूचीमा सबै परियोजाको पिपिए गर्ने भनिएको छ। त्यसलाई कार्यान्वयन गर्न समिति पनि गठन भयो। यो स्वागत योग्य छ,' उनले भने।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित
स्नो रिभर्स लिमिटेड
Snow Rivers Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४५४२७८२
इमेल: info@snowrivers.com.np वेवसाइट: www.snowrivers.com.np

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

स्नो रिभर्स लिमिटेडको रु. १००/- अंकित दरको ९३,७५० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुकको लागि मिति २०८२ चैत्र ९ गतेदेखि २०८२ चैत्र १२ गतेसम्म बिक्री खुल्ला गरिएकोमा सो अवधिभित्र रितपूर्वक आवेदन दिनु हुने आवेदनहरु मध्ये ९,३७५ जना आवेदकहरुलाई ९३,७५० कित्ता शेयर बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम मिति २०८२/१२/१९ गते बिहीबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं।

बाँडफाँडमा परेका शेयरहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइडः www.sanima.capital अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेबसाइडः iporesult.cdsc.com.np /meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा शेयर पर्न सफल आवेदकहरुको रकम निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको बैंक खातामा रकमान्तरण गर्नुहुन र बाँडफाँडमा नपरेको शेयर वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाताबाट फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

निष्काशन तथा बिक्री प्रबन्धक :
SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

फेरि बढ्यो इन्धनको भाउ, पेट्रोल हालसम्मकै महँगो

नयाँ पत्रिका

नेपाल आयल निगमले बिहीबार रातिबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १५-१५ रुपैयाँ बढाएको छ। मूल्यवृद्धिपछि काठमाडौं उपत्यकामा पेट्रोल दुई सय दुई रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ८२ रुपैयाँ प्रतिलिटर पुगेको छ।

पेट्रोलको मूल्य इतिहासकै सबैभन्दा उच्च विन्दुमा पुगेको छ। यसअघि रुस-युक्रेन युद्धले अन्तर्राष्ट्रिय बजार उचालिँदा नेपालमा पेट्रोलको भाउ एक सय ९९ रुपैयाँ पुगेको थियो। त्यसयता भाउ पुनः ओरालो लागे पनि अहिले चार वर्षअघिको रेकर्ड ब्रेक गरेको हो। डिजेलको भाउ त्यतिवेला एक सय ९२ रुपैयाँ प्रतिलिटर पुगेको थियो। निगमले अन्तर्राष्ट्रिय बजारमा बढेको भाउअनुसार भारतबाट पनि खरिद दर बढेर आएका कारण मूल्य बढाउनुपरेको जनाएको छ। दुई दिनअघि मात्रै हवाई इन्धनको भाउ बढाएर निगमले प्रतिलिटर दुई सय ५१ रुपैयाँ पुऱ्याएको थियो। यसअघि ११ चैतमा पनि निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १५-१५ रुपैयाँ बढाएको थियो।

■ चैत लागेयता मात्र पेट्रोल ४५ र डिजेल ४० रुपैयाँ महँगियो



चैत लागेयता मात्रै निगमले चारपटक मूल्य समायोजन गरेर पेट्रोलमा ४५ र डिजेलमा ४० रुपैयाँ प्रतिलिटर वृद्धि गरेको छ। निगमले १ चैतमा मूल्य बढाउनुअघि काठमाडौंमा पेट्रोल एक सय ५७ र डिजेल एक सय ४२ रुपैयाँ प्रतिलिटर थियो। १ चैतमा पेट्रोल १५ र डिजेल १० रुपैयाँ प्रतिलिटर बढाइयो। त्यसपछि ११ चैतमा पुनः पेट्रोल १५ र डिजेल १५ रुपैयाँ बढाइयो। १७ चैतमा निगमले हवाई इन्धनको मूल्य प्रतिलिटर दुई सय ५१ रुपैयाँ निर्धारण हुने गरी मूल्य समायोजन गरेको थियो। त्यसपछि, बिहीबार रातिबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य थप १५-१५ रुपैयाँ बढाइएको हो।

■ मूल्यवृद्धिपछि पनि चर्को घाटा

आयल निगमका प्रवक्ता मनोज ठाकुरले मूल्य वृद्धिपछि पनि चर्को घाटा कायम रहेको बताए। उनका अनुसार पेट्रोलमा ३४.३६ रुपैयाँ र डिजेलमा १२०.५४ प्रतिलिटर तथा खाना पकाउने एलपी ग्यासमा चार सय १६ रुपैयाँ ३७ पैसा प्रतिसिलिन्डर घाटा रहेको छ। 'मूल्यवृद्धिपछि पाक्षिक रूपमा ११ अर्ब ७१ करोड घाटा हुने अनुमान छ,' उनले भने। 'अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धि भइरहँदा र सोहीअनुसार मूल्य समायोजन हुन नसक्दा घाटा रकम उल्लेख्य रूपमा वृद्धि भई इन्डियन आयल कर्पोरेसनलाई भुक्तानी दिन पनि समस्या भइरहेको छ,' उनले भने।

नवउद्यमीलाई आठ अर्ब ऋण लगानी गर्ने कोशी प्रदेश सरकारको तयारी

विराटनगर/ स्टार्टअप उद्यम गर्न चाहने नयाँ उद्यमीलाई कोशी प्रदेश सरकारले आठ अर्ब ऋण लगानी गर्ने भएको छ। प्रदेशको आर्थिक विकासका लागि स्विस सरकारको सहयोगमा कोशी सरकारले नवउद्यमीलाई ३० लाखदेखि तीन करोडसम्म ऋण प्रदान गर्ने गरी उदय परियोजना सञ्चालनमा ल्याएको हो।

नवप्रवर्द्धन परियोजना र उद्यमशीलताको प्रवर्द्धनका लागि दाताको सहयोगमा कोशीले उदय परियोजनामार्फत नयाँ साना र मझौला उद्योगलाई विभिन्न बैंकबाट करिब आठ अर्ब ऋण लगानी गर्ने तयारी गरेको हो। उदय परियोजनाका लागि बिहीबार सुनसरीको इटहरीमा ग्लोबल आइएमई बैंक र राष्ट्रिय वाणिज्य बैंकसँग कोशी सरकारले औपचारिक सम्झौता गरेको छ।

सम्झौताअनुसार परियोजनामा स्विस सरकारले ३० करोड र प्रदेश सरकारले ३० करोड गरेर ६० करोडको ग्यारेन्टी फन्ड राखिनेछ। त्यस्तै, १४ करोड प्रदेश र १४ करोड स्विस सरकारको सहयोगमा च्यालेन्जिङ फन्ड पनि राखिने छ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीका अनुसार यो योजना लागू भएपछि कुनै पनि नयाँ उद्यम गर्न चाहने व्यक्तिले सम्झौता भएका बैंकबाट ३० लाखदेखि तीन करोडसम्म ऋण पाउनेछन्। परियोजना हेरेर बैंकले आवश्यक ठानेमा धितो नलिकन पनि ऋण प्रवाह गर्नेछ।

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि.
शाखा कार्यालय, चैनपुरको ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

क्र.सं.	कर्जाग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	बाँकी सावा रकम रु.	मिति २०८२/१२/१५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१	सिता विश्वकर्मा	सिद्धकाली ०४ संखुवासभा	१०२०२६–१२३६, संखुवासभा, २०६८/०१/१०	पथर बहादुर विश्वकर्मा	ससुराःपदम बहादुर	घरायसी कर्जा	१०,००,०००	५७४८४५	१५७४८४५

धितो मन्जूरी दिने/जमानत दिनेहरूको नामः

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबू	बाजे
पूजन विश्वकर्मा	चैनपुर ०६ सं.स.	१०२०३५/८००	संखुवासभा,२०७२/०३/०८	गंगा बहादुर विश्वकर्मा	पदम बहादुर विश्वकर्मा

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय काठमाडौं

राजस्वको दर घटाउने, दायरा बढाउने नीति लिन्छौं : अर्थमन्त्री

काठमाडौं/ वर्तमान सरकारले राजस्वका दर घटाउने र दायरा बढाउने नीति अवलम्बन गर्ने अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बताएका छन्। बिहीबार आयोजित केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा उनले समग्र प्रणाली र प्रशासनमा सुधार गर्दै राजस्व संकलन बढाउने योजना रहेको बताए। कर परिपालनाको वातावरण निर्माण गर्दै तस्करीमा आबद्ध व्यक्ति, समूह वा वर्गलाई राज्यका नीतिहरूमार्फत स्वरोजगारी र उद्यमशीलतातर्फ ल्याउने वातावरण निर्माण गर्नेसमेत उनले बताए।

बैठकमा गृहमन्त्री सुधन गुरुङले एक निकायले अर्को निकायलाई पन्छाउने र दोष दिने प्रवृत्ति बन्द गर्न, राजस्व चुहावट नियन्त्रणका समस्या समाधानका लागि 'डेडिकेटेड एक्सन प्लान' बनाएर तत्काल काममा खटिन, सबै निकायलाई साधनस्रोत सम्पन्न बनाउन, नाकाहरूमा थप पूर्वाधार र उपकरणको प्रबन्ध गर्नेलगायतका विषयमा निर्देशन दिए।

■ राजस्व चुहावट रोक्न मुख्य पाँच निर्णय

सरकारले राजस्व चुहावट रोक्न तथा संकलन बढाउन विभिन्न निर्णय गरेको छ। केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बिहीबारको बैठकले यस्तो निर्णय गरेको हो। डा. स्वर्णिम वाग्लेको अध्यक्षतामा बसेको बैठकले चुहावट नियन्त्रणका लागि निकायगत जिम्मेवारी यकिन गरी, कार्ययोजना तयार गरी बिहीबारदेखि नै प्रदर्शनीय कार्य नतिजामा जाने, नन फाइलर करदाताको संख्या घटाउने, बक्यौता असुली र बेरुजु फर्स्यौटमा नतिजा देखिने गरी काम गर्ने, कर विवादसँग सम्बन्धित विषय यथाशीघ्र टुंग्याउने, राजस्व चुहावट नियन्त्रणमा संलग्न निकाय तथा जनशक्तिको क्षमता विकासमा जोड दिनेलगायतका निर्णय गरेको हो।

हिलोराको बिक्री प्रबन्धकमा लक्ष्मी सनूराइज



काठमाडौं/ हिलोरा हिल्स रिसोर्ट लिमिटेडको साधारण सेयर (आइपिओ) निष्कासक तथा बिक्री प्रबन्धकमा लक्ष्मी सनूराइज क्यापिटल नियुक्त भएकोछ। सेयर निष्कासनसम्बन्धी सम्झौतामा रिसोर्टका तर्फबाट सञ्चालक ई. दीपविक्रम विष्ट र लक्ष्मी सनूराइजका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठले हस्ताक्षर गरेका हुन्। सम्झौता १९ चैतमा बानेश्वरस्थित लक्ष्मी सनूसाइजको कार्यालयमा भएको हो। रिसोर्टले ४० करोड रुपैयाँबराबरको प्रतिकित्ता १०० रुपैयाँ अंकित दरका ४० लाख कित्ता सेयर निष्कासन गर्नेछ। भक्तपुरमा रहेको हिलोरा हिल्स रिसोर्टमा सयवटाभन्दा बढी कोठा छन्।

रेडमी बड्स-८ लाइट बजारमा



काठमाडौं/ प्रविधि कम्पनी साओमीले रेडमी बड्स-८ लाइट नेपाली बजारमा ल्याएको छ। यसमा डुअल माइक्रोफोनसहित, उच्च ध्वनि गुणस्तर र लामो समय टिक्ने ब्याट्रीको सुविधा रहेको कम्पनीको दाबी छ। यसको डिजाइन सहज र आरामदायी भएकाले लामो समयसम्म प्रयोग गर्न सकिन्छ। साथै, स्मार्ट ट्याप कन्ट्रोल भएकाले कल, संगीत र अन्य काम सजिलै गर्न सकिने बताइएको छ।

रेडमी बड्स-८ लाइटमा एक्टिभ न्वाइज क्यान्सलेसन र विन्ड न्वाइज घटाउने सुविधा छ। यसले मेट्रोको आवाज, एसीको आवाज तथा बाहिरको हावाको आवाजजस्ता कम फ्रिक्वेन्सीका ध्वनिलाई कम गर्ने कम्पनीको भनाइ छ। यसको ब्याट्री ३६ घण्टासम्म टिक्नुका साथै फास्ट चार्जिङको सुविधा भएकाले १० मिनेट चार्ज गर्दा दुई घण्टासम्म संगीत सुन्न सकिने कम्पनीको दाबी छ। कम्पनीले यसको मूल्य चार हजार एक सय ९९ रुपैयाँ तोकेको छ। यसमा एक वर्षको वारेन्टी पनि दिइने बताइएको छ।

कजारियालाई एनएस क्वालिटी अवार्ड



काठमाडौं/ टायल उद्योग ब्रान्ड कजारियाले एनएस क्वालिटी अवार्ड-२०२६ प्राप्त गरेको छ। यो अवार्डले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्ने कम्पनीको प्रतिबद्धतालाई थप पुष्टि गर्नुका साथै विश्वसनीय र विश्वस्तरीय टायल उत्पादकका रूपमा स्थापित गर्ने कम्पनीले बताएको छ।

कम्पनीका अनुसार विगतका वर्षमा यो ब्रान्डले आफूलाई प्राविधिक नवप्रवर्तन, ठुलो उत्पादन क्षमता तथा सशक्त अन्तर्राष्ट्रिय पहुँचका आधारमा आफूलाई एक प्रमुख विश्वस्तरीय ब्रान्डका रूपमा स्थापित गरेको छ। लगातार १४ वर्षसम्म 'सुपरब्रान्ड' उपाधि प्राप्त गरेको कजारियाले उपभोक्ताको विश्वास, स्थिरता र बजार नेतृत्वलाई प्रतिबिम्बित गर्ने दाबी गरिएको छ।

'कजारियाको गुणस्तरप्रतिको प्रतिबद्धता आइएसो ९००१:२०१५ प्रमाणीकरणबाट पुष्टि हुन्छ, जसले उत्पादन तथा सञ्चालनमा विश्वस्तरीय मापदण्ड सुनिश्चित गर्छ,' कम्पनीले भनेको छ, 'आइएसओ १४००१:२०१५ प्रमाणीकरणले वातावरणीय जिम्मेवारी र दिगो अभ्यासप्रतिको यसको प्रतिबद्धतालाई झल्काउँछ।'

मोटरसाईकल हरायो

मिति २०८२/१२/१६ गते ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ०२ सानेपा रेडियण्ट चोकबाट धनी श्री नगिन थापा मगरको नाममा रहेको बागमति प्रदेश ०२-०६५ प १४६९ नं. को हुलास अटो क्राफ्ट पल्सर २२०CC को निलो कालो रंगको पल्सर मोटरसाईकल हराएको हुँदा पाउनुहुने महानुभावहरूले नजिकैको प्रहरी चौकी वा फोन नं. ९८६०२०६९६२ मा खबर गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

ऋणी नाम : Hulash Finserv Hire Purchase Ltd.
च्यासिस नं.: MD2A13EX5TCK80391
इन्जिन नं.: DKXCTK16595

नबिल बैंकको अविमोच्य असञ्चिति सेयरको दोस्रो बजारमा कारोबार सुरु



काठमाडौं/ नबिल बैंकको 'नबिल आठ प्रतिशत अविमोच्य असञ्चिति अग्राधिकार सेयर'को धितोपत्रको दोस्रो बजारमा कारोबार सुरु भएको छ। प्रतिसेयर अंकित मूल्य १०० रुपैयाँ रहेको चुक्ता मूल्य पाँच अर्ब रुपैयाँ भएको पाँच करोड कित्ता सेयर १६ चैतदेखि कारोबार सुरु भएको बताइएको छ।

धितोपत्रको दोस्रो बजारमा कारोबार हुने यस प्रकारको अविमोच्य असञ्चिति अग्राधिकार सेयर संस्थागत लगानीकर्ताबिच मात्रै खरिद-बिक्री हुनेछ। साथै, सर्वसाधारण लगानीकर्ता, नेपाल धितोपत्र बोर्डबाट अनुमतिप्राप्त धितोपत्र व्यवसायी (धितोपत्र दलाल व्यापारी, मर्चेन्ट बैंकरलगायत) र सामूहिक लगानी कोषले यो अग्राधिकार सेयर खरिद-बिक्री गर्न नपाउने व्यवस्था छ।

नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्डले अविमोच्य असञ्चिति अग्राधिकार सेयरसम्बन्धी नीतिगत व्यवस्था गरेपश्चात्, यस किसिमको अग्राधिकार सेयर जारी गर्ने स्वीकृति नेपाल धितोपत्र बोर्डबाट पहिलोपटक नबिल बैंकले प्राप्त गरेको थियो। उक्त उपकरण जारी गरेपश्चात् अतिरिक्त प्राथमिक पुँजीका माध्यमबाट पुँजीगत आधार बलियो भई बैंकको जोखिम बहन गर्ने क्षमता बढ्ने र व्यवसाय विस्तारमा थप सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

नबिल बैंकले देशभर दुई सय ६८ शाखा सञ्जालसहित तीन सय १८ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ। बैंकले २५ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आफ्ना सबै सरोकारवालासँग मिलेर सँगै अघि बढ्ने विश्वास राखेको छ। चार दशकदेखि गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले पछिल्लो समयमा दिगो बैंकिङको अवधारणालाई आत्मसात् गर्दै डिजिटल बैंकिङका लागि एनबैंक सञ्चालनमा ल्याएको छ।

गोल्छा ग्रुपद्वारा किओचलाई पाँच करोड सहयोग

काठमाडौं/ औद्योगिक तथा व्यावसायिक घराना गोल्छा ग्रुपले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच)लाई पाँच करोड रुपैयाँ आर्थिक सहयोग गरेको छ। कर्पोरेट सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत गोल्छा ग्रुपका अध्यक्ष शेखर गोल्छा र किओचका संस्थापक अध्यक्ष प्राडा भगवान कोइरालाबिच आर्थिक सहयोगको सम्झौता भएको हो।

'सातै प्रदेशमा बाल अस्पताल निर्माण गर्ने यो अभियानमा जोडिन पाउँदा गर्व महसुस गरेको छु,' ग्रुपका अध्यक्ष शेखर गोल्छाले भने, 'हाम्रो फाउन्डेसनद्वारा किओचसँग सहकार्य गरेका हौं।'

नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/१२/२०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/०७/२४ मा दर्ता न. १४१६७७/०७२/०७३ अन्तर्गत दर्ता भएको **निशान निर्माण सेवा प्रा.लि.** ।

ऋणी कम्पनीका संचालक तथा ब्यक्तिगत जमानतकर्ताको विवरण

१. जगविर खत्रीको नाती, पहलसिंह खत्रीको छोरा, सुर्खेत जिल्ला रतु गाविस वडा नं. ०२ स्थायी ठेगाना भएको **ईन्द्र बहादुर खत्री** (नागरिकता ना.प्र.न १९७९६/२२८६, जारी मिति २०४०/१२/१७, जिल्ला सुर्खेत)।
२. भुप ब.पुनकी छोरी, हर्क बुढाकी बुहारी, अकिल बहादुर बुढाकी पत्नी रुकुम जिल्ला भलाकचा गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भएकी **चाँदनी पुन** (नागरिकता ना.प्र.न ३९०४/२१११, जारी मिति २०५१/०७/१३, जिल्ला रुकुम)।
३. सुरजमल बुढाको नाती, हर्क बुढाको छोरा, हुम्ला जिल्ला जैर गाविस वडा नं. ०१ स्थायी ठेगाना भएको **अकिल बहादुर बुढा** (नागरिकता ना.प्र.न.६५४, जारी मिति २०४३/०४/१०, जिल्ला हुम्ला)।
४.जगत बहादुर खड्काको नाती, वीर ब. खड्काको छोरा, उदयपुर जिल्ला त्रियुगा गाविस वडा नं. ०७ स्थायी ठेगाना भएको **पुष्पराज खड्का** (नागरिकता ना.प्र.न.६२८९१, जारी मिति २०६०/०४/२६, जिल्ला उदयपुर)।

धितोको विवरण

चाँदनी पुनको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ठेचो वडा नं. ०९, नक्सामा अवस्थित कि.नं. ३९५, ११२५, १०८३, १०८४ र ४७४ क्षेत्रफल ०-४-२-०, ०-२-३-०, ०-२-०-०, ०-१-०-० र ०-६-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण:
ऋणी **निशान निर्माण सेवा प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं.प्र.३ ०१ ००३ क १५२७ भएको TATA Tipper.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति २०८२/१२/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय पथरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुन: अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति	बोलपत्र खोलिने मिति/समय
२०८२/१२/२६ गते, बिहीबार	२०८२/१२/२९ गते दिनको ३ बजे आईतबार/स्थान शाखा कार्यालय पथरी

क्र.सं	१. ऋणीको नाम, ठेगाना	
१	**नाम : प्याराडाइज होटल एण्ड लज** प्रदेश सरकार, प्रदेश नं. १,उधोग पर्यटन वन तथा बातावरण मन्त्रालय,उधोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निदेशनालय, घरेलु तथा साना उधोग कार्यालय, भद्रपूर, झापा दर्ता नं : २३०६/५०८/२२२९०,दर्ता मिति : २०७७/११/२३, पान. न. ६१३२४८६४२ (आ.रा.का. दमक), दर्ता मिति : २०७६/१२/०६ ठेगाना : दमक नगरपालिका वडा न .५, झापा, प्रोपराइटर : दुर्गा सेन्दाङ्ग (लिम्बु)	
	ऋणी तथा जमानकर्ताको विवरण	
	नाम : दुर्गा सेन्दाङ (लिम्बु) ना.प्र.प.नं. ४६३९२-२३८६, जि.प्र.का ताप्लेजुङ, जारी मिति : २०५७/१२/३१ बाबुको नाम: दल बहादुर लिम्बु बाजेको नाम : मान बहादुर लिम्बु ठेगाना : दमक नगरपालिका वडा न .५, झापा	
	जमानतकर्ताहरूको विवरण	
	१. नाम : पुनम सेन्दाङ्ग ना.प्र.प.नं. ०११००२-७९, जि.प्र.का ताप्लेजुङ जारी मिति : २०६५/०७/१० बाबुको नाम: दलबहादुर लिम्बु बाजेको नाम : मान बहादुर लिम्बु ठेगाना : दमक नगरपालिका वडा न .५, झापा	**२. नाम : ताँगसाङ लिम्बु** ना.प्र.प.नं. ०४-०२-७७-०१०९६, जि.प्र.का झापा जारी मिति : २०७७/०६/२९ बाबुको नाम: फडिन्द्र कुमार मुसुहाङ (लिम्बु) बाजेको नाम : बिर बहादुर लिम्बु ठेगाना : दमक नगरपालिका वडा न .५, झापा
	धितोको विवरण	
	दुर्गा सेन्दाङ लिम्बुको नाममा मालपोत कार्यालय दमक, झापा मा दर्ता कायम रहेको झापा जिल्ला, दमक नगरपालिका वडा नं. १० स्थित कित्ता नं. १५४ को क्षेत्रफल २९३.१२ वर्ग मि. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: पथरी फोन नं.०२१-५५५४८३, ५५५४८२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्न सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/१२/२०)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति	तपशिल	बोलपत्र खोलिने मिति
२०८३/०१/०४		२०८३/०१/०६ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : जे.एस.ईट्टा उद्योग (विविध कर्जा),** प्रा.फ.नं.घ.उ.का. : ५३३०/०७१, ठेगाना : हरनामपुर ४, कपिलवस्तु, **ऋण प्रवाह गर्ने शाखा : जितपुर** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१.जित बहादुर चौधरी थारु-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३८-०१-७६-०००४४, मिति २०७६/०१/०३ मा जि.प्र.का.कपिलवस्तुबाट जारी भएको), बाबु : सन्तराम चौधरी, बाजे : महादेव चौधरी **२. एलिजा चौधरी-जमानीकर्ता** (ना.प्र.नं. ३८-०१-७४-०७१०३, मिति २०७४/०७/०६ मा जि.प्र.का.कपिलवस्तुबाट जारी भएको) बाबु : जित बहादुर चौधरी थारु, बाजे : सन्तराम चौधरी **३. सृष्टि चौधरी-जमानीकर्ता** (ना.प्र.नं. ३८-०१-७१-०१९१२, मिति २०७१/०३/०३ मा जि.प्र.का.कपिलवस्तुबाट जारी भएको) बाबु : जित बहादुर चौधरी थारु, बाजे : सन्तराम चौधरी **४. सम्झना चौधरी-जमानीकर्ता** (ना.प्र.नं.३८-०१-७३-०५१९४, मिति २०७३/०६/२० मा जि.प्र.का.कपिलवस्तुबाट जारी भएको) बाबु : जित बहादुर चौधरी थारु, बाजे : सन्तराम चौधरी **५. शसिलता सिंह-जमानीकर्ता** (ना.प्र.नं.५/७१३, मिति २०५२/०८/१७ मा जि.प्र.का.रुपन्देहीबाट जारी भएको),बाबु : चन्द्रमान सिंह चौधरी पति : जित बहादुर चौधरी थारु, ससुरा : सन्तराम चौधरी **६. सउनी चौधरी थरुनी-जमानीकर्ता** (ना.प्र.नं. ६९१, मिति २०४५/०२/२० मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको), पति : जित बहादुर चौधरी थारु, ससुरा : सन्तराम चौधरी	जित बहादुर चौधरी (थारु)को नाममा कपिलवस्तु जिल्ला मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. १४२५(०-५-१२-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय जितपुर, कपिलवस्तु/सम्बन्धीत मालपोत नजिकको शाखा
२.	**ऋणी : बालकृष्ण एण्ड शर्मिला शुज सेन्टर (महिला उद्यमशीलता कर्जा),** प्रा.फ.र.नं. : १५३०७७/०७६/७७, ठेगाना : का.म.न.पा. २२, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : ठमेल** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. मनमाया कामी-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १३१७५, मिति २०६०/१०/११ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) बाबु : देव बहादुर कामी, पति : सुर्ख बहादुर सुनार, ससुरा : डिल बहादुर सुनार **२. सुर्ख बहादुर सुनार-जमानीकर्ता** (ना.प्र.नं. ३२०११, मिति २०५६/०५/२४ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) बाबु : डिल बहादुर सुनार, बाजे : विरबल सुनार	सुर्ख बहादुर सुनारको नाममा धादिङ्ग जिल्ला मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, गजुरी गा.वि.स./न.पा. वडा नं. ४(ग) स्थित कि.नं. ५१ (३-११-१-१ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धादिङ्ग /सम्बन्धीत मालपोत नजिकको शाखा
३.	**ऋणी : सैलुङ्ग इन्टरप्राइजेज प्रा.लि.(विविध कर्जा)** ,प्रा.लि.नम्बर : ९१३७/०५५/५६, ठेगाना : ललितपुर म.न.पा ८, ललितपुर **ऋण प्रवाह शाखा : प्रधान कार्यालय कर्पोरेट** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. निकेश अधिकारी-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.२८-०१-७२-००३८०, मिति २०७२/०२/१८ मा जि.प्र.का.ललितपुरबाट जारी भएको), बाबु : शारदा प्रसाद अधिकारी, बाजे : मोद नाथ अधिकारी **२. लक्ष्मण श्रेष्ठ-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.१०४२२९, मिति २०६२/०८/०६ मा जि.प्र.का.नुवाकोटबाट जारी भएको) बाबु : सिताराम श्रेष्ठ, बाजे : गोपिलाल श्रेष्ठ **३.सरस्वती श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं.३२६७, मिति २०४९/०८/१८ मा जि.प्र.का.नुवाकोटबाट जारी भएको), पति : सिताराम श्रेष्ठ, ससुरा : गोपीलाल श्रेष्ठ **४.शारदा प्रसाद अधिकारी-जमानीकर्ता** (ना.प्र.नं.१८५२९, मिति २०४५/०४/११ मा जि.प्र.का.ललितपुरबाट जारी भएको) बाबु : मोद नाथ अधिकारी, बाजे : रघु नाथ अधिकारी	सरस्वती श्रेष्ठको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय टोखा, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, धापासी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. २०७(३८८.५५ व.मि.) र कि.नं. २२६ (११९८.२९ व.मि.) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सामाखुशी, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
४.	**ऋणीहरु : क) पि. एण्ड पि. तयारी कपडा उद्योग प्रा.लि.(विविध कर्जा)** दर्ता नं. : २१०१००/०७५/०७६, ठेगाना : का.म.न.पा. १६, काठमाडौं **ख) जिवनराज खत्री तथा कल्पना खत्री,** ठेगाना : बेथान २, रामेछाप हाल तारकेश्वर ५, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : महाराजगञ्ज** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. जिवनराज खत्री-जमानीकर्ता** (ना.प्र.नं.४७५४१, मिति २०५७/०७/०८ मा जि.प्र.का.रामेछापबाट जारी भएको), बाबु : शिव बहादुर खत्री, बाजे : पदम बहादुर खत्री **२. कल्पना खत्री-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.७३५५६, मिति २०६२/०७/०२ मा जि.प्र.का.रामेछापबाट जारी भएको) पति : जिवनराज खत्री, ससुरा : शिव बहादुर खत्री	१. कल्पना खत्रीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स./न.पा. वडा नं. ५(ख) स्थित कि.नं. १९९१(०-३-१-२ रोपनी), कि.नं. १९९२(०-०-३-३ रोपनी), कि.नं. १९८६(०-०-०-२ रोपनी), १९९४(०-३-०-० रोपनी), कि.नं. १९९६(०-२-१-० रोपनी) र कि.नं. १९९८ (०-३-१-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. कल्पना खत्रीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स./न.पा. वडा नं. ५(ख) स्थित कि.नं. १९४४(०-५-२-१ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय महाराजगञ्ज, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
५.	**ऋणी : अर्जुन पाल्पाली (धितो कर्जा)** (ना.प्र.नं. २०४७९/२११०३५/९८४९, मिति २०४८/१२/२६ मा जि.प्र.का.रामेछापबाट जारी भएको), ठेगाना : गेलु ५, रामेछाप , बाबु : रण बहादुर पाल्पाली, बाजे : माथवर सिं पाल्पाली **ऋण प्रवाह गर्ने शाखा : मन्थली** **व्यक्तिगत जमानीकर्ता :** **मनुका खड्का-जमानीकर्ता** (ना.प्र.नं.३३७९, मिति २०४६/०३/२६ मा जि.प्र.का.रामेछापबाट जारी भएको) पति : अर्जुन पाल्पाली, ससुरा : रण बहादुर पाल्पाली	अर्जुन पाल्पालीको नाममा रामेछाप जिल्ला मालपोत कार्यालय रामेछापमा दर्ता कायम रहेको रामेछाप जिल्ला, गेलु गा.वि.स./न.पा. वडा नं. ५(क) स्थित कि.नं.१६१(१४-५-०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय मन्थली, रामेछाप/सम्बन्धीत मालपोत नजिकको शाखा
६.	**ऋणी : महालक्ष्मी गाई फार्म (आवधिक कर्जा),** प्रा.फ.द.नं.: ७५३/८४७८, ठेगाना : कावासोती न.पा. २, नवलपरासी **ऋण प्रवाह गर्ने शाखा : कावासोती** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. ज्ञान कुमारी खत्री-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३३३९२, मिति २०५६/१२/०६ मा जि.प्र.का. गुल्मीबाट जारी भएको), पति : मदन बहादुर खत्री, ससुरा : नर बहादुर खत्री **२. मदन बहादुर खत्री-जमानीकर्ता** (ना.प्र.नं. ५३५८, मिति २०५५/०७/३० मा जि.प्र.का. गुल्मीबाट जारी भएको), बाबु : नर बहादुर खत्री, बाजे : रविलाल खत्री **३. मिरा खत्री-जमानीकर्ता** (ना.प्र.नं. ४१-०१-७६-०३६३२, मिति २०७६/०५/०५ मा जि.प्र.का. गुल्मीबाट जारी भएको) बाबु : मदन बहादुर खत्री, बाजे : नर बहादुर खत्री	ज्ञान कुमारी खत्रीको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती गा.वि.स./न.पा. वडा नं.४(ढ) स्थित कि.नं. १६६० (०-०-१०.५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय कावासोती, नवलपरासी/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/७७०
शुक्रबार २० चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

विश्वकपमा यी चर्चित खेलाडी नदेखिने


पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, चिलीका एलेक्सिस सान्चेज र डेनमार्कका क्रिस्टियन एरिक्सनजस्ता खेलाडी आगामी जुन-जुलाईमा हुने विश्वकपमा देखिने छैनन्

एजेन्सी

अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकप फुटबल प्रतियोगितामा सहभागी सबै ४८ राष्ट्रको टुंगो लागेको छ। फिफाले पहिलोपटक आगामी विश्वकपमा सर्वाधिक राष्ट्रलाई सहभागी गराउँदा अनुभवी टोलीहरूले स्थान बनाउन सकेनन्। विशेषतः चारपटकको विश्व च्याम्पियन इटाली लगातार तेस्रोपटक विश्वकप छनोट चरणमै सीमित भएको छ। इटाली विश्वकपमा नहुँदा विश्व फुटबलकै एउटा लेगेसी समाप्त भएको एजेन्सीहरूले जनाएका छन्।

अफ्रिकी राष्ट्र कंगोले ५२ वर्षपछि विश्वकपमा स्थान बनाउँदा युरोपियन शक्तिशाली राष्ट्र पोल्यान्डसँगै हंगेरी पनि यसपटक विश्वकपमा हुनेछैनन्। बोस्निया हर्जगोभिना पनि तेस्रोपटक विश्वकपमा पुग्यो। नाइजेरिया, डेनमार्क, युक्रेन र चिलीले पनि विश्वकप छनोट पार गर्न सकेनन्। यी राष्ट्र विश्वकपमा नपुग्दा उसका स्टार खेलाडी पनि फुटबलकै ठुलो प्रतिस्पर्धाबाट वञ्चित भएका छन्। यसमा पनि पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, चिलीका एलेक्सिस सान्चेज, डेनमार्कका क्रिस्टियन एरिक्सन, इटालीका सान्ड्रो टोनालीजस्ता खेलाडी आगामी जुन-जुलाईमा हुने विश्वकपमा देखिने छैनन्।

रोबर्ट लेवान्डोस्की (पोल्यान्ड)



वर्तमान समयकै विश्वस्तरीय स्ट्राइकरमा पर्छन् पोल्यान्डका लेवान्डोस्की। ३७ वर्षीय बार्सिलोनाका स्ट्राइकर लेवान्डोस्कीले यसपटक विश्वकप खेल्ने चाहना राखेका थिए। तर, स्विडेनसँग प्लेअफ फाइनलमा पोल्यान्ड ३-२ ले पराजित भयो। यो नतिजासँगै लेवान्डोस्कीको विश्वकप खेल्ने सपना तुहियो। पोल्यान्डबाट ८९ अन्तर्राष्ट्रिय गोल गरेका उनी स्पेनिस ला लिगाकै चर्चित खेलाडीमा पर्छन्। बार्सिलोनाका प्रमुख खेलाडीमा पर्ने लेवान्डोस्कीले अन्तिम समयसम्म पोल्यान्डलाई विश्वकपमा पुऱ्याउने प्रयास गरेका थिए, तर सफल भएनन्। व्यावसायिक फुटबलमा लेवान्डोस्कीले जर्मन बुन्डेस लिगा १० पटक जितेका थिए। लामो समयम जर्मन क्लबमै बिताएका उनले दुईपटक बोरुसिया डर्टमन्डबाट बुन्डेस लिग हात पारेका थिए। कीर्तिमानी रूपमा बायर्नबाट उनले लगातार आठ सिजन लिग उपाधि जितेका थिए। बार्सिलोनामा आबद्ध भएपछि उनले दुईपटक स्पेनिस ला लिगा जितेका छन्। मंगलबार राति लेवान्डोस्कीले आफ्नो करिअरकै अन्तिम अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने अनुमान सफल पार्न सकेनन्। लेवान्डोस्कीले विश्वकप २०१८ मा पोल्यान्ड टोलीको कप्तानी गरेका थिए। सन् २०२२ को कतार विश्वकपमा उनले पोल्यान्डलाई अन्तिम १६ सम्म पुऱ्याए।


जियानलुइजी डोनारुम्मा (इटाली)



पछिल्लो समय इटालीको फुटबल त्यति आकर्षक बन्न सकेको छैन। कुनै समय फुटबलमा राज गरेका इटालीमा अहिलो टेनिस क्रेज बढेको छ। टेनिसकै प्रभावका कारण इटालीमा सिरी 'ए' लिगमा दर्शकको उपस्थिति पातलिँदै छ। राज्यले फुटबलप्रति लगानी नगर्दा त्यसको प्रत्यक्ष असर राष्ट्रिय टोलीमा पऱ्यो। यसकारण इटाली लगातार तीनपटक विश्वकप छनोट चरणमै सीमित भयो।

यो नतिजासँगै इटालीका गोलरक्षक जियानलुइजी पनि विश्वकप खेल्न वञ्चित भए। वर्तमान समयमा उनी इंग्लिस प्रिमियर लिगका उत्कृष्ट गोलरक्षकमा पर्छन्। गत २६ सेप्टेम्बरमा जियानलुइजी २६ मिलियन पाउन्डमा पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट म्यानचेस्टर सिटीमा आबद्ध भएका थिए। गत सिजन उनकै उत्कृष्ट प्रदर्शनमा पिएसजीले युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिता जितेको थियो। च्याम्पियन्स लिगपछि उनी सिटीमा आबद्ध हुन पुगे। सन् २०२० मा इटालीले युरोकप जित्दा उनले गोलरक्षकको भूमिकामा उत्कृष्ट खेल देखाए। यसै प्रदर्शनका कारण उनी सो युरोकपकै उत्कृष्ट खेलाडी बनेका थिए। सन् २०२६ को विश्वकपअन्तर्गत प्लेअफमा इटाली बोस्निया हर्जगोभिनासँग पेनाल्टी सुटआउटमा ४-१ ले पराजित भएपछि जियानलुइजीले पनि विश्वकप मिस गरे।

डोमिनिक सोबोज्लाई (हंगेरी)




इंग्लिस प्रिमियर क्लब लिभरपुलले पछिल्लो समयमा युरोपियन फुटबलमा राम्रो प्रदर्शन गरिरहेको छ। प्रिमियर लिगदेखि च्याम्पियन्स लिगसम्म लिभरपुल उपाधि दाबेदार टोलीका रूपमा रहेको छ। लिभरपुलको मिडफिल्डमा हंगेरीका डोमिनिकले कमान्ड सम्हालेका छन्। मिडफिल्डर डोमिनिकले यस सिजन प्रिमियर लिगमा प्रभावशाली प्रदर्शन गरेका छन्। बेलायती लिगमा चर्चामा रहेका यी खेलाडी सन् २०२६ को विश्वकपमा देखिने छैनन्। विश्वकपअन्तर्गत मंगलबार राति भएको अन्तिम समूह खेलमा आयरल्यान्डसँग पराजित हुँदा हंगेरी विश्वकप दौडबाट बाहिरियो। अन्तिम समयमा उत्कृष्ट प्रदर्शन गरेको आयरल्यान्डले प्लेअफमा स्थान बनायो।

क्रिस्टियन एरिक्सन (डेनमार्क)



वर्तमान समयका चर्चित मिडफिल्डर एरिक्सन पनि विश्वकपमा देखिने छैनन्। विश्वकपअन्तर्गत युरोपियन प्लेअफ फाइनलमा डेनमार्क चेक रिपब्लिकसँग ३-२ ले पराजित भयो। यो नतिजासँगै डेनमार्क विश्वकपमा पुग्न सकेन। युरोपकै आकर्षक र उत्कृष्ट डिब्लिडको क्षमता राख्ने एरिक्सनको विश्वकप खेल्ने सपना यसपटक पनि पूरा भएन। यसअघि नर्थ मासेडोनियालाई ४-० ले हराउँदा डेनमार्क विश्वकपनजिक पुगेको थियो। तर, निर्णायक खेलमा डेनमार्कले मौका गुमायो। व्यावसायिक फुटबलमा एरिक्सन जर्मन क्लब वल्सबर्गबाट खेल्छन्।

एलेक्सिस सान्चेज (चिली)



विश्वकपमा दक्षिण अमेरिकी छनोटमा चिली दसौँ स्थानमा रह्यो। दक्षिण अमेरिकी छनोटमा चिलीले यसपटक निकै खराब प्रदर्शन गरेको थियो। १८ खेलमा केवल दुई खेलमा मात्र जित निकाल्यो। ११ खेलमा हारको सामना गरेको चिलीले छनोट खेलमा ११ अंक मात्र बनायो। विश्वकप छनोट चरणमा दक्षिण अमेरिकाबाट चिली पहिलो टोलीका रूपमा बाहिरिएको थियो। स्पेनिस क्लब सेभिल्लाबाट व्यावसायिक फुटबल खेलिरहेका सान्चेजको पनि विश्वकप खेल्ने सपना पूरा भएन। फिनिसिङमा गतिलो मुभ बनाउन सक्ने सान्चेजले विश्वकप छनोटमा पनि गतिलो प्रदर्शन गर्न सकेनन्। ३७ वर्षको उमेरमा पनि उनी स्पेनिस लिगमा छाइरहेका छन्।

भिक्टर ओसिम्हेन (नाइजेरिया)



सन् २०२३ मा नापोलीले ऐतिहासिक प्रदर्शन गरी सिरी ए लिग जित्दा भिक्टरले उत्कृष्ट प्रदर्शन गरेका थिए। त्यसपछि उनी गालाटासारेमा अनुबन्ध भए। टर्कीको क्लब गालाटासारेमा उनले ३० खेलमा २६ गोल गरेका छन्। उनकै प्रेरणादायी प्रदर्शनमा गालाटासारेले गत सिजन टर्किस सुपर लिग जितेको थियो। क्लबमा प्रभावशाली प्रदर्शन गर्ने भिक्टरजस्ता खेलाडी विश्वकपमा हुने छैनन्। सन् २०२६ विश्वकप छनोटको पहिलो समूह चरणमा नाइजेरियाले १० मध्ये पाँच खेल बराबरी खेलेको थियो। नाइजेरिया समूह विजेता दक्षिण अफ्रिकाभन्दा १ अंकले पछि रह्यो। यद्यपि, नाइजेरियाले विश्वकप आशा जीवित बनाउन प्लेअफमा स्थान बनायो। प्लेअफमा भिक्टर वैकल्पिक खेलाडीका रूपमा रहे। नाइजेरियाले कंगोसँग पेनाल्टी सुटआउटमा हारको सामना गऱ्यो। यो नतिजासँगै भिक्टरको पनि विश्वकप खेल्ने सपना पूरा भएन।

सेरहोउ गुइरासी (गिनी)



युरोपियन फुटबलमा पछिल्लो पुस्ताकै प्रभावशाली स्ट्राइकरका रूपमा सेरहोउ पर्छन्। अफ्रिकी राष्ट्र गिनीका सेरहोसले बुन्डेस लिगामा उत्कृष्ट खेल प्रदर्शन गरिरहेका छन्। उनले पछिल्ला तीन सिजनमा जर्मन बुन्डेस लिगामा ६२ गोल गरेका छन्। साथै, २०२४/२५ सिजनको च्याम्पियन्स लिगमा उनले १३ गोल गरेका थिए। सन् २०२६ को विश्वकपमा उनी देखिने छैनन्। उनले प्रतिनिधित्व गरेको गिनी अफ्रिकी छनोटको पहिलो चरणमै बाहिरियो।

■ प्रधानमन्त्री कप क्रिकेट

मधेशलाई हराउँदै आर्मी शीर्ष स्थानमा

नयाँ पत्रिका

त्रिभुवन आर्मी क्लब प्रधानमन्त्री (पिएम) कप एकदिवसीय क्रिकेट प्रतियोगिताको शीर्ष स्थानमा उक्लिएको छ। प्रतियोगिताअन्तर्गत बिहीबार जनकपुरमा भएको खेलमा आर्मीले अपराजित मधेश प्रदेशलाई ६ विकेट हराउँदै शीर्ष स्थानमाथि १ अंकको अग्रता लिएको छ। पहिलो ब्याटिङ गरेको मधेशले प्रतियोगितामा पहिलोपटक कमजोर ब्याटिङ गऱ्यो। आर्मीविरुद्धको प्रतिस्पर्धामा मधेश ४८.३ ओभरमा १८४ रनमा समेटियो। मधेशको प्रतिओभर रनरेट ३.७९ थियो।

प्रत्युत्तरमा आर्मीले सहज लक्ष्य २९.४ ओभरमा चार विकेटको क्षतिमा प्राप्त गऱ्यो। लक्ष्य पछ्याउँदा आर्मीले ६.३० को रनरेटमा ब्याटिङ गरेको थियो। आर्मीको जितमा ओपनर तृतराज दासले सर्वाधिक ६९ रनको योगदान दिए। उनले कप्तान विनोद भण्डारीसँग पहिलो विकेटका लागि ९.५ ओभरमा ६७ रन जोडे। विनोदले २९ बलमा ६ चौकाको सहयोगमा ३२ रन बनाए। भीम सार्की ८ रनमा आउट भए।



मधेश प्रदेशलाई ६ विकेट हराउँदै आर्मीको शीर्ष स्थानमा १ अंकको अग्रता

तृतराजले कुशल मल्लसँग तेस्रो विकेटका लागि ४० रनको साझेदारी गर्दै टोलीलाई ७५-२ बाट ११५-३ को स्थितिमा राखे। कुशलले २२ बलमा चार चौकाको सहयोगमा २४ रन जोडे। त्यसपछि तृतराजले बसिर अहमदसँग चौथो विकेटका लागि ६५ रनको साझेदारी गर्दै आर्मीलाई जितनजिक पुऱ्याएका थिए। इनिङ्सको २७.४ ओभरमा तृतराजले आफ्नो विकेट गुमाउनुअघि सात चौका र तीन छक्का प्रहार गरेका थिए। बसिरले ३९ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै ४१ रनको नटआउट योगदान दिए। मधेशका लागि मोहमद आदिलले २५ रन खर्चेर दुई विकेट हात पारे। आर्मीले पाँच खेलमा चार जितका साथ ९ अंक जोडेको छ।

दोस्रो स्थानमा रहेको सुदूरपश्चिमले पाँच खेलमा चार जित र एक हार सामना गरी ८ अंक जोडेको छ। नेपाल पुलिस र मधेशले समान ७ अंक बनाएका छन्। रनरेटमा पुलिस तेस्रो र मधेश चौथो स्थानमा रहे। यसअघि मधेशका विशाल सुस्लिडले सर्वाधिक ५१ रन बनाएका थिए। उनले ७३ बलमा तीन चौका र दुई छक्का प्रहार गरेका थिए। कप्तान अनिल साहले ६० बलमा ४२ तथा पवन सर्राफले २२ रनको योगदान गरे। आर्मीका बसिर अहमदले तीन विकेट लिएका थिए।

सुदूरपश्चिमको रोमाञ्चक जित

प्रधानमन्त्री कपअन्तर्गत २५औँ खेलमा सुदूरपश्चिमले गण्डकीमाथि दुई विकेटको रोमाञ्चक जित निकालेको छ। वीरगन्जमा पहिलो ब्याटिङ गरेको गण्डकीले ४९ ओभरमा सबै विकेट गुमाएर १९० रन जोडेको थियो। प्रत्युत्तरमा सुदूरपश्चिमले ३९.२ ओभरमा आठ विकेटको क्षतिमा १९१ रन बनायो। कप्तान शेर मल्लले पाँच विकेट लिएपछि सुदूरपश्चिम प्रदेशले गण्डकी प्रदेशलाई दुई विकेटले पराजित गरेको हो। वीरगन्जमा टस जितेर ब्याटिङ गरेको गण्डकीले ४९ ओभरमा सबै विकेट गुमायो। प्रत्युत्तरमा सुदूरपश्चिमले ३९.२ ओभरमा आठ विकेट गुमाएर जित निकाल्दै दोस्रो स्थानमा उक्लियो। अभिषेक पालले ६६ रनको योगदान दिए। उनले ९३ बल खेलेर ६ चौका र दुई छक्का प्रहार गरेका थिए।

मध्यक्रमका दीपक बोहरालेे ३८ बलमा ३५ रन बनाए। आठौँ क्रममा ब्याटिङ गरेका नारायण जोशीले धैर्यपूर्वक ब्याटिङ गरी टोलीलाई जित दिलाए। उनले ४८ बलमा ४५ रन बनाउँदा तीन छक्का र दुई चौका प्रहार गरेका थिए। सुदूरपश्चिमले जित निकाले पनि ब्याटिङमा संघर्ष गरेको देखिन्थ्यो। विपिन खत्रीले १० ओभरमा ३६ रन खर्चेर पाँच विकेट लिएपछि सुदूरपश्चिमको मध्यक्रमको ब्याटिङ कमजोर देखियो। इनिङ्सको एक समय सुदूरपश्चिम ३०.५ ओभरमा १४६-७ को स्थितिमा थियो। यसअघिको सुदूरपश्चिमका कप्तान मल्लले १० ओभरमा एक मेडन राखी ४२ रन दिएर पाँच विकेट लिए। हेमन्त धामी र अशोक धामीले समान दुई विकेट लिए। गण्डकीका लागि ओपनर अर्जुन कुमालले सर्वाधिक ४४ रन बनाउन ६८ बलमा सात चौका प्रहार गरेका थिए।

खेल संक्षेप

ओलम्पियन वैद्य सम्मानित

काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सअन्तर्गतको नेपाल महिला चेम्बरले तेक्वान्दोकी संगीना वैद्यलाई सम्मान गरेको छ। सन् २००४ को एथेन्स ओलम्पिकमा संगीना छनोट चरण पार्दै ओलम्पिक खेल्ने पहिलो नेपाली खेलाडी बनेकी थिइन्। नेपाल चेम्बर अफ कमर्सको हीरक महोत्सवका अवसरमा संगीनासहित विभिन्न क्षेत्रका ७५ प्रथम महिलालाई सम्मान गरिएको थियो। संगीनापछि तेक्वान्दोका दीपक विष्टले २००८ को बेइजिङ ओलम्पिक र टेबुलटेनिसका स्यान्दु श्रेष्ठले २०२४ को पेरिस ओलम्पिक छनोट चरण पार गर्दै खेलेका थिए। सन् १९९६ मा अस्ट्रेलियाको मेलबर्नमा भएको एसियाली तेक्वान्दो च्याम्पियनसिपमा उनले स्वर्ण जितेकी थिइन्। उनी एसियाली तेक्वान्दोमा स्वर्ण जित्ने नेपालकै पहिलो महिला खेलाडी हुन्। उनले सन् १९९९ मा काठमाडौंमा भएको आठौँ दक्षिण एसियाली खेलकुद र सन् २००६ मा पाकिस्तानको इस्लामाबादमा भएको नवौँ साफ खेलमा स्वर्ण पदक जितेकी थिइन्। पूर्वराष्ट्रपति डा. रामवरण यादव र नेपाल चेम्बर महिलाकी अध्यक्ष उर्मिलालगायतले सम्मानित संगीनासहितलाई बिहीबार कदरपत्रसहित सम्मान गरेका हुन्।



किक बक्सिङ सेमिनार सुरु

काठमाडौं/ किक बक्सिङ विकास कार्यक्रमअन्तर्गत ब्ल्याकबेल्ट ग्रेडिङसँगै रेफ्री कोच सेमिनारको सुरु भएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहता र एसियाली किक बक्सिङ महासंघका अध्यक्ष नासिर नासिरीले बिहीबार सेमिनारको उद्घाटन गरे। सदस्यसचिव मेहताले यस्ता कार्यक्रमले सहभागीको दक्षता वृद्धि गर्न टेवा पुग्ने बताए। अध्यक्ष नासिरले नेपालमा किक बक्सिङ खेलको राम्रो माहोल रहेको बताए। कार्यक्रममा सात प्रदेश र तीन विभागीय टोलीका प्रशिक्षक, खेलाडी र निर्णायक गरी करिब दुई सय सहभागी छन्।

राष्ट्रिय कुस्ती खेलाडीको बिदाइ

काठमाडौं/ नेपाली कुस्ती खेलाडीले किर्गिस्तानको बिस्केकमा हुने दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने भएका छन्। ५ देखि १२ अप्रिलसम्म हुने सिनियर एसियाली कुस्ती प्रतियोगिता तथा १२ देखि १४ अप्रिलसम्म हुने सिनियर एसियाली बेल्ट कुस्ती एलिस प्रतियोगितामा खेलाडीले प्रतिस्पर्धा गर्ने भएका हुन्। दुवै प्रतियोगितामा पुरुष ७४ केजीमा सुरेश चुनारा तथा ९७ केजीमा त्रिलोकीप्रसाद यादवले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। सुरेशले गत वर्ष भारतमा भएको एसियाली बेल्टमा कांस्य जितेका थिए। प्रशिक्षकमा मुमताज अली इद्रिसी रहेका छन्।

स्पोर्टस् अवार्डलाई गहना घरको साथ

कास्की/ दसौँ संस्करणको पोखरा स्पोर्टस् अवार्ड, २०८२ अन्तर्गत पिपल्स च्वाइस अवार्डका विजेतालाई प्रदान गर्ने स्कुटर पोखरा महानगरपालिका न्युरोडस्थित गुरुङ गहना घर प्रालिले प्रायोजन गर्ने भएको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा आगामी १८ वैशाखमा हुने अवार्डमा गण्डकी प्रदेशको खेलकुद विकासमा योगदान पुऱ्याएका खेलाडी, प्रशिक्षक, खेलकुद संस्था, पत्रकारलाई गरी विभिन्न आठ विधामा अवार्ड वितरण गरिनेछ। एक पिपल्स च्वाइस विधाका विजेतालाई टिभिएस एन्टर्क स्कुटर गुरुङ गहना घरले प्रायोजन गर्ने भएको हो। मञ्चका अध्यक्ष एमबी आस्था र गुरुङ गहनाबाट सीमा गुरुङले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। अवार्डअन्तर्गत लाइफटाइम अचिभमेन्ट अवार्ड विजेताले चाँदीको करुवा पाउनेछन्। वर्ष उत्कृष्ट उदीयमान खेलाडी, प्रशिक्षक, पत्रकार र खेलकुद संघसंस्था वा क्लबले ३५ हजार रुपैयाँ हात पार्नेछन्।

गोल्डेनगेट र आर्मी विजयी



काठमाडौं/ हिमालयन जाभा बास्केटबल लिग २०२६ मा शीर्ष दुई टोली गोल्डेनगेट बास्केटबल क्लब र त्रिभुवन आर्मी क्लबले महत्त्वपूर्ण जित हात पारेका छन्। बिहीबार भएको पहिलो खेलमा गोल्डेनगेटले केभिसी हाउन्ड्सलाई हरायो। दोस्रो खेलमा आर्मीले टाइम्सलाई हराउँदै शीर्ष दुईमा पकड बनाएको छ। दशरथ रंगशाला कभर्डहलमा गोल्डेनगेटले केभिसी हाउन्ड्सलाई ९१-७८ ले पराजित गरेको हो। गोल्डेनगेटले पहिलो क्वार्टर २६-२२ को अग्रता बनाउँदा दोस्रो क्वार्टरमा दुवैले २०-२० अंक जोडेका थिए।

तेस्रो क्वार्टरमा पनि गोल्डेनगेटले २७-१९ को अग्रता लियो। चौथो क्वार्टर गोल्डेनगेटले १८-१७ ले आफ्नो पक्षमा पारेको थियो। गोल्डेनगेटको १२ खेलमा यो ११औँ जित हो। गोल्डेनगेट २३ अंकसहित शीर्ष स्थानमा यथावत् छ। हाउन्ड्सको यो चोथो हार हो। दोस्रो खेलमा आर्मीले टाइम्सलाई ९७-८५ ले हरायो। आर्मीको पनि यो ११औँ जित हो। १३ खेलबाट २३ अंक जोडे पनि अंकअन्तरमा आर्मी पछि रहँदै दोस्रोमा छ।

बंगलादेशले भारतको सामना गर्ने



काठमाडौं/ माल्दिभ्समा चलिरहेको यू-२० साफ फुटबल च्याम्पियनसिप उपाधि भिडन्तमा बंगलादेशले भारतको सामना गर्ने भएको छ। बिहीबार भएको दोस्रो सेमिफाइनलमा भारतले भुटानमाथि ५-० को फराकिलो जित निकाली अन्तिम दुईमा स्थान सुरक्षित गर्दै बंगलादेशसँगको भेट पक्का गरेको हो।

उपाधि भिडन्त शुक्रबार हुनेछ। यसअघि पहिलो सेमिफाइनलमा बंगलादेशले नेपाललाई १-० ले हराउँदै लगातार फाइनल स्थान सुरक्षित गरेको थियो। दोस्रो सेमिफाइनलमा भुटानले कुनै पनि समयमा भारतलाई चुनौती प्रस्तुत गर्न सकेन। पहिलो हाफमा भुटानले भारतलाई २-० मा रोकेको थियो। तर, मध्यान्तरपछि भारतले खेल रणनीति परिवर्तन गर्दा भुटानको डिफेन्स कमजोर देखियो। जसको फाइदा लिँदै भारतले भुटानको पोस्टमा थप तीन गोल थप्यो। प्रतियोगितामा नेपाल समूह 'ए'को विजेताका रूपमा अन्तिम चारमा प्रवेश गरेको थियो।

नेपालले आफ्नो समूहमा भुटान र श्रीलंकामाथि जित निकालेको थियो। आयोजक माल्दिभ्ससँग नेपालले १-१ को बराबरी नतिजा निकालेको थियो। नेपालले यू-२० साफ च्याम्पियनसिप दुईपटक जितेको छ। सन् २०१५ र २०१७ को संस्करणमा नेपाल विजेता बनेको थियो।

■ इन्डियन प्रिमियर लिग

हैदराबादसँग कोलकाता ६५ रनले पराजित

एजेन्सी

कोलकाता नाइट राइडर्सले १९औँ इन्डियन प्रिमियर लिग (आइपिएल)मा लगातार दोस्रो खेलमा पराजित भएको छ। घरेलु मैदान इडेन गार्डेनमा कोलकाता बिहीबार सनराइजर्स हैदराबादसँग ६५ रनले पराजित भएको हो। हैदराबादले दुई खेलमा समान एक जित र हारको सामना गरेको छ। दुई खेल गुमाएको कोलकाता अंकविहीन छ। पहिलो ब्याटिङ गरेको हैदराबादले २० ओभरमा आठ विकेट गुमाएर २२६ रनको मजबुत योगफल खडा गऱ्यो।

लक्ष्य पछ्याएको इनिङ्समा कोलकातालाई प्रतिओभर ११.३० रन बनाउनुपर्ने थियो। ओपनर फिन एलनले पहिलो ओभरमै २५ रन बटुलेका थिए। इनिङ्सको १.३ ओभरमा फिनले आफ्नो विकेट गुमाए। उनले केवल सात बल खेलेर दुई छक्का र चार चौकाको सहयोगमा २८ रनको योगदान दिए। कोलकाताले ५.६ ओभरमा तीन विकेट गुमाएको थियो। रघुवंशी र रिंकु सिंहले चौथो विकेटका लागि ३० बलमा ४६ रनको साझेदारी गर्दै टोलीलाई १०.६ ओभरमा १२०/४ को स्थितिमा राखे।

रघुवंशीले २९ बलको सामना गरी ५२ रन बनाए। उनले ६ चौका र दुई छक्का प्रहार गरे। रिंकुले १३.४ ओभरमा नीतीशकुमारलाई विकेट दिन पुगे। रिंकुले २५ बलमा चार चौका र एक छक्का प्रहार गरी ३५ रनको योगदान दिए। हैदरावादका जयदेवले तीन ओभरमा २१ रन खर्चेर तीन विकेट लिएका थिए। नीतीशकुमारले १७ रनमा दुई तथा ईशान मलिंगाले १४ रनमा दुई विकेट हात पारे।

हैदराबादको विशाल योगफल

कोलकाताको इडेन गार्डेन रंगशालामा पहिलो ब्याटिङ गरेको सनराइजर्स हैदराबादले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेको थियो। हैदराबादले ओपनिङमा बलियो साथ पाएको थियो। टेबिस हेड र अभिषेक शर्माले पहिलो विकेटका लागि ५.४ ओभरमा आक्रामक ब्याटिङ गरी ८२ रन जोडेका थिए। क्रिजमा सेट भएका ओपनर टेबिसले ग्रिनबाट क्याच आउट हुनुअघि २१ बलमा ४६ रनको योगदान दिएका थिए। उनले ६ चौका र तीन छक्का प्रहार गरेका थिए। उनीहरूले पहिलो विकेटका लागि केवल ३४ बल सामना गरेका थिए।

अभिषेकले आफ्नो विकेट ८.२ ओभरमा गुमाए। उनले २१ बलमा समान चार चौका र छक्का प्रहार गरी ४८ रनको योगदान दिए। अर्धशतकीय इनिङ्स खेल्न उनी २ रनले चुके। नीतीशकुमार रेड्डी र हेन्रिक क्लासेनले चौथो विकेटका लागि ८२ रनको साझेदारी गर्दै टोलीलाई १८.१ ओभरमा २००/५ को बलियो स्थितिमा राखे। नीतीशकुमारले २४ बल सामना गरी चार चौका र एक छक्का प्रहार गरी ३९ रन बटुले। हैदराबादले २६ रनको अन्तरमा महत्त्वपूर्ण चार विकेट गुमाएको थियो। इनिङ्सको एक समयमा हैदराबाद १८.१ ओभरमा २००/५ को बलियो स्थितिमा थियो। डेथ ओभरमा ब्लेसिङ मुजावानीले दुई विकेट लिँदै हैदराबादलाई थप रन बनाउन दिएनन्। जसका कारण हैदराबाद २० ओभरमा २२६ रनमा सीमित भयो।

हैदराबादका कप्तान ईशान किसनले नौ बलमा तीन चौका प्रहार गरी १४ रन जोडेका थिए। क्लासेनले ३५ बलमा चार चौका र एक छक्का प्रहार गरी ५२ रनको योगदान दिए। कोलकाताका लागि ब्लेसिङले चार ओभरमा ४१ रन खर्चेर चार विकेट लिए।

वैभव आरोराले ४७ रन खर्चेर दुई विकेट हात पारे। हैदराबादले ४.१ ओभरमा ५०, ७.२ ओभरमा सय तथा १३.२ ओभरमा १५० रन बनाएको थियो। हैदराबादले १७.६ ओभरमा दुई सय रन कटाएको थियो। हैदराबादका लागि क्लासेन र नीतीशकुमारबिच ५३ बलमा ८२ रनको साझेदारी भएको थियो। क्लासेन र दुबेबिच आठ बलमा २२ रनको साझेदारी भयो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com